# भुतखोला सामुदायिक वन उपभोक्ता समूह, तिनाउमा आबद्ध ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्काय अन्तर्गत ग्रामीण विकास विषयको स्नातकोत्तर
तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

**प्रस्तुतकर्ता**
गंगा भण्डारी
क्याम्पस क्रमाङ्क : ८/०७३
परीक्षा क्रमाङ्कः २९८००११
त्रि.वि.दर्ता नं. ६-२-४९-१५६-२००९
कालिका बहुमुखी क्याम्पस
काजीपोखरी, पोखरा

२०७९/२०२३

Tribhuvan University
Phone NO.: 061- 430385
Kalika Multiple Campus
Pokhara Metropolitan City-14, Kajipokhari
Estd: 2048

Ref. No.:

Date: ..............................

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाजशास्त्र/ मानवशास्त्र विभाग अन्तर्गत ग्रामीण विकास विषयको स्नातकोत्तर तह द्वितीय वर्षको छात्रा गंगा भण्डारीले **भुतखोला सामुदायिक वन उपभोक्ता समूह, तिनाउँमा आबद्ध ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव** शीर्षकको शोधपत्र मेरो सल्लाह, सुझाव, सुपरिवेक्षण एवम् मार्ग निर्देशनमा तयार पार्नु भएकोले प्रस्तुत शोधपत्र मुल्याङ्कनका लागि सिफारिस गरेको छु ।

............................

तिलक राज शर्मा

शोध निर्देशक

मिति : ..........................



E-mail: kalikamultiplecampus@gmail.com
Website : www.kmcpokhara.edu.np

Ref. No.: Date: ................................

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र संकाय समाजशास्त्र/ मानवशास्त्र विभाग अन्तर्गत ग्रामीण विकास विषयको स्नातकोत्तर तहका छात्रा गंगा भण्डारीले **भुतखोला सामुदायिक वन उपभोक्ता समूह, तिनाउँमा आबद्ध ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव** नामक शीर्षकमा आधारित शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

| **शोधपत्र मुल्याङ्कन समिति :** | | **नाम** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | तिलक राज शर्मा | **शोधनिर्देशक** | .................... |
| २ | प्रा.डा. विकास कुमार के.सी. | **वाह्य परीक्षक** | .................... |
| ३ | विरञ्जी गौतम | **क्याम्पस प्रमुख** | ..................... |

मिति : ........................



E-mail: kalikamultiplecampus@gmail.com
Website : www.kmcpokhara.edu.np

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत ग्रामीण विकास विषयको स्नातकोत्तर तह दोस्रो वर्षको प्रयोजनका लागि तयार गरिएको छ । प्रस्तुत अध्ययनलाई पुरा गर्न हर तरहले सहयोग गरी शोधपत्रको निर्देशन गर्नुहुने श्री तिलक राज शर्मा, विभाग सम्बन्धी सम्पूर्ण सहयोग, सल्लाह, सुझाव प्रदान गर्नुहुने क्याम्पस प्रमुख विरञ्जी गौतमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका क्रममा स्थलगत अध्ययनमा सामाग्री संकलनमा सहयोग गर्ने कालिका बहुमुखी क्याम्पस पुस्तकालय परिवार, डिभिजन वन कार्यालय, तानसेन र तिनाउँ गाउँपालिका वडा नं. ३ वडा कार्यालयप्रति आभार प्रकट गर्न चाहन्छु । साथै यो अनुसन्धान पुरा गर्ने क्रममा आवश्यक जानकारी, सूचना, सल्लाह र अमुल्य सहयोग गर्नु हुने सम्पूर्णप्रति कृतज्ञ छु ।

यसरी नै व्यवहारिक समस्यासँग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई उच्च शिक्षामा पाइला टेकाइ हौसला र प्रेरणाका साथ विश्वविद्यालय शिक्षासम्म पुऱ्याउन सफल हुनु हुने स्वर्गीय बुवा शेषनारायाण भण्डारी र आमा ज्ञानधरा भण्डारीप्रति हृदयदेखि स्मरण साथै खुसी व्यक्त गर्दछु । त्यसै गरी मेरो सम्पूर्ण कार्यमा विभिन्न तबरबाट हौसला प्रदान गर्नुहुने श्रीमान् यमलाल पोखेल लगायत सम्पूर्ण परिवारजनलाई स्मरण तथा धन्यवाद दिन चाहन्छु । साथसाथै विभिन्न पक्षबाट सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण शुभ चिन्तकहरूलाई हार्दिक आभार प्रकट गर्दै मेरा सहपाठी साथीहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शोध कार्यलाई कम्प्युटर सेटिङ गरी अन्तिम रूप दिने क्वीक कम्प्युटर सर्भिस, पोखरा -१, बगरप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै उचित मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय, कालिका बहुमुखी क्याम्पस, ग्रामीण विकास विभाग समक्ष प्रस्तुत गर्दछु ।

................

गंगा भण्डारी

# विषय सूची


| | | पेज नं. |
|---|---|---|
| *सिफारिस पत्र* | | *क* |
| *स्वीकृति पत्र* | | *ख* |
| *कृतज्ञता ज्ञापन* | | *ग* |
| *विषयसूची* | | *घ* |
| *तालिका सूची* | | *च* |
| *सोधसार* | | *ज* |
| **अध्याय एक : परिचय** | | **१-९** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ७ |
| १.४ | अध्ययनको औचित्य | ७ |
| १.५ | अध्ययनको क्षेत्र र सीमाहरू | ८ |
| १.६ | अध्ययनको संगठन | ९ |
| **अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा** | | **१०-३६** |
| २.१ | वैचारिक समीक्षा | १० |
| २.२ | सैद्धान्तिक समीक्षा | १३ |
| | २.२.१ विकास र सहभागिता सिद्धान्त | २१ |
| | २.२.२ दिगो विकासको अवधारणा | २२ |
| | २.२.३ सहभागितामूलक विकास | २४ |
| | २.२.४ जनकेन्द्रित विकास | २५ |
| २.३ | प्रायोगीक समीक्षा | २७ |
| २.४ | अवधारणात्मक ढाँचा | ३४ |
| २.५ | अध्ययनको भिन्नता | ३५ |
| **अध्याय तीन :अनुसन्धान पद्धति** | | **३७-३९** |
| ३.१ | अध्ययन क्षेत्र छनौटको औचित्य | ३७ |
| ३.२ | अनुसन्धान ढाँचा | ३७ |

३.३ तथ्याङ्कको श्रोत र प्राकृति ३७
३.३.१ प्राथमिक श्रोत ३८
३.३.२ द्धितिय श्रोत ३८
३.४ समग्रता नमुना छनौट विधी ३८
३.५ तथ्याङ्क संकलन पद्धति ३९
३.५.१ प्रश्नावली ३९
३.५.२ अर्न्तवार्ता ३९
३.५.३ स्थलगत अवलोकन ३९
३.६ तथ्याङ्कहरूको प्रशोधन विश्लेषण र प्रस्तुतिकरण ४०
३.७ तथ्याङ्कको वैधानिकता ४०
**अध्याय चार : ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव ४१-६४**
४.१ ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको आर्थिक प्रभाव ४३
४.१.१ अध्ययन क्षेत्रको जातीगत जनसंख्याको विवरण ४४
४.१.२ उत्तरदाताको मुख्य पेशा ४५
४.१.३ उत्तरदातामा भू-स्वामित्वको अवस्था ४५
४.१.४ उत्तरदाताको खाद्यान्न अवस्था ४६
४.१.५ उत्तरदाताले प्रयोग गर्ने इन्धनका श्रोत ४७
४.१.६ ऋण लगानी क्षेत्र ४८
४.१.७ उत्तरदाताले ऋण लिने संस्थाको विवरण ४९
४.१.८ ऋण समयमै भुक्तानी गर्ने सदस्यको स्थिति ५०
४.२ ग्रामीण जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको सामाजिक प्रभाव ५१
४.२.१ पारिवारिक जनसंख्या विवरण ५१
४.२.२ उत्तरदाताको घरको विवरण ५२
४.२.३ उत्तरदाताको शौचालय सम्बन्धी विवरण ५२
४.२.४ धार्मिक आधारमा वर्गीकरण ५३
४.२.५ शैक्षिक आधारमा वर्गीकरण ५३
४.२.६ उत्तरदाताको उमेरगत विवरण ५४

४.२.७ उत्तरदाताको परिवारको स्वरूप ५५
४.२.८ उत्तरदाताको वैवाहिक स्थिति ५६
४.२.९ अध्ययन क्षेत्रको स्वास्थ्य अवस्था ५७
४.२.१० उत्तरदाताको नेतृत्वको अवस्था ५८
४.२.११ उत्तरदाताको अन्य संघ संस्थामा संलग्नताको स्थिति ५८
४.२.१२ उत्तरदाताको बसोबासको अवस्था ५९
४.३ सामुदायिक वनको हस्तान्तरण पश्चात् सुधार ५९
४.३.१ सामुदायिक वनका विभिन्न क्रियाकलापहरूको निर्णय प्रक्रियामा सहभागिता ६०
४.३.२ सामुदायिक वन सम्बन्धी तालिम, गोष्ठी, अध्ययन भ्रमणमा सहभागिता ६०
४.४ भुतखोला सामुदायिक वनले गरेका क्रियाकलापहरूले स्थानीय जीवनस्तरमा पारेको प्रभाव ६२
**अध्याय पाँच : सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव ६५-६९**
५.१ सारांश ६५
५.२ मुख्य प्राप्ति ६६
५.३ निष्कर्ष ६७
५.४ सुझाव ६९
***सन्दर्भ सामग्री***
***प्रश्नावली***

# तालिका सूची


| तालिका नं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | उत्तरदाताको जातीगत जनसंख्या विवरण | ४४ |
| २ | उत्तरदाताको पेशागत विवरण | ४५ |
| ३ | उपभोक्ताहरूको भू-स्वामित्वको अवस्था | ४६ |
| ४ | उपभोक्ताहरूको खाद्यान्नको अवस्था | ४७ |
| ५ | अध्ययन क्षेत्रमा इन्धन श्रोतको तालिका | ४८ |
| ६ | उपभोक्ता समूहबाट ऋण लिए/नलिएको विवरण | ४९ |
| ७ | उत्तरदाताले ऋण लिने संस्थाको विवरण | ४९ |
| ८ | ऋण समयमै भुक्तानी गर्ने सदस्यको स्थिति | ५० |
| ९ | उपभोक्ताहरूको पारिवारिक जनसंख्या विवरण | ५१ |
| १० | उत्तरदाताको घरको किसिम | ५२ |
| ११ | शौचालय सम्बन्धी विवरण | ५२ |
| १२ | उत्तरदाताको धार्मिक अवस्था | ५३ |
| १३ | उपभोक्ताहरूको शैक्षिक स्थितिको आधारमा वर्गीकरण | ५४ |
| १४ | उत्तरदाताको उमेरगत विवरण | ५५ |
| १५ | उत्तरदाताको परिवारको स्वरूप | ५५ |
| १६ | उत्तरदाताको वैवाहिक स्थिति | ५६ |
| १७ | स्वास्थ्य परिक्षण सम्बन्धी विवरण | ५७ |
| १८ | उत्तरदाताको नेतृत्वको अवस्था | ५८ |
| १९ | उत्तरदाताको अन्य संघ संस्थामा संलग्नताको स्थिति | ५८ |
| २० | उत्तरदाताको बसोबासको अवस्था | ५९ |

# शोधसार

प्रस्तुत शोधपत्रको शीर्षक *भुतखोला सामुदायिक वन उपभोक्ता समूह, तिनाउँमा आबद्ध ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव* रहेको छ । यस शोधपत्रको मुख्य उद्देश्य ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको सामाजिक तथा आर्थिक प्रभावको खोजी गर्नु रहेको छ । यो अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि वर्णनात्मक र संख्यात्मक गरी मिश्रीत अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन भूतखोला सामुदायिक वन तिनाउँ गाउँपालिका वडा नं. ३ पाल्पा स्थित रहेको साल मिश्रीत वन हो, भने यस सामुदायिक वनको उपभोक्ता समूहमा जम्मा ५२ घर उपभोक्ताहरूबाट सम्भावना रहित नमूना छनौट विधिको प्रयोग गरी ३५ जना उपभोक्ताहरूमा ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभावहरूको मात्र अध्ययन गर्नु यस अध्ययनलाई सीमित गरिएको छ ।

भूतखोला सामुदायिक वनले गरेका उत्कृष्ट क्रियाकलापहरूमा वन, वातावरण र जैविक विविधता संरक्षण, चोरी निकासी र चोरी शिकारी नियन्त्रणमा अग्रसरता, स्थानीय सीप दुना, टपरी उद्योग सञ्चालन, पर्यापर्यटन प्रवर्द्धन, गरिबी न्यूनिकरणको लागि घुम्तीकोष तथा ऋण प्रवाह, खुद्रा व्यापार सञ्चालनमा सहयोग, उपभोक्ता भित्र सुलभ मूल्यमा काठ, दाउरा वितरण, भूतखोला झरना संरक्षण र व्यवस्थापनबाट राजेगारी सिर्जना, सिद्धबाबा मन्दिरको व्यवस्थपनमा अग्रसरता, मन्दिरका विभिन्न क्रियाकलाप मार्फत रोजगारी सिर्जना गरी आर्थिक प्रभाव पारेको पाइयो ।

सिद्धबाबा धार्मिक वनको संरक्षण र व्यवस्थापनमा अग्रसरता, महिलाको चेतना स्तरमा वृद्धि गर्न सहयोग, तिनाउ नदीको संरक्षण, तिनाउ नदीमा जलचर संरक्षण, तिनाउ सामुदायिक वन समन्वय समितिमा आवद्ध भई तिनाउ गाउँपालिका भरका सामुदायिक वनहरूलाई वनजंगल संरक्षणको लागि सहजीकरण, तिनाउ नदीमा माछा मार्न प्रतिबन्ध, ड्यामसाईड जस्ता पर्यटकीय स्थलको संरक्षण, रामापिथेकशको वङ्गारा फेलापरेको ऐतिहासिक स्थलको संरक्षण, राजमार्ग सरसफाई, वनजंगलमा आगलागी नियन्त्रणमा अग्रसरता र महिला सशक्तिकरणमा विभिन्न क्रियाकलापहरू लगायत चुनुमाया स्मृति पार्कको व्यवस्थापन गरी सामाजिक तथा धार्मिक रूपान्तरणमा अग्रसरता रहेको देखियो ।

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वन जंगलले वातावरणीय सन्तुलनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मौसमलाई स्थिर राख्न होस् वा भूमीमा उत्पादकत्व बढाउन होस, भू-क्षयीकरणको क्रमलाई न्यून पार्न होस् वा नदीका मुहानहरूलाई सुक्नबाट बचाउन वनजंगलको भूमिका महत्वपूर्ण हुन्छ । सम्पूर्ण वन्यजन्तु एवम् जैविक स्रोतहरूलाई आश्रयस्थल वनजंगल नै हो । प्राणी जगतका लागि आवश्यक पर्ने हावा वनजंगलबाटै प्राप्त हुन्छ । यसका अतिरिक्त राज्यका लागि राजश्व, उद्योगका लागि कच्चा पदार्थ, ग्रामीण कृषक वर्गका लागि इन्धन, घाँस, दाउरा, चरन आदि वनजंगलबाटै प्राप्त हुन्छ । तर वनजंगल जस्तो प्राकृतिक सम्पदाको व्यवस्थापनको प्रश्न हामी कहाँ ज्यादै पेचिलो बन्ने गरेको छ । खास गरेर राष्ट्रिय अधिकारको प्रयोग सरकारले आफूखुसी गर्न पाउने या नपाउने, स्थानीय जनसमुदायको हित र स्वार्थको स्थिति के हुने, सरकारबाट राष्ट्र र जनताको हित विपरित निर्णय भएमा न्यायिक उपचारको मार्ग अवलम्बन गर्न पाइने वा नपाइने र यस्ता विवादहरू देखापरेमा अदालतको भूमिका कस्तो हुने भन्ने जस्तो प्रश्न बेला बेलामा खडा हुने गर्छन् । स्थानीय सामुदायिक वन व्यवस्थापनको लागि कस्तो अवधारणा अवलम्बन गर्ने भन्ने कुरा चुनौतीको रूपमा रहेको छ । परम्परागत वन व्यवस्थापन अवधारणाले सामुदयिक वनमा आश्रित उपभोक्ताहरूको न्यूनतम आवश्यकता पुरा गर्न नसकेको अवस्थामा दिगो विकासको अवधारणामा रही प्राकृतिक स्रोत मध्येको महत्वपूर्ण स्रोत वन व्यवस्थापन कार्यबाट कसरी सामुदायिक वनमा आश्रित रहेका उपभोक्ताहरूको सामाजिक विकास र आर्थिक जिविकोपार्जन कार्यमा प्रभाव परेको छ भन्ने कुरा बुझ्नु विचारणीय पक्ष रहेको छ (वन सर्वेक्षण, अध्ययन प्रतिवेदन, सन् २०१४) ।

नेपालमा बढ्दो जनसंख्या तथा वन विनाशको खतरापूर्ण स्थितिले संकेत गरेको चर्चा विगत तीन दशक अगाडिबाट नै शुरू भएको हो । वास्तवमा नेपालमा आधाभन्दा बढी जनता

पहाडी भेगका कमजोर जलाधार क्षेत्रमा बस्छन् । खेतीपातीका लागि उपयुक्त जमिन र सुविधाहरूको अभावका बावजुद पनि उनीहरूको मुख्य पेशा कृषि नै हो । बढ्दो जनसंख्याका लागि ठूलो मात्रामा वन विनाश भई भू-क्षय हुन सक्ने, सीमान्त जमिन खेती र चरनका लागि प्रयोग गर्ने प्रचलन रही आएको छ । नेपालको ग्रामीण समुदायको जीविकोपार्जनका लागि वन एउटा अभिन्न स्रोत हो । इन्धनका रूपमा दाउरा आपूर्तिका लागी मात्र नभएर पशुका लागि घाँसपात, निर्माण सामाग्री काठका लागि वन एउटा मात्र उपाय हो । यहाँको निर्वाहमुखी कृषि प्रणाली अन्तर्गत बाली उत्पादन, जमिनको विस्तार, पशुपालन आदि वन स्रोत तथा वन क्षेत्रमा नै आधारित छ । ९० प्रतिशत उर्जाको आवश्यकता दाउराबाट प्राप्त हुन्छ । रुखका पात, वनका घाँस वा अन्य झारपात नै पशुपालनका लागी आहारको स्रोत हो । वनबाट प्राप्त हुने घाँसपात कै भरमा रहेको पशुपालन बाली उत्पादनको मुख्य आधार हो (वन विभाग २०४९, वन ऐन २०७६) ।

यसरी नेपालमा एकातिर बहुसंख्यक ग्रामीण कृषिमा आश्रित समुदायले इन्धन, घाँसपात देखि कृषि औजार आदिका लागि वन्य उत्पादनमा पूर्ण रूपले भर पर्नुपर्छ भने अर्कोतिर वन विनाशको दर तीव्र रहेको देखिन्छ । सन् १९६४ को ६४ लाख हेक्टर वनक्षेत्र सन् १९८५ मा ५५ लाख हेक्टर र सन् १९९४ मा ४२ हेक्टर पुगेको देखिन्छ । बढ्दो जनसंख्याको वृद्धिका कारण वन्यस्रोतमा परेको चाप र कृषि क्षेत्रको बिस्तार प्रमुख कारणका रूपमा चित्रण गरिन्छ । वास्तवमा वन विनाशका लागि विगतका गलत सरकारी नीति र प्रयासहरू नै धेरै हदसम्म जिम्मेवार मानिन्छ । नेपालमा वन क्षेत्रको विनासका प्रमुख कारणहरूमा वि.सं. २०११ नेपालको पहाडी क्षेत्रमा भिषण बाढी र पहिरो गएको, वि.सं. २०१२/१३ राप्ती दुन विकास कार्यक्रम अन्तर्गत जंगल क्षेत्र आवाद गर्न वितरण गरिएको, वि.सं. २०१३ मा निजी वन राष्ट्रियकरण हुँदा परेको नकारात्मक प्रभावले बिर्ता जग्गामा भएको वनजंगल फडानी गरी आबादी जग्गाका रूपमा देखाउने क्रम बढेको, वि.सं. २०१३/१४ झापा, सर्लाहीको सागरनाथ र गौशाला तथा रूपन्देहीका धेरै भागमा वन फडानी भई बस्ती बसालिएको, बर्मा र आसामबाट खेदिएका नेपालीलाई मोरङ र झापाको बुधबारेमा वन फडानी गरी बसाइएको, सुकुम्बासी, भूतपूर्व सैनिक, राजनीति पीडित, बाढी पीडितका नाउँमा झापा, मोरङ, सुनसरीको चकरघट्टी, सर्लाहीको मुर्तिया, महोत्तरी, चितवन र रूपन्देहीको धेरै ठाउँमा वन फडानी भई आबाद गरिएको, वि.सं. २०२१ पुनर्वास कम्पनीको स्थापना भएको, वि.सं. २०२७ झोडा ऐनले झापा, मोरङ र सुनसरीका विभिन्न ठाउँमा जंगल आबादी बदल्न

सहयोग पुऱ्याएको, वि.सं. २०३१/३२ सालमा कञ्चनपुरमा शुक्लाफाँट तथा मुगु जिल्लामा रारा र सुनसरी जिल्लाको कोशी टप्पुमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको स्थापना गराउन निकुञ्ज र आरक्ष भित्रका जनतालाई प्रतिस्थापन गर्दा जग्गा सट्टापट्टा दिँदा वन फडानी भएको, वि.सं. २०३६ राजनैतिक अस्थिरता र फाइदाको लागि जनमत संग्रहको समयमा तराइको वनको अत्यधिक फडानी भएको । त्यतिबेला भारतमा नेपालको सिमाना नजिक प्रशस्त काठ मिल स्थापना भए र वन फडानीबाट तराइको चारकोसे झाडी नराम्ररी टुक्रिन पुगेको थियो, वि.सं. २०४६ राजनैतिक अस्थिरताले गर्दा यस बेलाको आन्दोलन पछि बनेको सरकारले वन फडानी रोक्न विशेष पहल गर्ने भनी सार्वजनिक रूपमा उद्घोषण गरेको थियो (वन विभाग, २०४९, वन ऐन २०७६) ।

यसरी सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट ग्रामीण समुदायका विपन्न वर्गको जिविकोपार्जनमा सामुदायिक वन विकास कार्यक्रम सहयोगी बन्नुका साथै उपभोक्ता समूहको कार्य समितिमा कम्तिमा ५० प्रतिशत महिलाको अनिवार्य सहभागीता, मुख्य पद अध्यक्ष र सचिवमा एक जना महिला अनिवार्यता, खाता संचालनमा महिलाको अनिवार्य सहभागिता, सामुदायिक वनको वार्षिक आम्दानीको कम्तिमा ३५ प्रतिशत रकम गरीबी न्यूनिकरण कार्यमा अनिवार्य खर्च गर्नुपर्ने (सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५) जस्ता प्रावधानहरूको नीतिगत रूपमै सुनिश्चितता गरिएपछि ग्रामीण समुदायमा रही वनजन्य प्राकृतिक स्रोतमा आश्रीत भई जिविकोपार्जन गर्ने लक्षित वर्गका उपभोक्ताहरूको जीवनस्तर सुधारमा प्रत्यक्ष प्रभाव पार्नुका साथै सामाजिक विकास गरीबी न्यूनिकरणमा समेत टेवा पुग्दै गईरहेको सन्दर्भमा वास्तविक रूपमा यसको असर तथा प्रभावको अध्ययनको लागि तिनाउ गाउँपालिका वडा नं. ३ पाल्पा स्थित भूतखोला सामुदायिक वन उपभोक्ता समूहलाई अध्ययनको निम्ती छनौट गरिएको छ ।

भूतखोला सामुदायिक वन तिनाउ गाउँपालिका वडा नं. ३ पाल्पा स्थित सिद्धार्थ राजमार्गसँग जोडिएर रहेको छ । कुल ८४.८७ हेक्टर क्षेत्रफलमा फैलिएको यो वन प्रजातिगत हिसाबले साल मिश्रीत वन हो, भने यस सामुदायिक वन उपभोक्ता समूहमा दलित ७ जनजाती २३ र अन्य जात २२ गरी जम्मा ५२ घरधुरीका जनसंख्या लाभान्वित रहेका छन् । वि.सं. २०५४ सालमा विधान दर्ता भई २०५५।१०।२८ मा डिभिजन वन कार्यालय पाल्पाबाट विधिवत रूपमा यो सामुदायिक वन हस्तान्तरण भएको देखिन्छ । (डिभिजन वन कार्यालय पाल्पा) ।

उल्लिखित नीतिगत एवम् कानूनी व्यवस्था अनुरूप सामुदायिक वन विकास कार्यक्रमले ग्रामीण लक्षित वर्गका मानिसहरूको गरीबी न्यूनिकरणमा टेवा पुऱ्याउनुका साथै संघीय संरचनामा प्राकृतिक स्रोत र साधनको उचित व्यवस्थापन गर्दै समृद्धि हासिल गर्ने दिशामा भइरहेका प्रयासहरूको सान्दर्भिकता ग्रामीण उपभोक्ताहरूको वर्तमान जीवनस्तरको विश्लेषण साथै प्राकृतिक स्रोत व्यवस्थापनमा ग्रामीण समुदायको पहुँचको स्थिती विश्लेषण गर्दै स्थानीय तह, प्रदेश र संघीय स्तरमा हुने नीति निर्माण तहमा सो को वास्तविक अवस्था उजागर गर्दै प्राकृतिक स्रोत र ग्रामीण समुदायको सहसम्बन्ध स्थापित गर्नको लागि यो अध्ययनले सहयोग गर्ने अपेक्षा लिइएको छ ।

वन विभागमा प्राप्त पछिल्लो विवरण अनुसार नेपालमा २२ हजार २ सय ६६ सामुदायिक वन स्थापना गरी २२ लाख ३७ हजार ६ सय ७० हेक्टर राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको छ । करिब २९ लाख परिवार सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध छन् । समूहलाई हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल नेपालको कुल राष्ट्रिय वनको ४१ प्रतिशत हुन आउँछ । सामुदायिक वन हस्तान्तरण कार्य जारी छ र भविष्यमा यो क्षेत्रफल अझ बढ्नेछ । स्थानीय स्वचालित संयन्त्रका रूपमा परिचालित हुँदै उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन त गरेका छन् नै वनबाट प्राप्त स्रोत र आफ्नै मानवीय तथा संस्थागत स्रोत परिचालन गरी एकीकृत स्थानीय विकासमा उल्लेख्य टेवा पुऱ्याएका छन् । सामुदायिक वन विकासका प्रक्रियागत तथा संरचनागत व्यवस्था लगायत वन व्यवस्थापनबाट प्राप्त आयले स्थानीय सामाजिक, आर्थिक परिवर्तनका लागि बिउ पुँजीको काम गरेको छ । स्थानीय स्तरमा आफ्ना समस्या आफैँ पहिचान गर्ने र निर्धारित विधिभित्र रहेर समाधान गर्ने क्षमता तथा संस्कार, कामप्रतिको समर्पण र तत्परताको विकास गरेको छ । प्राप्त परिणामका आधारमा नेपालको सामुदायिक वनले स्थानीय तथा राष्ट्रिय स्तरमा सरोकारवालाबाट साथ-सहयोग, पहिचान तथा ख्याति आर्जन गर्न सफल भएको छ (सामुदायिक वन बुलेटिन/अंक १८, २०७४/७५)।

## १.२ समस्याको कथन

सन् १९६४ मा नेपालको कुल भू-भागको ४५ प्रतिशत भाग वन क्षेत्रले ढाकेको थियो । हाल आएर यो प्रतिशत घटेर २९ प्रतिशतमा झरेको देखिन्छ । विगत केही अगाडी सम्म 'हरियो वन नेपालको धन' भन्ने उक्ति अब इतिहास हुन पुगेको देखिन्छ । वन जङ्गलको घट्दो

अवस्थाको कारण देशको सामाजिक आर्थिक क्षेत्रमा नराम्रो असर पर्न गएको देखिन्छ । वनजङ्गलबाट पिउनेपानी देखि लिएर बालीनालीमा सिँचाई गर्ने पानीको स्रोत पनि रहेको हुन्छ । जति जति वन जंगलको विनाश हुन्छ त्यति-त्यति खानेपानी र सिँचाई मुहान सुक्दै जान्छन् जसले गर्दा मानवीय उपयोगका वस्तुहरूमा प्रत्यक्ष रूपले नकारात्मक असर पर्न गई प्राणी वर्गमा ठूलो विपत्ति आईपर्ने सम्भावना देखिन्छ । नेपाली जनताले ७५.२ प्रतिशत इन्धनको रूपमा दाउराको प्रयोग गर्दै आएका छन् (आर्थिक सर्वेक्षण, सन् १९९८/०९९) भने  अर्थ मन्त्रालय घाँसपातका लागि ३५ प्रतिशत कम हैसियत भएका वन जङ्गलमा नै भर परेका छन् । वन जंगलले विभिन्न प्रकारका वातावरणीय असरबाट जमिनलाई बचाउने, स्थानीय उपभोग्य वस्तुहरू उत्पादन गर्ने र औद्योगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने वस्तुहरूको उत्पादन गरिरहेको हुन्छ । वनजंगलको अभावमा सामाजमा विभिन्न सरुवा रोगहरू, खडेरी, अनिकाल, भू-क्षय, बाढी, पहिरो जस्ता विपत्तिले सताउने गर्दछन् । त्यसकारण वन त्यस्तो वस्तु हो जसले वातावरणलाई सन्तुलित गरेर मानवीय जीवनलाई सुगमता प्रदान गर्ने गर्दछ (आर्थिक सर्वेक्षण, सन् १९९८/०९९) ।

वि.सं. २०१३ को वन राष्ट्रियकरण अभियानले स्थानीय तवरमा गरिने वन व्यवस्थालाई खारेज गरेको थियो । वि. सं. २०१३ देखि २०४६ सम्म आइपुग्दा नेपालको वन सम्बन्धी कानुनी संरचना केवल अनुभवलाई संगाल्ने खालको मात्र देखिन्छ । फेरी २०४६ पछि आएको सामुदायिक वन व्यवस्थापनका प्रणालीको सट्टामा पुनः साझेदारी वन व्यवस्थापन प्रणाली सरकारले अघि सारी सकेको हुँदा सामुदायिक वन व्यवस्थापन प्रणाली पनि सफल र लोकप्रिय हुँदाहुदै कतै हराउन सक्ने हो कि भन्ने संभावना पनि छ । सामुदायिक वन व्यवस्थापन प्रणालीमा स्थानीय समुदायहरू निःशुल्क रूपमा वन संरक्षणमा संलग्न हुन्छन् । वन स्रोतको व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको सहभागिता, पहुँच र नियन्त्रण नै सामुदायिक वनको सफलता तथा लोकप्रियताका मुख्य आधार हुन् तर सामुदायिक वनको सफलतासँगै केही समस्या तथा चुनौती पनि देखिएका छन् । समूहमाथि सीमित व्यक्तिहरूको नियन्त्रण रहनु, महिला, दलित र विपन्न वर्गको संलग्नता र सहभागिता कम हुनु, लाभांश र वन स्रोतको वितरणमा भेदभाव हुनु, निर्णय प्रक्रियामा सबैको चाहना र आकांक्षा प्रतिविम्बित हुन नसक्नु, वन व्यवस्थापनका निर्णयहरूमा बाहिरियाहरूको प्रभाव बढदै जानु, दैनिक जीवनयापनमा प्रत्यक्ष सहयोग पुर्‍याउने उद्देश्य विपरित काठ व्यापारको सीमित सोचबाट प्रेरित हुनु जस्ता केही नकारात्मक पक्ष पनि देखिएका छन् । पछिल्ला

दिनहरूमा दिगो विकासको अवधारणामा रही वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनामा आधारित वन व्यवस्थापन कार्यबाट समाजका सामाजिक, आर्थिक र वातावरणीय पक्षहरूमा परेको प्रभावलाई वन उपभोक्ताहरूले कसरी लिइरहेका छन् भन्ने प्रश्नको समाधान गर्न यस अध्ययन प्रयत्नरत छ ।

वर्तमान पन्ध्रौ योजना २०७६-२०८१ मा सामुदायिक वनलाई सुधारको लागि सामुदायिक तथा गैरसरकारी संस्था विकास कार्यक्रममा व्यावसायिक, जवाफदेही र पारदर्शी सामुदायिक तथा गैरसरकारी संघसंस्था विकास गर्ने सोच तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई मर्यादित, पारदर्शी र व्यवस्थित रूपमा परिचालन गर्दै सामाजिक तथा आर्थिक विकास गर्ने लक्ष्य एवम् राष्ट्रिय प्रथामिकताको क्षेत्रमा संघसंस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राकृतिक रूपबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै मुलुकको सामाजिक तथा आर्थिक विकास गर्ने उद्देश्य राखिएको छ।

सहभागीतामूलक वन व्यवस्थापन पद्धतिबाट वनजन्य प्राकृतिक स्रोत तथा सम्पदाहरूको उचित व्यवस्थापन गर्दै प्रकृतिक स्रोतको निकटमा रही वनस्रोतमा आश्रीत ग्रामीण उपभोक्ताहरूको शसक्तिकरण, जिविकोपार्जनमा सुधार, सुशासन एवम् वन स्रोतको न्यायोचित वितरणको क्षेत्रमा तर्जुमा भएका विभिन्न कानूनहरू एवम् नीतिगत व्यवस्थाहरू गरिएता पनि देश संघीय संरचनामा प्रवेश गरिसकेको सन्दर्भमा प्राकृतिक स्रोत व्यवस्थापनमा उत्पन्न अन्यौलग्रस्त परिस्थितीको साथसाथै ग्रामीण समुदायको जनचेतना र सशक्तीकरणमा आशातित सफलता भने हासिल हुन सकेको पाइदैन । प्राकृतिक स्रोत र साधनमा उनीहरूको अपनत्व सुनिश्चित गर्दै वनजन्य स्रोतको दिगो व्यवस्थापनको लागि स्थानीय उपभोक्ताहरूको क्षमता वृद्वि गर्नु र स्रोतको माध्यमबाट समुदायमा समृद्धि हासिल गर्नको लागि निम्न प्रश्नहरूलाई अगाडि बढाइएको छ :

- ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले परेको सामाजिक प्रभाव कस्तो छ ?
- ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले के कस्तो आर्थिक प्रभाव पारेको छ ?

उल्लिखित समस्या, प्रश्न तथा पृष्ठभूमिमा प्रस्तुत शोधपत्रको विषय “भुतखोला सामुदायिक वन उपभोक्ता समूह, तिनाउँमा आबद्ध ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव” रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य

अनुसन्धानमा छनौट गरिएका प्रत्येक शीर्षकहरूको एउटा सामान्य एवम् विशिष्ट उद्देश्य रहेको हुन्छ । यस ‘भूतखोला सामुदियक वनले ग्रामीण समुदायको जीवनस्तर सुधारमा पारेको प्रभावको खोजी गर्नु यस अध्ययनको विशिष्ट उद्देश्य हो भने सहायक उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको सामाजिक प्रभावको खोजी गर्नु ।
- ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको आर्थिक प्रभावको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

नेपालमा सामुदायिक वन विकास कार्यक्रमले लगभग तीन दशक पार गरिसकेको छ । यसै सन्दर्भमा पाल्पा जिल्लामा पनि ७०२ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई वन हस्तान्तरण गरी सकिएको छ । (डिभिजन वन कार्यालय पाल्पा, २०७६) वनस्रोतको संरक्षण र व्यवस्थापनको सन्दर्भमा सहभागीतामूलक प्रक्रियाबाट वनजंगल संरक्षण र व्यवस्थापन पश्चात् राष्ट्रिय स्तरमै ३९.६ प्रतिशतबाट वनक्षेत्र वृद्धि भई ४४.७४ प्रतिशत पुगेको छ । ( वन अनुसन्धान तथा सर्भेक्षण विभाग, २०१५), यसरी ग्रामीण समुदायबाट वनजंगल जस्तो संवेदनशील प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्ने कार्य विश्वमै नमुना कार्यक्रमको रूपमा चिनिएको छ । ‘वन जैविक विविधता र जलाधार क्षेत्रको दीगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने’ (वन नीति,२०७१) दुरदृष्टि राज्यले तय गरेको सन्दर्भमा लक्षित वर्गको बाहुल्य, चुरे क्षेत्रमा पर्ने, सिद्धार्थ लोकमार्ग नजिकमा रहेको भूतखोला सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट सहभागीतामूलक सामुदायिक वन व्यवस्थापन पद्धतिबाट ग्रामीण जीवनस्तरमा परेको प्रभावको अध्ययन गर्नुका साथै यसबाट

ग्रामीण समुदायको सशक्तिकरण, महिला सहभागिता, रोजगारी, आय आर्जन साथै वनक्षेत्रको दिगो व्यवस्थापनको क्षेत्रमा परिरहेको प्रभावको अध्ययन गरिएको छ । प्रस्तुत विषयवस्तुहरू समेतको विवेचनात्मक अध्ययन गरी यस अध्ययनमा सरकारी नीति तथा कार्यक्रमको बिचमा के कस्ता तादम्यता छन् ? ग्रामीण समुदायबाट गरिएका वन व्यवस्थापनका सवल पक्षहरू के-के छन् ? नीति तथा कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू के-के छन् ? समुदायको जीवनस्तर सुधारमा सामुदायिक वन कार्यक्रम सफल छ या स्थानीय समुदायको चाहना र हित विपरीत छ ? भन्ने जस्ता कुराहरूमा हालसम्म भएका अध्ययन अनुसन्धानले वास्तविकता पहिल्याउन नसकेको सन्दर्भमा असर र प्रभावको वास्तविकता पत्ता लगाउनु यस अध्ययनको प्रमुख औचित्य रहेको छ ।

## १.५ अध्ययनको क्षेत्र र सीमाहरू

ग्रामीण समुदायको जीवनस्तर सुधारको लागि सामुदायिक वनको माध्यमबाट वन विकास एवम् समूहमा आबद्ध उपभोक्ताहरूको सशक्तिकरण, विपन्न वर्गको जिवीकोपार्जन, महिला, दलित, जनजाती लगायत लक्षित वर्गहरूको समावेशीकरण, वन पैदावारको न्यायोचित र समतामूलक वितरणको लागि विभिन्न सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू छुट्टाछुट्टै रूपमा संचालन गरिएको देखिन्छ । यस भूतखोला सामुदायिक वन उपभोक्ता समूहमा समेत नेपाल सरकार, प्रदेश सरकार, डिभिजन वन कार्यालय पाल्पा, तिनाउ गाउँपालिका, तिनाउ सामुदायिक वन समन्वय समिति लगायतका सरोकारवालाहरू प्रत्यक्ष रूपमा संलग्न रहेका छन् । लैङ्गिक तथा लक्षीत वर्ग सशक्तिकरण, जलवायु परिवर्तन अनुकुलन तेस्रो पुस्ताका सवालहरू जस्ता विषय भएकोले अन्य सरकारी निकायहरू पनि प्रत्यक्ष एवम् परोक्ष रूपमा संलग्न भएको देखिन्छ । तसर्थ ग्रामीण सामुदायमा सामुदायिक वनको प्रभावको क्षेत्रमा अध्ययन गर्नुपर्दा यसको क्षेत्र व्यापक देखिन्छ ।

सीमित स्रोत साधन र समयका कारणले गर्दा यस अध्ययनमा उल्लिखित सबै पक्षहरूलाई समेट्न व्यवहारिक वा सम्भव हुँदैन । तोकेको स्तरीय आकार, समय र सीमालाई समेत यहाँ विचार गरिएको छ । अतः यस अध्ययनलाई सामुदायिक वन उपभोक्ता समूहको जीवनस्तर सुधारको लागि उपभोक्ता समूह स्थानीय सरकार, प्रदेश सरकार एवम् संघीय सरकार तथा त्यस अन्तर्गतका निकायहरूबाट सञ्चालित कार्यक्रमहरूको बारेमा अध्ययन गरिएको छ ।

सीमित स्रोत साधन र समयका कारण वनक्षेत्रसँग सम्बद्ध सरकारी निकायका पदाधिकारी एवम् सरोकारवाला, अन्य निकायका पदाधिकारीहरूलाई अध्ययनको लागि छनौट गरिएको छ । त्यसैगरी तिनीहरूबाटै बेग्लाबेग्लै प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरिएको छ । ती सम्बद्ध निकायहरूका प्रकाशनहरू, कार्यक्रमहरू र अन्य उपलब्ध कागजातहरूको विश्लेषणात्मक अध्ययन समेत गरिएको छ । सामुदायिक वन व्यवस्थापनको माध्यमबाट उपभोक्ता समूहको जीवनस्तर सुधारको क्षेत्रमा सञ्चालित कार्यक्रमहरू सरकारी स्तरबाट र मूलतः डिभिजन वन कार्यालय पाल्पा, त्यस अन्तर्गतका निकाय, अन्य गैर सरकारी निकायहरू, भूतखोला सामुदायिक वन उपभोक्ता समुहमा रहेका जम्मा ५२ घर उपभोक्ताहरूबाट सम्भावना रहित नमूना छनौट विधिको प्रयोग गरी उत्तरदाताको लिङ्ग, वर्ग समदायको प्रतिनिधित्व हुने गरी मगर जातिबाट १९ जना, ब्राह्मणबाट १३ र दलितबाट ३ जना गरी जम्मा ३५ जना उपभोक्ताहरूमा ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रयासहरूको मात्र अध्ययन गर्नु यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६ अध्ययनको संगठन

यस अध्ययनलाई जम्मा ५ वटा परिच्छेदमा विभाजन गरिएको छ । जस मध्ये परिच्छेद १ मा अध्ययनको सामान्य परिचय, उद्देश्य, औचित्य, महत्व र संगठन उल्लेख गरिनेछ भने परिच्छेद २ मा सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक अवधारण र अध्ययनको भिन्नता उल्लेख गरिएको छ । परिच्छेद ३ मा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, नमुना छनौट विधि, तथ्याङ्क संकलन पद्धति, तथ्याङ्कहरूको प्रशोधन, विश्लेषण र प्रस्तुतिकरणको बारेमा उल्लेख गरिएको छ । परिच्छेद ४ मा अध्ययन क्षेत्रको विविध पक्षको बारेमा परिचय दिइएको छ र वन व्यवस्थापन कार्यबाट त्यस क्षेत्रका उपभोक्ताहरूको जीवन स्तर सुधारमा परेको आर्थिक तथा सामाजिक प्रभावहरूको यथार्थ विश्लेषण प्रस्तुत गरिएको छ र अन्तिम परिच्छेद ५ मा अध्ययनबाट देखिएको सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ वैचारिक समीक्षा

पाल्पा जिल्लाको सन्दर्भमा जिल्लाको कुल १,३६,५९५ हेक्टर (पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजना ०७०।०७१-०७४।०७५) क्षेत्रफल ओगटेको पाल्पा जिल्लामा ७११७० हेक्टर (५२ प्रतिशत) क्षेत्र वन क्षेत्रले ओगटेको छ, जसमा ५३९०६ हेक्टर (३९.४७ प्रतिशत) रुखयुक्त र १७२६४ हेक्टर (१२.६४ प्रतिशत) झाडियुक्त वन रहेको छ । (जिल्ला प्रोफाईल, डिभिजन वन कार्यालय पाल्पा, २०७६) पाल्पा जिल्लामा सामुदायिक वनको अवस्थालाई हेर्ने हो भने आ.व. ०७५।०७६ सम्म ७०२ वटा सामुदायिक वन उपभोक्ता समूहलाई ४०७८०.६२ हेक्टर वनक्षेत्र हस्तान्तरण गरिएको छ भने यसबाट जिल्लाका कुल ६०६३६ घरधुरी लाभान्वित भएका छन् (डिभिजन वन कार्यालय, पाल्पा २०७६) ।

लुम्बिनी अञ्चल भित्र विभिन्न क्षेत्रमा सामुदायलाई वन हस्तान्तरण गर्नु अघि वनहरू मासिदै गएको, वन क्षेत्र अतिक्रमित हुँदै गएको, जैविक विविधता लोप हुँदै गएको र जनताहरूलाई वनजन्य स्रोतहरूको उपलब्धतामा कठिनाई हुँदै गएकोमा वन समुदायलाई हस्तान्तरण भए पश्चात् हराएको वन पुनः हरियालीमा परिणत भएको, वन क्षेत्र अतिक्रमण हुने क्रम पनि रोकिएको र समुदायलाई वनजन्य स्रोतको उपयोगमा सजिलो महसुस हुँदै आएका कारण ती क्षेत्रहरूमा सामाजिक एकता बढ्दै गएको र उपभोक्ता समिति पनि बढी सक्रिय संगठित हुदै गएकाले जनसहभागितामा वृद्धि भएको बताएका छन् (भट्टराई, अर्याल र पौडेल, २०६३) ।

सामाजिक, आर्थिक तथा वातावरणीय हिसाबले उपयुक्त र वनले प्रदान गर्ने वस्तु तथा सेवाको निरन्तरता वा वृद्धि हुने गरी दिगो रूपमा वनको व्यवस्थापन गर्ने पद्धतिलाई वैज्ञानिक वन व्यवस्थापन भनिन्छ । वैज्ञानिक वन व्यवस्थापन हुन व्यवस्थापन कार्य वन सम्वर्द्धन प्रणालीमा आधारित हुनै पर्दछ । वन सम्वर्द्धन प्रणालीले पुराना रुखहरू क्रमिक रूपमा हटाउने, त्यस ठाँउमा नयाँ विरुवा हुर्काउने र तरुणा, बढ्दो उमेरका रुखहरू रहेको

स्थानमा ती रुखको उच्च वृद्धिदर हासिल गर्न गरिने विभिन्न वन सम्वर्द्धनका क्रियाकलापहरूलाई जनाउँदछ । यस प्रकृयामा वन क्षेत्रलाई विभिन्न खण्ड, उपखण्डमा विभाजन गरी तत् तत् रूपमा वन पैदावरको उत्पादन हुने कुरा सुनिश्चित गरिएको हुन्छ । सबै खाले वन (सामुदायद्वारा व्यवस्थापन गरिएको तथा सरकारद्वारा व्यवस्थित) मा दिगो वन व्यवस्थापन (वैज्ञानिक वन व्यवस्थापन) गर्नु पर्ने कुरा धेरै पहिले देखि (२०३३ सालको राष्ट्रिय वन नीति, २०४५ सालको वन क्षेत्र गुरू योजना आदिले उल्लेख गरेका) महशुस गरिएको हो । यसै गरी वन क्षेत्रको संशोधित नीति २०५७ ले तराइको उत्पादनशील वनलाई साझेदारी वन वा चक्ला वनको रूपमा वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख भएकोमा तराईका विभिन्न जिल्लामा हालसम्म २१ वटा साझेदारी वनको व्यवस्थापन शुरू भएको पाइन्छ । यसै परिप्रेक्ष्यमा बढ्दो वन पैदावरको माग आपूर्ति गर्न र भावी पुस्ताको लागि नयाँ तथा स्वस्थ्य वन हस्तान्तरण गर्न सरकाद्वारा व्यवस्थित वनको साथै सामुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा समेत वैज्ञानिक वन व्यवस्थापन लागु गर्न आवश्यकता महशुस गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले २०७१/७/२७ मा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ जारी गरेको छ । (वन तथा भु-संरक्षण मन्त्रालय प्रतिवेदन २०७१) ।

वैज्ञानिक वन व्यवस्थापन कार्य योजना सामुदायिक वन संरक्षण र विकास गर्न ज्यादै महत्वपूर्ण छ । सामुदायिक वनमा आश्रित उपभोक्ताहरूको जनसहभागिताद्वारा योजना तर्जुमा कार्यान्वयन र निर्णय गर्ने कार्यले गर्दा सामुदायिक वनको व्यवस्थापनमा विकास भएको छ ।

सामुदायिक वन, वनको एक विकसित शाखा हो । जसमा स्थानीय समुदायले वन व्यवस्थापन र भूमि प्रयोग आफैले गरी सरकारलाई वन विकास र संरक्षणमा सहयोग पुऱ्याउन समुदायका प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसमा समुदाय, सरकारी र गैर-सरकारी संगठनहरू (गैर-सरकारी संस्थाहरू) लगायतका सरोकारवालाहरूको सहभागीता र सहकार्य रहेको हुन्छ । यी प्रत्येक समूहको संलग्नताको स्तर विशिष्ट समुदायिक वन परियोजना, प्रयोगमा रहेको व्यवस्थापन प्रणाली र क्षेत्रमा निर्भर रहन्छ । सन् १९७० को दशकको बिचमा यसले प्रख्यात प्राप्त गर्यो । सामुदायिक वनको उदाहरणको

रूपमा हाल सफल रहेका देशहरूमा नेपाल, इन्डोनेसिया, कोरिया, ब्राजिल, भारत र उत्तर अमेरिका लगायत धेरै देशहरूलाई हेर्न सकिन्छ।

सामुदायिक वनको हितकारकहरूको वनको दिगो अभ्यासहरू स्थापना गर्न र यसको स्वामित्वमा समुदायलाई समेत संलग्नता गराउनु पर्ने चासो राखेका छन् । समुदायको नियमित आम्दानीको विकास र यसलाई दीर्घकालीन रूपमा समेत रहोस् भन्ने हो । अवैध गतिविधिहरू घटाउन र यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न यस क्षेत्रलाई व्यवस्थित गर्न सामुदायिक वनको व्यवस्थापन अघि सारिएको पाइन्छ । यस स्थितिमा सरोकारवालाहरू आफैले आफ्नो निर्णयद्वारा वन समुदायको संरक्षण, व्यवस्थापन र उपयोगका लागि वन समुदायलाई हस्तान्तरण गर्न निष्कर्षमा पुगेको हो । उल्लेख्य विकासको बाबजुद पनि स्थानीय सरकार र वन समुदायको सहयोगमा निरन्तर सुधार गर्नु राम्रो सामुदायिक वन व्यवस्थापनको लागि एक महत्वपूर्ण कुरा देखिन्छ। वातावरणीय निर्णय प्रक्रियालाई सहयोग पुऱ्याउन भविष्य परिदृश्यहरूको विस्तृत श्रृंखला बनाइ सामुदायिक वन प्रणालीलाई व्यवस्थित गरिएको हुन्छ। नेपालको सन्दर्भलाई हेर्ने हो भने नेपालमा सामुदायिक वनको अवधारणा सन् १९७८ बाट शुरू भएको पाईन्छ (पवन सुबेदी) वि.सं. २०२८ सालको वन ऐनलाई २०३३ सालमा राष्ट्रिय वन योजनालाई मुर्तरूप दिने सन्दर्भमा २०३५ सालमा संशोधन गर्दै वनको विकास र व्यवस्थापन स्थानीय जनताले नै गर्न पाउने प्रकृयाको शुरू र तदनुरूपको अधिकार र जिम्मेवारी गाउँगाउँको जनता र उनीहरूबाट गठित स्थानीय निकायलाई सुम्पिने काम भयो (श्रेष्ठ, २०७१)।

वि.सं. २०४९ सालको वन ऐनमा नीतिगत र कानूनी व्यवस्था भएपश्चात् २०५५ सालमा तेस्रो सामुदायिक वन गोष्ठी सम्पन्न भई गरीबी न्यूनिकरणमा सामुदायिक वनले योगदान पुऱ्याउन सक्छ भन्ने नयाँ दृष्टिकोण अगाडि ल्यायो (सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०७१) । समुदाय समाहित आदिवासी जनजाती, दलित, एकल महिला, विपन्न, अपाङ्गलाई स्रोतको पहुँच र लाभको बाँडफाँडमा अग्राधिकार सुनिश्चित गरीनेछ (वन नीति, २०७१) । भन्ने व्यवस्थाले ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको भूमिकालाई नीतिगत रूपमा सहयोग गऱ्यो भने उक्त नीतिको लक्ष्यमा वन, वनस्पती, जडिबुटी, संरक्षित क्षेत्र जैविक विविधता र जलाधारको समुचित संरक्षण सम्वर्द्धन र सहयोग गर्दै रोजगारी श्रृजना र आय वृद्धि गरी विपन्न वर्गको जिविकोपार्जनमा सुधार र

पारिस्थितिकीय प्रणाली बिच सन्तुलन कायम गर्ने नीतीले ग्रामीण समुदायको जीवनस्तरसँग नीतिगत सामिप्यता कायम गर्न सघाउ पुऱ्याएको छ । नेपाल विकेन्द्रिकरण मैत्री कानुन र कार्यक्रम लागु गरी जनसहभागीतामा आधारित विकेन्द्रित शासन पद्धती अवलम्बन गरी प्राकृतिक स्रोत साधन व्यवस्थापन गर्ने एक उदाहरणीय देशको रूपमा रहेको छ (पौडेल र भुसाल, २०७५) ।

## २.२ सैद्धान्तिक समीक्षा

एक्काइसौं शताब्दीको वैज्ञानिक युगमा विश्वमा सौर्यशक्ति, विद्युत, पेट्रोलियम पदार्थ, ग्याँस आदि उर्जाका वैकल्पिक साधनको प्रयोग तर्फ तीव्रता आएपनि नेपालको स्थिति भने वनमा नै निर्भर रहेको देखिन्छ । नेपालमा इन्धन स्रोतको ९४.६ प्रतिशत परम्परागत र ५.४ प्रतिशत व्यापारिक स्रोतबाट पूरा गरिन्छ ।

यस प्रकारको परिस्थितिमा नेपालमा एकातिर भैरहेको जंगललाई संरक्षण र सुरक्षा प्रदान गर्नुपर्ने प्रष्ट छ भने अर्को तर्फ वन जंगलको विकास गरी प्राकृतिक प्रकोपबाट मुलुकलाई जोगाउनुका साथै नागरिकका उपभोग्य वस्तुहरू परिपूर्ति गर्नुपर्ने देखिन्छ । मुलुकमा उपलब्ध वनको संरक्षण आज हामी सबैको चासोको विषय भएको छ । त्यसैले नेपालमा वन विकासका लागि सरकारी एवम् निजी तवरबाट वृक्षारोपण गरी सरकारी वनलाई सामुदायिक वनमा रूपान्तरण गर्दै वन जंगलको विकास गर्ने प्रयासहरू भैरहेको छ । नेपालमा वनसम्बन्धी नीतिगत व्यवस्थाको थालनी वि.सं. २०१३ साल यता मात्र भएको पाइन्छ । २०१२ भन्दा अगाडी विभिन्न स्थानीय समुदाय, आदिवासी समुहहरूले आ-आफ्नो पद्धति अनुसार आ-आफ्ना क्षेत्रको वन व्यवस्थापन गरेका थिए । निजी वनजंगल राष्ट्रियकरण ऐन, २०१३ ले कुनै पनि संस्थागत तथा क्षमतागत हिसाबले सुदृढ नभई नेपाल अधिराज्यको वनजंगल 'राष्ट्रिय धनको एक आवश्यक भाग' का रूपमा परिभाषित गर्दै राज्यको नियन्त्रण कायम गरेको थियो । त्यस समयमा आफ्नो स्वामित्वमा जमिनमा वनक्षेत्र भएमा राष्ट्रियकरण हुने भएकाले निजी जग्गा बचाउनका लागि पनि व्यापक रूपमा वनफडानी गर्ने कार्य तीव्र भएको पाइन्छ (निजी वनजंगल राष्ट्रियकरण ऐन, २०१३) ।

त्यसपछि लागू भएको वन ऐन, २०१८ वन स्रोतको सामाजिक आर्थिक विकासमा परिचालन गर्नुभन्दा नीतिगत व्यवस्था मिलाउन मै केन्द्रित भयो । सरकारी निकायका काम, कर्तव्य

तोक्न तथा दण्ड, जरीवाना व्यवस्था गर्न मै यो ऐन केन्द्रित रह्यो । यसै समयमा राष्ट्रियकरण गरिएका वनक्षेत्र यद्यपि कायमै छन् । तर व्यापक वन फडाँनी गरी तराइ र भित्री मधेसमा बस्ती बस्ने कार्य यस समयमा भएको पाइन्छ (वन ऐन, २०१८) ।

वि.सं. २०३३ सम्ममा वन सम्बन्धी नीति निर्माताहरूले राज्य वनको अत्यन्तै नाजुक स्थिति भएको आधारमा वनजंगलको उचित संरक्षण र व्यवस्थापनमा स्थानीय जनताको सहभागिता आवश्यक रहेको ठहर गरेर राष्ट्रिय वन योजना २०३३ पारित गरे । यसले नेपालको वनजंगल सार्वजनिक स्रोत भएकाले जनताको हकहितका लागि प्रयोग गरिनुपर्ने मान्यता राखेको थियो । उक्त योजनामा वन व्यवस्थापनको मुख्य उद्देश्य प्राकृतिक सन्तुलन कायम राख्ने, आर्थिक विकास, वैज्ञानिक व्यवस्थापन प्रयास प्राविधिक विकास तथा सार्वजनिक सहयोगको विस्तारमा जोड दिने रहेको थियो । वन क्षेत्रको स्वामित्वको आधारमा वन क्षेत्रलाई राष्ट्रिय वन (सरकारद्वारा नियन्त्रित वन) कवुलियती वन (कुनै संस्था व्यक्ति वा समुहलाई उपभोग र व्यवस्थापनका लागि कबुलनामा गरेर दिइएको वन), निजी वन (निजी स्वामित्वको जमिन भित्र निजी प्रयासद्वारा विकास गरिएको वन), सामुदायिक वन (कुनै क्षेत्र वा समुदायलाई राज्यद्वारा हस्तान्तरण गरिएको वन) र विशेष वन (संरक्षण क्षेत्र निकुञ्ज आरक्ष भित्रको संरक्षित वन वा कुनै मन्दिर, धार्मिक परिसर भित्रको धार्मिक महत्वको वन) गरी पाँच प्रकारले वर्गीकरण गरिएको थियो । यसरी राष्ट्रिय वन योजना २०३३ ले नै सामुदायिक वनको अवधारणालाई औपचारिक मान्यता दिएको पाइन्छ (राष्ट्रिय वन योजना, २०३३) ।

यसै गरी छैठौं पञ्च वर्षीय योजना (२०३७ देखि २०४२) मा भएको वनसम्बन्धी नीतिले वनस्रोतको व्यवस्थापन संरक्षण र उपयोगका लागि स्थानीय समुदायको सहभागितामा जोड दिएको थियो । यो कुरा सातौ पञ्चवर्षीय योजना (२०४२-२०४७) मा दोहोऱ्याउदै सरकारी वनको केही क्षेत्र समुदायलाई हस्तान्तरण गर्न आवश्यकता औंल्याएको थियो । यसरी वनक्षेत्रमा भएका नीतिगत सुधारहरूको एउटा मार्गदर्शन संरचनाका रूपमा वनक्षेत्र गुरुयोजना (२०४६) आएको हो । यसले नै सामुदायिक वनको राष्ट्रिय नीति तय गरेको हो । जसको कार्यान्वयनका लागि पछि त्यसैको आधारमा वन ऐन, २०४९ वन नियमावली, २०५१ जारी भएको थियो । त्यो कानुनी व्यवस्थापन पछि वन व्यवस्थापनमा सामुदायिक वनको विकास तीव्र गतिमा अघि बढेको पाइन्छ । वनक्षेत्रका गुरुयोजनाले सामुदायिक

वनलाई वन व्यवस्थापनको कार्यनीतिमा प्राथमिकता दिएको पाइन्छ । सामुदायिक आवश्यकता पूरा भएर बाँकी बच्ने वनको व्यवस्थापनको प्राथमिकतामा गरिबीको रेखामुनिका जनता, साना किसान तथा वनमा आधारित उद्योगधन्दा परेका छन् (नियमावली, २०५१) ।

नेपालको सामुदायिक वन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा सफल उदाहरण बनेको छ । सामुदायिक वनको सुरुआत भएको ठाँउ बारे केही विवाद भए तापनि स्थापनाको आधारमा सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा सामुदायिक वन सबैभन्दा पुरानो सामुदायिक वन मानिन्छ । तत्कालिन गाउँ पञ्चायतका राजनीतिक कार्यकर्ता निलप्रसाद भण्डारी र सिन्धुपाल्चोक जिल्ला वन अधिकृत जितेन्द्र महत सामुदायिक वनको अवधारणालाई अगाडि बढाउने दुई व्यक्ति मानिन्छन् (वन तथा भू-संरक्षण मन्त्रालयको प्रतिवेदन, २०५०) ।

नेपाल सामुदायिक वन कार्यमा सफलतापूर्वक सञ्चालन गर्ने प्रमुख राष्ट्र हो । नेपालमा सामुदायिक रूपमा परम्परादेखि आफ्ना प्राकृतिक स्रोतहरूको दिगो उपयोग व्यवस्थापन तथा संरक्षण गर्ने प्रचलन रही आएको हो । एकातिर समय समयमा चालिआएका विभिन्न वन संरक्षण पद्धतिमा सफलता एवम् असफलताको आरोह अवरोहबाट सामुदायिक रूपमा वनको संरक्षण तथा दिगो उपयोग गर्ने उपयुक्त पद्धति भएकोमा राज्य विश्वस्त छ भने अर्कोतिर स्थानीय समुदाय आफै संरक्षण र उपभोक्ताको दोहोरो भुमिका जिम्मेवारीका साथ निभाउन तत्पर र प्रयत्नशील छ । यस क्रममा नेपालमा २०६७ साल असार महिनासम्म झण्डै १५००० सामुदायिक वन उपभोक्ता समूह गठन भएका छन् भने त्यसमा करिब १५ लाख ८० हजार घरधुरी आबद्ध छन् (जिल्ला वन कार्यालय कपिलवस्तु, २०६७) ।

वन ऐन, २०४९, वन नियमावली, २०५१ र वन गुरुयोजना, २०४६ सामुदायिक वन कार्यक्रमलाई अघि बढाउने महत्वपूर्ण दस्तावेज हुन् । यिनै दस्तावेजका आधारमा सामुदायिक वन कार्यक्रम अघि बढेको छ । यी कानुन तथा योजनामा सामुदायिक वनलाई स्थानीय समुदायका स्रोत माथिको अधिकारलाई स्वीकार गर्ने, लाभको बाँडफाँडमा सबै जातजाति वर्ग समुदाय तथा लिङ्ग जस्ता सामाजिक संरचनाका आधारमा कसैलाई भेदभाव नगरी समानरूपमा हकदार बनाउने तथा वन विनाश हुँदा सोझै स्थानीय समुदाय माथि पर्न सक्ने प्रतिकुल प्रभावलाई न्यूनिकरण गरी जोखिमलाई कम गर्ने र संरक्षण कार्यमा लाग्ने लागत खर्च तथा खर्च अनुसार प्रतिफल हाँसिल नहुने अवस्थाको अन्त्य गरी प्रभावकारी वन

व्यवस्थापन गर्ने प्रणालीको रूपमा अघि सारिएको छ । सोही उद्देश्यका लागि सामुदायिक वन कार्यक्रम केन्द्रित छ (वन ऐन, २०४९, वन नियमावली, २०५१ र वन गुरुयोजना, २०४६) ।

वन उपभोक्ता समूह भन्नाले एउटा समुदाय भित्रका सबै सहायकहरू जसले चरन वा वन पैदावारको संकलनका लागि राष्ट्रिय वनको कुनै विशेष भागको नियमित उपभोग गर्दै आएका र त्यस वनको संरक्षण, व्यवस्थापन तथा सदुपयोगका निमित्त आफ्नो समुह बनाएका हुन्छन् । जसलाई वन उपभोक्ता समुह जनाउँछ (वन विभाग, १९९१) ।

सन् १९५० देखि १९८५ सम्म सरकारी नीति अनुरूप तराई र सिवालिग (चुरे) क्षेत्रमा लगभग २ लाख हेक्टर वनक्षेत्र बसाइ सरेका पहाडी भेगका बासिन्दाले पुनर्वास कार्यक्रमका लागि पूर्ण रूपले नष्ट भएको थियो । करिब दुई दशक अघि सम्मको वन सम्बन्धी सरकारी नीतिले वनमाथि राज्यको पूर्ण नियन्त्रण कायम राखेको थियो । स्थानीय समुदायलाई बाहेक गरी सरकारी स्वामित्व मात्र राखेर वनको संरक्षण गर्ने प्रयासले स्थानीय जनता र समुदायका लागि परम्परागत उपभोग गरिदै आएको सार्वजनिक प्राकृतिक स्रोत खुल्ला पहुँच भएको स्रोतका रूपमा रूपान्तरित हुन पुग्यो र वन विनाशको क्रममा सघाउ पुग्यो । यसरी खेती किसानी गर्ने समुदायका निर्वाहको लागि पनि केही हदसम्म वन विनाशको जिम्मेवार भएपनि विगतको तीव्र वन विनाशको कारण भने वनलाई सरकारी वा केन्द्रीय नियन्त्रणमा राख्ने स्थानीय समुदायको कुनै पनि भुमिका नहुनु प्रमुख कारण नै हो । नीतिगत सुधारको क्रममा पछि आएर सरकारी नियन्त्रण रहेको केही वन क्षेत्र सामुदायिक व्यवस्थापनका लागि स्थानीय समुदायलाई हस्तान्तरण गरियो । सामाजिक न्यायको दृष्टिकोणले यो एउटा सकारात्मक कदम भएपनि सरकारी पक्षले स्थानीय समुदायलाई स्रोत र उपभोगको अधिकार प्रदान गर्न थप प्रयास गर्नुका साथै विना भेदभाव स्थानीय समुदायको वन व्यवस्थापन गर्नुपर्छ भन्ने मान्यता दिनुपर्छ (वन विभाग २०४९, वन ऐन, २०७६) ।

वन ऐन, २०४९ जारी भएपश्चात् देशभर सामुदायिक वन विकासको गतीले तिब्रता लियो । उपभोक्ता समूहले कार्ययोजना बमोजिम स्वतन्त्र रूपले वन जंगलको संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने, उपभोक्ता समूह अविछिन्न, उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ (वन ऐन, २०४९) भन्ने अनुरूप नीतिगत र कानूनी व्यवस्था भएपश्चात् वन जंगलको संरक्षण र

व्यवस्थापनमा स्थानीय उपभोक्ताहरूको चासो, सहभागीता र अपनत्वको वृद्धि भई आ.व. ०७४।०७५ सम्म देशभरमा २२,२६६ वटा सामुदायिक वनले २२,३७,६७०.२५ हेक्टर वनक्षेत्र संरक्षण र व्यवस्थापन गर्ने गरी नेपाल सरकारले सामुदायिक वनको रूपमा सुम्पेको छ भने यसबाट २९,०७,८७१ घरधुरीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । (वन विभाग, सामुदायिक वन बुलेटिन अंक १८, २०७४।०७५) विगतमा ३९.६ प्रतिशत मात्र रहेको नेपालको वन क्षेत्र सामुदायिक वनको विकाससँगै वृद्वि भई ४४.७४ प्रतिशत पुगेको तथ्याङ्कले देखाएको छ (नेपालको वनस्रोत प्रतिवेदन, २०१५) ।

सामुदायिक वन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था पश्चात् यसको माध्यमबाट सामुदायिक वनस्रोतहरूमा विपन्न, दलित, आदिवासी, जनजाती, महिला, पिछडीएका, पछाडि पारिएका एवम् परम्परागत वन उपभोक्ताहरूको सक्रिय सहभागीता सुनिश्चित गर्न र नेपालले अनुमोदन गरीसकेका आई.एल.ओ. १६९ को महासन्धिका प्रावधानहरूलाई कार्यान्वयन गर्न सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ तयार पारियो । ( सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१) ।

सामुदायिक वनको परिभाषा र सामुदायिक वनको धारणाको शुरू हुने कारणहरूका बारेमा नेगीले आफ्नो भनाइ यसरी प्रस्तुत गरेका छन् । सामुदायिक वन कहिले काही जनताहरूको जनताहरूद्धारा जनताका लागि भनेर परिभाषित गरेको पाइन्छ । जब हाम्रो परम्परागत वनमा तीव्र रूपमा चाप बढन थाल्यो र वन जंगलबाट ठूलो मात्रामा इन्धन, स्याउला, साना काठ, फलफूल र अन्य वस्तुहरूको समाप्त भयो तब सामुदायिक वन प्रतिको धारणा शुरु भयो (Negee:1990) ।

वन पैदावरहरूको उपयोगले मानवीय जीवनयापनमा अतुलनीय महत्व राखेको हुन्छ । साधारण खेतीपातीको लागि आवश्यक पर्ने वस्तुहरू देखि लिएर ठुला ठुला उद्योगहरू साथै औषधी आदिका लागि पनि वनमा उत्पादित वस्तुहरूको महत्वपूर्ण स्थान रहेको हुन्छ । यस सन्दर्भमा निम्न भनाईहरू प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ । विभिन्न किसिमका कन्दमूल, घाँसपात तथा जडिबुटीहरूले मानिसको भरण पोषण गर्न र दीर्घजीवि बनाउन मद्दत पुऱ्याउँछ भने आश्रमको निमित्त घर, छहारी, गोठ आदि निर्माणका साधनहरू जुटाउन र लत्ताकपडाको निमित्त कच्चा पदार्थ उपलब्ध गराउन समेत वनको उपयोगिता, अतुलनीय छ (तिवारी, २०४६) ।

वनले भू-क्षय हुनबाट रोक्न र पानीको संरक्षण गर्न महत्वपूर्ण भूमिका निभाएको हुन्छ । वन जंगलमा भएका रुख पातहरूको वर्षा हुँदा झरेका पानीका थोपालाई सिधै जमिनमा पर्न दिदैन जसले गर्दा नाङ्गो जमिन झै विरुवा भएको जमिनको भू-क्षय हुन पाउँदैन फेरी जंगलले त्यस क्षेत्रको माटो फुक्का बनाई राख्ने भएकाले परेको पानीलाई धेरै मात्रामा सोसेर लिने गर्दछ । त्यसकारण एकातिर पानीको जमिनमा सञ्चय हुन्छ भने अर्कातिर बाढी आउने सम्भावना पनि कम हुन्छ । सामान्यतः जंगल क्षेत्र बाढीको गति नियन्त्रण एवम् पानीको संरक्षण दुवैका निमित्त प्रभावकारी हुन्छ (Caliars Encyclopedia, 1984) ।

वन र वातावरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भने वन र मानिस पनि एक अर्काबाट पृथक रहन सक्दैनन् भन्ने कुरालाई निम्न भनाइले पुष्टि गर्दछ । वन र वातावरणको घनिष्ट सम्बन्ध छ । कुनै पनि स्थानमा वनको किसिम त्यस स्थानको वातावरणले निर्धारण गर्दछ । कुनै भू-भागको वातावरण त्यहाँको जलवायु, भू-प्रकृति, माटो भौगोलिक तत्व तथा जैविक तत्वले बनेको हुन्छ । जलवायु, भू-प्रकृति तथा भौगर्भिक तत्वको परिवर्तन मानवशक्तिको बाहिर छ तर माटो एवम् जैविक तत्वहरूमा मानिसले आफ्नो क्रियाकलापमा केही परिवर्तन ल्याउन सक्छ (कायस्थ, २०४६) ।

कृषि प्रधान देश नेपालमा पशुपालन व्यवसाय मुख्य सहायक पेशाको रूपमा रहेको छ । प्रत्येक किसानलाई पशुपालन विभिन्न दृष्टिकोणबाट महत्वपूर्ण रहेको छ । पशुबाट कृषकहरूका निमित्त विभिन्न प्रकारका खाद्यपदार्थ मल प्राप्त हुन्छ भने कृषि र पशुपालनको सम्बन्ध छ भने पशु आहारको निमित्त वनले अहम भूमिका निर्वाह गरेको हुन्छ । यसरी वन पशुपालन र कृषिसँग सम्बन्धित छ । यस सम्बन्धमा निम्न भनाइलाई सह्रानीय मान्न सकिन्छ । गोबरलाई कृषकहरूले मलको रूपमा प्रयोग गर्दछन् जुन जंगलको घाँस, स्याउला खुवाएर पशुहरूबाट उत्पादन गरेका हुन्छन् । यदि स्याउलाको अभाव भएमा गोबरको प्राप्ति कम हुन्छ र गोबर कम भएमा मल कम भई कृषि उत्पादनमा ह्रास आउछ । त्यसैले पहाडी क्षेत्रको कृषि प्रणालीमा स्याउलाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ (Jackson, 1987) ।

शहरी क्षेत्रमा विज्ञान र प्रविधीको विकाससँगै घर निर्माण सामग्रीको रूपमा फलामे रडका साथै स्टील जस्ता पदार्थको निर्माण भएता पनि निश्चित अंश काठको पनि आवश्यकता पर्दछ भने परम्परा देखि चलि आएको घर निर्माणको सामाग्री काठ नै हो भन्ने भनाइलाई एक जना विद्वान्ले यसरी पुष्टि गरेका छन् । काठ मानिसहरूले घर बनाउँदा प्रयोग गर्ने

पुरानो पदार्थ हो । फलाम र स्टील यस पछि मात्र यस कार्यमा प्रयोगमा आएका पदार्थहरू हुन् । काठ बिम, छानाको डाँडा, खम्बा, झ्याल, ढोकाको फ्रेमहरूमा पनि काठको प्रयोग हुन्छ । हिमाली क्षेत्रमा घर निर्माण गर्न काठको व्यापक मात्रामा प्रयोग हुन्छ (Negee, 1990) ।

मानवीय आवश्यकता पूरा गर्ने वस्तुहरू काठ, दाउरा, घाँस, स्याउला तथा जडीबुटी आदिको प्रयोगको कारणले वन विनास हुँदै गइरहेको छ । यसका साथै जनसंख्या वृद्धि नयाँ जमिनको खोजी र बसाइसराइ आदि पनि वन विनासको महत्वपूर्ण पक्ष सावित भइसकेको छ यसको साथै राणाशासन कालमा जंगललाई व्यक्तिगत सम्पत्तिको रूपमा प्रयोग गरिदा अत्याधिक मात्रामा वनको विनास हुन गयो । राणाहरूले भारतीय विशेषज्ञहरूको हातमा जंगल सुम्पिदिएकाले तराईमा ठूलो मात्रामा जंगल मासिन पुग्यो । त्यस समयमा राजस्व संकलनको एक प्रमुख स्रोत काठलाई मानिन्थ्यो । यसरी राणा शासन कालदेखि पञ्चायतकालका अन्तिम दिनहरू सम्म केही निश्चित तस्करहरूबाट काठमा भएको चोरी निकासी व्यापारले नेपालको ठूलो मात्रामा वन विनास भयो । जनसंख्या वृद्धिका कारण पनि मानवीय आवश्यकताहरू पुरा गर्न जंगललाई लगातार आक्रमण गर्न थालियो यी भनाइलाई पुष्टि गर्न निम्न भनाईहरूले सहयोग गरेका छन् ।

गत केही दशक यता नेपालको वन नाटकीय रूपले विनास भई रहेको छ । यसको आधारभूत कारण जनसंख्याको वृद्धि हो । जनसंख्याको वृद्धिले खेती योग्य भूमि दाउरा र जनावरका लागि स्याउलाको माग बढ्यो । यसको तत्कालीन असर चाहि दाउरा, काठ र स्याउलाको अभाव देखापर्‍यो (Jackson, 1987) ।

खाद्यान्न उत्पादन र जंगल फडानीको क्रम द्रुत गतीले बढेर आयो । खाद्यान्न उत्पादन गर्ने क्रममा सन् १९६४ देखि १९७४ को बीचमा तराईको २३६६०० हेक्टर र पहाडमा ६७२००० हेक्टर जंगल सखाप भयो । यस क्रममा वार्षिक एक देखि तीन प्रतिशतका दरले जंगलको विनास हुन गयो (बज्राचार्य, १९८१) ।

जब जंगललाई काट्ने वा बालेर सखाप पारी खेती गरिन्छ तब यसको वरिपरीका भू-दृश्य र जंगल आफै समाप्त हुन्छन् । वर्षाले रुख बिरुवा नभएको नाङ्गो माटोलाई चुटिदिन्छ खनिज पदार्थलाई समाप्त पारिदिन्छ । जीवित तत्वहरूलाई बगाउने, डुबाउने गर्दछ र यस धर्तीको

बनोट र पर्यावरणीय प्रणाली नै खतम हुन्छ । जमिनले पानी सोसेर लिनुको बदला कि त बाफ भएर उडेर जान्छ कि त जमिनको माथिल्लो सतहको माटो बगाएर लाने गर्दछ जसको परिणामस्वरूप खोल्सा र नदी हुदै माटोलाई बगाएर समुद्रसम्म पुऱ्याउँछ ( Dougls & Hurt, 1980) ।

यसरी वन विनासबाट उब्जने समस्याले गर्दा मानिसहरूमा वनको महत्व प्रष्ट हुन थाल्यो । वन बिना मानवीय उपभोग्य वस्तुहरूको पनि अभाव हुने र सम्पूर्ण प्राणी जगत नै संकटमा पुग्ने संभावनाहरू देखापर्न थाले । अब वातावरणीय प्रणाली आफै सन्तुलन हुन नसक्ने अवस्थामा पुग्यो । त्यसैले वन विनाशबाट देखापरेका समस्याहरूको समाधान गर्न वृक्षारोपण आवश्यक भयो । परिणाम स्वरूप सरकारी, सामुदायिक एवम् नीजि स्तरबाट वन विकास कार्यक्रमहरू संचालित हुन थाले साथै भैरहेका वनको सुरक्षा गर्न र वृक्षारोपणद्वारा नयाँ जंगलको वृद्धि गरी उजाड जमिन र नाङ्गा पाखाहरूलाई हरियाली बनाउन मानिसहरू अग्रसर भए । यसरी नै वृक्षारोपण गर्नु मात्र जंगल विकासको अन्तिम लक्ष्य होइन् । मानिसले यसलाई जंगलको स्वरूप खडा गर्न विभिन्न प्रकारका सामाजिक व्यवहारको आवश्यकता पर्दछ । यस सम्बन्धमा विश्व खाद्य तथा कृषि संगठनको एक प्रतिवेदनमा उल्लेख गरिएका कुराहरू सान्दर्भिक देखिन्छन् । एकपटक वृक्षारोपण गर्दा काम सकिएको भनिदैन । यसको निमित्त विभिन्न कार्यहरूको आवश्यकता पर्दछ । जस्तैः बिरुवाको संरक्षण, हावा, पानीबाट बचाउनु, आगो कीराहरू र पशुहरूबाट जोगाउनुपर्छ । यसको साथै वृक्षारोपणको लक्ष्य प्राप्त गर्नका लागि विभिन्न सांस्कृतिक व्यवहारको पनि आवश्यकता पर्दछ (विश्व खाद्य तथा कृषि संगठन, १९८९) ।

जंगलबाट बहुपक्षीय फाइदा लिनका लागि यसको व्यवस्थापनको पक्षलाई जोड दिदै नेपालमा नेपाल सरकारले स्थानीय स्तरमा सन १९७० को दशकमा सामुदायिक वनको अवधारणा ल्याएको पाईन्छ । सामुदायिक वन व्यवस्थापनको सन्दर्भमा नेपाल सरकारका विभिन्न निकायबाट प्रकाशित पुस्तकहरू एवम् विभिन्न संस्था र विद्वान्हरूका भनाई र छलफल बारे पनि केही विश्लेषण गरिएको छ ।

जनताको प्रत्यक्ष सहभागितामा वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी जनतालाई आवश्यक पर्ने वन पैदावारहरूको उत्पादन गर्ने र उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध गराइनुका साथै वन क्षेत्रबाट गरिब एवम् सिमान्त परिवारहरूका लागि पनि रोजगारी एवम्

आय आर्जनका अवसर बढाउदै लैजाने उद्देश्यले सामुदायिक वन विकास कार्यक्रमलाई अघि बढाउने कार्यक्रम राखेको पाइन्छ । जस अन्तर्गत वन क्षेत्रमा प्राकृतिक रूपमा रहेका र संभाव्य खेतीबाट उपलब्ध हुन सक्ने गैर काष्ठ वन उपजहरूलाई सामुदायिक वनको कार्ययोजनाहरूमा परिमार्जन गरी व्यवस्थापन गर्न आवश्यक व्यवस्था कायम गरेको पाइन्छ । (नवौं योजना, २०५५) ।

वन व्यवस्थापन सम्बन्धी विभिन्न समुदायहरूमा अवस्थित पुरानो पद्धतिको बारेमा उल्लेख गर्दै त्यससँग सम्बन्धित मुख्य कारणहरू नेतृत्व, सांस्कृतिक सम्पदाको प्रर्याप्तता, आर्थिक असमानता, फाइदाको बाँडफाँड, उपभोक्ताहरूलाई दण्ड सजाँय, व्यवस्थापन पक्षमा महिलाहरूको संलग्नता, बजारको संभाव्यता, समुदायसँग काम गर्ने राम्रो सम्बन्ध आदि विविध कुराहरूले वन संरक्षण तथा व्यवस्थापनमा सफल वा असफल हुनमा मद्दत पुऱ्याउँछ भन्ने बारेमा चर्चा गरेका छन् (Molnar, 1981) ।

सरकारको सोचाइमा सामुदायिक वन हस्तान्तरण गर्ने कार्यले वन विनास कार्यलाई रोक्ने मात्र नभएर यसले सरकारलाई वन संरक्षण गर्ने कार्यबाट पनि राहत दिलाउँछ । मानिसहरू वन्य स्रोतहरूका वास्तविक उत्पादक र उपयोगकर्ता भएकाले उनीहरू कुशल वन व्यवस्थापक हुन सक्छन् भन्ने विश्वास गरिन्छ । दाहालले लैङ्गिक सवालमा भनेका छन् कि सबै वन उपभोक्ता समूहहरूको वन व्यवस्थापनमा महिलाहरूलाई वन उपभोक्ता समूहको सामूहिक कार्य र प्रभावकारी व्यवस्थापनमा समावेश गरिएको पाइँदैन (दाहाल, १९९४) ।

## २.२.१ विकास र सहभागिताको सिद्धान्त

साधारण अर्थमा जनसहभागिता भन्नाले आफू बसेको क्षेत्रको दैनिक व्यवहारमा जनताको संलग्नता भन्ने बुझिन्छ, जसले उनीहरूको दैनिक जीवनमा प्रभाव पार्दछ । सेवाग्राहीहरू बिच हुने शक्तिको बाँडफाँड नै वास्तवमा सहभागिता हो । यदि शक्तिको बाँडफाँड समान रूपमा हुँदैन र समाजको कुनै एक हिस्सासँग अर्को हिस्सासँगभन्दा बढी शक्ति केन्द्रित हुन्छ भने त्यसलाई वास्तविक अर्थमा सहभागिता भनिदैन । योजना निर्माण र निर्णय प्रक्रियामा जनसहभागिता विना स्थानीय आवश्यकताहरूको बारेमा सम्बोधन सम्भव छैन । यसै सन्दर्भमा यस शोधपत्रले तिनाउ गाउँपालिकाका जनताको विकास योजनामा सहभागिताको बारेमा विश्लेषण गर्ने कोसिस भएको छ । प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरूको

विश्लेषणबाट प्राप्त निष्कर्षहरूको आधारमा के भन्न सकिन्छ भने यस तिनाउ गाउँपालिकामा जनसहभागितामूलक विकास कार्यलाई थप अभिवृद्धि गर्नको लागि सहभागिताका लागि हुने लगानी भन्दा फाइदा बढी हुन्छ भन्ने अनुभूति जनतालाई दिलाउन सक्नुपर्छ । आयोजनाहरूको निर्माण र मर्मत सम्भारमा महिलाहरूको सहभागिता प्रशस्त मात्रामा भए पनि निर्णय प्रक्रियामा अझै पनि उनीहरूलाई आवश्यक अनुपातमा संलग्न गराउन सकिएको छैन । त्यसकारण आयोजनाको छनौट र लाभको विवरण सम्बन्धी निर्णय गर्दा महिलाहरूको निश्चित संख्या उपस्थित हुनै पर्ने प्रावधान राख्नु पर्छ (तिवारी, २०१०) ।

## २.२.२ दिगो विकासको अवधारणा

भविष्यका पिँढीका आवश्यकताहरूसँग सम्झौता नगरिकन वर्तमान पिँढीका आवश्कताहरू परिपूर्ति गर्नु नै दिगो विकास हो । प्राकृतिक सम्पदाको अत्यधिक विनाशबाट उत्पन्न हुने वातावरणीय दुष्परिणाम र भविष्यका सन्ततिहरूलाई जिउने अधिकारको हनन् नहुने गरी विकासको फल वर्तमान सन्ततिले मात्र उपयोग गर्नुपर्छ भन्ने मान्यता नै दिगो विकासको मान्यता हो । त्यसैले वातावरण र विकास बिच सन्तुलन नै दिगो विकास भनिएको हो । विकास लाभ र गतिबाट प्राप्त प्रतिफललाई वर्तमानका पुस्तामा मात्र सीमित नगरी भविष्यका पिँढीलाई समेत सुनिश्चितता प्रदान गरिने विकासको अवधारणा दिगो विकास हो । यसले अन्तरपुस्ता समता कायम रहनुपर्ने मान्यतालाई स्वीकार गर्दै आत्मसाथ गर्नुपर्नेमा जोड दिन्छ । विकास र वातावरण बिचमा सन्तुलन र संयोजन गर्दै भावी सन्ततीको स्वच्छ वातावरण र सन्तुलित अर्थतन्त्रमा बाँच्ने मौलिक हक सुनिश्चितता गर्दै अहिलेको पुस्ताको गुणस्तरीय जीवन अभिवृद्धि गर्ने मान्यताको वकालत गर्दछ ।

दिगो विकासलाई परिभाषा गर्ने क्रममा विभिन्न विद्वानले विभिन्न तरिकाले व्याख्या गरेको पाइन्छ । जसलाई यहाँ उल्लेख गर्न सकिन्छ, डब्लुईसिडी १९८७ मा “आवोर कमन फ्यूचर” नामक प्रतिवेदनले दिगो विकासले भविष्यका पिँढी आवश्यकतासँग सम्झौता नगरीकन आफ्ना आवश्यकता पुरा गर्छ भनी परिभाषित गरेको पाइन्छ । रियो डिक्लेरेसन १९९२ का अनुसार दिगो विकासलाई यसरी उल्लेख गरेको पाइन्छ “दिगो विकास प्राप्ति गर्न विकास प्रक्रिया संरक्षणलाई अति महत्वपूर्ण भागको रूपमा लिनुपर्छ” एकाङ्गी रूपमा हेर्न सकिँदैन भन्ने कुरा उल्लेख गरिएको छ । सन् १९८० मा रोवर्ट ऐलनले आफ्नो पुस्तक सस्टेनेबल

डेभलप्मेन्ट ईन डेभलपिङ्ङ कन्ट्रिज मा "दिगो विकास त्यस्तो विकास हो मानवीय आवश्यकता परिपूर्ति गरी पूर्ण सन्तुष्टि र गुणस्तरीय जीवन सुधार गर्ने काम गर्छ" भन्ने उल्लेख गरेका छन् । सन् १९९४ मा जे ऐ ईलियटले "दिगो विकास त्यस्तो विकास हो जसले विकास प्रक्रियामा केवल आर्थिक र सामाजिक क्रियाकलाप मात्र समावेश हुँदै प्राकृतिक स्रोत साधनहरू उपयोग र तिनीहरूको उपयोगबाट वातावरणमा पर्ने असर बारेमा पनि सचेत हुनु पर्छ" भनेका छन् । माथि उल्लेखित विभिन्न परिभाषा विश्लेषण गर्दा दिगो विकास भन्नाले तलका बुदाँहरूलाई संक्षिप्त रूपमा चर्चा गर्नु सान्दर्भिक देखिन्छ । जसलाई बुदाँगत रूपमा देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ :-

- भावी पिँढीको आवश्यकता पुरा गर्न बाधा नपर्ने गरी वर्तमानको आवश्यकता पुरा गर्ने विकास,
- आफैमा धानिने र टिकाउपूर्ण विकास,
- वातावरणको वर्तमान गुणस्तर वृद्धि गर्न र सो नभए कम्तीमा वातावरणप्रति तटस्थ रहने विकास,
- पृथ्वीले वहन गर्ने क्षमता खलल नपार्ने विकास,
- भावी सन्ततिका मूल्य र मान्यता र प्राथमिकताको पूर्वानुमान वर्तमानमा नै गरिने विकास,
- आर्थिक विकासबाट उच्चतम फाइदा लिने तर प्राकृतिक स्रोतको गुण भर पोषण गर्दै जाने,

भनिन्छ दिगो विकास आजको पुस्ताको मानव अधिकारको बडापत्र हो भने भोलिका पुस्ताको अधिकारको बडापत्र दिगो विकास हो । वातावरणीय नीति र विकासका रणनीतिहरूको समन्वयीकरणबाट मात्र दिगो विकासको मार्ग प्रशस्त हुन्छ । अतः भावी पुस्ताको बाँच्ने आधारलाई खलल नपुऱ्याई वर्तमानका आवश्यकतालाई उचित तरिकाले सम्बोधन गर्ने विकास दिगो विकास हो । कवि शिरोमणी लेखनाथ पौड्यालको चर्चित कविताको चर्चित हरफ "मै खाँउ मै लाउ सुख सयल, अरू सबै मरुन" भन्ने जस्तो भावनाले कदापि दिगो विकास मान्यता अगाडी बढ्न सक्तैन । भविष्यका हाम्रा सन्ततिलाई सुन्दर र हराभरा पृथ्वी हस्तान्तरण गर्न दिगो विकास निर्विकल्प अरू छैन (थापा, २०७६) ।

### २.२.३ सहभागितामूलक विकास

नेपालमा आर्थिक उदारीकरणको नीति अवलम्बन पश्चात् निजी क्षेत्रमा उद्यम व्यवसाय र विशेषगरी बैङ्क तथा वित्तीय संस्थाहरूको वृद्धि भएको छ । निजी र विदेशी संयुक्त लगानीका बैङ्क तथा वित्तीय संस्थामा व्यवस्थापन आधुनिक छ र सहभागितामूलक व्यवस्थापनलाई पनि आत्मसात् गरिएको देखिन्छ । ती संस्थाहरू अधिकांशमा आधुनिक व्यवस्थापनका गुणहरू धेरै हदसम्म विद्यमान छन् । उद्देश्यमूलक व्यवस्थापन, सहभागितामूलक व्यवस्थापन, योग्यताका आधारमा पारिश्रमिक र कार्यसम्पादन मूल्याङ्कन, गुणस्तर व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, भैपरी आउने व्यवस्थापन आदिमा ध्यान दिएको पाइन्छ । यही भएर नेपालमा बैङ्किङ संस्थाहरू प्रायः सफल भएका छन् । यसमा केन्द्रीय बैङ्कको नीति नियमनको पनि धेरै भूमिका छ । तर, सरकारी प्रशासनको कुरा गर्ने हो भने नेपालको प्रशासन अपेक्षित रूपमा सक्षम र कार्यकुशल हुन नसकेको जनगुनासो उठिरहने वर्तमान परिप्रेक्ष्यमा यसको कार्यक्षमता र प्रभावकारिता वृद्धि गर्न सहभागितामूलक व्यवस्थापन अवलम्बन गर्नुपर्ने खाँचो टड्कारो देखिन्छ । सरकारी क्षेत्रतर्फ सहभागितामूलक व्यवस्थापन सिद्धान्तमा भएको तर व्यवहारमा उतार्न अझै ठूलो प्रयासको आवश्यकता छ ।

नेपालमा ग्रामीण विकास जनसहभागिता सहभागितामूलक व्यवस्थापनको सानो अभ्यासका रूपमा लिन सकिन्छ । सङ्घीय प्रणालीमा मुलुक प्रवेश गरेपश्चात् विकास निर्माणका कार्यमा सहभागितामूलक व्यवस्थापनको केही झल्को आउन थालेको आभास मिल्न थालेको छ । सानो र परिवारको स्वामित्व भएको पसल, घरेलु उद्योग, नितान्त थोरै कर्मचारीबाट सञ्चालित उद्योगहरूमा सहभागिताको व्यवस्थापन आवश्यक नठहरिन सक्छ तर देशलाई उद्योग वाणिज्यको क्षेत्रमा अग्रसर गराउन, सार्वजनिक संस्थानहरूको गुणस्तर अभिवृद्धि गर्न, प्रतिस्पर्धी वातावरणमा विजयी हुन, प्रत्येक सङ्गठनको व्यवस्थापनमा सहभागिता हुनु आवश्यक हुन्छ ।

नेपालको प्रशासनमा सहभागितालाई उपेक्षा गरिएको छैन तापनि वर्तमान पदको श्रेणी व्यवस्था, पदलाई नै सर्वोपरि मान्ने प्रवृत्तिमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । जतिसुकै योग्य र क्षमतावान् भए पनि तल्लो पदाधिकारी कर्मचारीले माथिल्लो पदाधिकारी कर्मचारीलाई आफ्नो भाग्यनिर्माता मान्नुपर्ने, माथिल्लो पदाधिकारी कर्मचारीले मातहतका कर्मचारीको

न्यून मूल्याङ्कन गर्ने, योग्यता र क्षमताको समुचित मूल्याङ्कन नहुने, तलका कर्मचारीहरूको कुरा नसुन्ने, निर्णय प्रक्रियामा उनीहरूलाई सहभागी नगराउने, महिला सहभागिता अत्यन्त न्यून हुने, अनुचित दबाब दिनेजस्ता विसङ्गतिहरूको अन्त्य हुने हो भने नेपालको प्रशासनले स्वस्थ्य गति लिन सक्ने निर्विवाद छ, आवश्यकता पनि यही नै हो (तिम्सिना, २०७७) ।

## २.२.४ जनकेन्द्रित विकास

साधारण अर्थमा जनकेन्द्रित विकास भन्नाले आफू बसेको क्षेत्रको दैनिक व्यवहारमा जनताको संलग्नता भन्ने बुझिन्छ, जसले उनीहरूको दैनिक जीवनमा प्रभाव पार्दछ । यो त्यति बेलामात्रै उत्पादनशील शक्ति बन्दछ जतिबेला त्यसलाई उचित संस्थाहरूको माध्यमद्वारा सम्पादन गरिन्छ । त्यसकारण वैचारिक रूपमा जनसहभागिताको मुख्य तत्व भनेको जागरुक र उद्देश्यमूलक संलग्नता हो, जसको माध्यम जनताले आफ्नो कल्याणमा अभिवृद्धि गर्दछन् (श्रेष्ठ, १९९६) । विकासमा नागरिकको प्रत्यक्ष सहभागिताको पक्षमा सबैभन्दा बलियो तर्क के छ भने यसले प्रजातन्त्रलाई तलैदेखि बलियो बनाउन र सरकारलाई बढी जवाफदेही बनाउन मद्दत पुऱ्याउँछ । जसको अभाव प्रतिनिधिमूलक परम्परागत प्रजातन्त्रमा खड्किएको पाइन्छ । जनसहभागिताले जिम्मेवारी वहन गरेकाहरूको जनतातर्फको उत्तरदायित्व बढाउँछ । मानव जातिलाइ दिगो विकासको केन्द्रविन्दुका रूपमा राखिएको छ । स्थानीय सरकार सम्बन्धी प्रजातान्त्रिक विचारले स्थानीय कार्यमा नागरिकहरूको सक्रिय सहभागितालाई मूल आधार बनाएको हुन्छ जसले तल्लो तहसम्म प्रजातन्त्रलाई बलियो बनाउन भूमिका खेल्दछ । अल्प विकसित देशहरूको लागि निष्क्रिय जनसहभागिता मात्रै पर्याप्त हुँदैन । यसको लागि जनताको सक्रिय सहभागिताले तल्लो तहको लोकतन्त्रलाई बलियो पार्न मद्दत पुऱ्याउँछ । सेवाग्राहीहरूबिच हुने जनकेन्द्रित शक्तिको बाँडफाँड नै वास्तवमा सहभागिता हो । यदि शक्तिको बाँडफाँड समान रूपमा हुँदैन र समाजको कुनै एक हिस्सासँग अर्को विकास योजनामा जनसहभागिताः एक हिस्सासँगभन्दा बढी शक्ति केन्द्रित हुन्छ भने त्यसलाई वास्तविक अर्थमा सहभागिता भनिदैन । सहभागिता र विकेन्द्रीकरणबिच नङ र मासुको जस्तो सम्बन्ध रहेको हुन्छ । अर्को अर्थमा विकास योजना र जनसहभागिता एउटै सिक्काका दुईवटा पाटाहरू हुन् । सफल विकेन्द्रीकरणको लागि स्थानीय जनताको विकास योजना निर्माण, कार्यान्वयन, लाभको वितरण, मूल्याङ्कन आदिमा सक्रिय सहभागिता आवश्यक हुन्छ । योजना निर्माण र निर्णय

प्रक्रियामा जनसहभागिताबिना स्थानीय आवश्यकताहरूको उचित सम्बोधन सम्भव छैन । विकेन्द्रीकरणको प्रक्रियाले जनसहभागिताका अवसरहरूको वृद्धि गर्दछ किनकि यसले स्थानीय जनतालाई आफ्ना समस्याहरूको बारेमा निर्णय गर्ने अधिकार प्रदान गर्दछ । कुनै पनि विकास क्रियाकलापमा जनताको प्रत्यक्ष सहभागिता नै जनसहभागिता हो । फलस्वरूप त्यस्ता विकास क्रियाकलापहरूले स्थानीय आवश्यकतालाई सम्बोधन गर्नेभन्दा पनि दातृराष्ट्र वा सरकारले अवलम्बन गरेका उद्देश्यलाई पूरा गर्ने काम मात्र गरे । यसले गर्दा स्थानीय तहमा रहेका समस्याहरू समाधान हुनेभन्दा पनि परावलम्बी बनाउने काम मात्र गऱ्यो । यसको प्रतिक्रियास्वरूप विकास योजनाको अवधारणा अगाडि आयो । यसले जनतालाई नै विकासका साधन र साध्यको रूपमा ग्रहण गर्दछ (श्रेष्ठ, १९९६) ।

सरकारको सोचाइमा सामुदायिक वन हस्तान्तरण गर्ने कार्यले वन विनास कार्यलाई रोक्ने मात्र नभएर यसले सरकारलाई वन संरक्षण गर्ने कार्यबाट पनि राहत दिलाउँछ । मानिसहरू वन्य स्रोतहरूका वास्तविक उत्पादक र उपयोगकर्ता भएकाले उनीहरू कुशल वन व्यवस्थापक हुन सक्छन् भन्ने विश्वास गरिन्छ । दाहालले लैङ्गिक सवालमा भनेका छन् कि सबै वन उपभोक्ता समूहहरूको वन व्यवस्थापनमा महिलाहरूलाई वन उपभोक्ता समुहको सामूहिक कार्य र प्रभावकारी व्यवस्थापनमा समावेश गरिएको पाइदैन (दाहाल, १९९४) ।

लुम्बिनी अञ्चल भित्रको आफ्नो अध्ययनमा त्यस क्षेत्रमा सामुदायलाई वन हस्तान्तरण गर्नु अघि वनहरू मासिदै गएको, वन क्षेत्र अतिक्रमित हुँदै गएको जैविक विविधता लोप हुँदै गएको र जनताहरूलाई वनजन्य स्रोतहरूको उपलब्धतामा कठिनाई हुदै गएकोमा वन समुदायलाई हस्तान्तरण भए पश्चात् हराएको वन पुनः हरियालीमा परिणत भएको, वन क्षेत्र अतिक्रमण हुने क्रम पनि रोकिएको र समुदायलाई वनजन्य स्रोतको उपयोगमा सजिलो महसुस हुँदै आएका कारण ती क्षेत्रहरूमा सामाजिक एकता बढ्दै गएको र उपभोक्ता समिति पनि बढी सक्रिय संगठित हुदै गएकाले जनसहभागितामा वृद्धि भएको बताएका छन् (भट्टराई, अर्याल र पौडेल, २०६३) ।

सामाजिक, आर्थिक तथा वातावरणीय हिसाबले उपयुक्त र वनले प्रदान गर्ने वस्तु तथा सेवाको निरन्तरता वा वृद्धि हुने गरी दिगो रूपमा वनको व्यवस्थापन गर्ने पद्धतिलाई वैज्ञानिक वन व्यवस्थापन भनिन्छ । वैज्ञानिक वन व्यवस्थापन हुन व्यवस्थापन कार्य वन सम्वर्द्धन प्रणालीमा आधारित हुनै पर्दछ । वन सम्वर्द्धन प्रणालीले पुराना रुखहरू क्रमिक

रूपममा हटाउने, त्यस ठाँउमा नयाँ विरुवाको वन हुर्काउने र तरुणा, बढ्दो उमेरका रुखहरू रहेको स्थानमा ती रुखको उच्च वृद्धिदर हासिल गर्न गरिने विभिन्न वन सम्वर्द्धनका क्रियाकलापहरूलाई जनाउँदछ । यस प्रकृयामा वन क्षेत्रलाई विभिन्न खण्ड, उपखण्डमा विभाजन गरी सतत् रूपमा वन पैदावरको उत्पादन हुने कुरा सुनिश्चित गरिएको हुन्छ । सबै खाले वन (सामुदायद्वारा व्यवस्थापन गरिएको तथा सरकारद्वारा व्यवस्थित) मा दिगो वन व्यवस्थापन (वैज्ञानिक वन व्यवस्थापन) गर्नु पर्ने कुरा धेरै पहिले देखि (२०३३ सालको राष्ट्रिय वन नीति, २०४५ सालको वन क्षेत्र गुरु योजना आदिले उल्लेख गरेका) महसुस गरिएको हो । यसै गरी वन क्षेत्रको संशोधित नीति, २०५७ ले तराइको उत्पादनशिल वनलाई साझेदारी वन वा चक्ला वनको रूपमा वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख भएकोमा तराईको विभिन्न जिल्लामा हालसम्म २१ वटा साझेदारी वनको व्यवस्थापन शुरु भएको पाइन्छ । यसै परिप्रेक्ष्यमा बढ्दो वन पैदावरको माग आपूर्ति गर्न र भावी पुस्ताको लागि नयाँ तथा स्वस्थ्य वन हस्तान्तरण गर्न सरकारद्धारा व्यवस्थित वनको साथै सामुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा समेत वैज्ञानिक वन व्यवस्थापन लागु गर्न आवश्यकता महशुस गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले २०७१/७/२७ मा वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ जारी गरेको छ । (वन तथा भु-संरक्षण मन्त्रालय प्रतिवेदन २०७१) ।

माथि विवेचना गरिएका पूर्व साहित्यबाट वन व्यवस्थापन कार्य योजना सामुदायिक वन संरक्षण र विकास गर्न ज्यादै महत्वपूर्ण छ । समुदायिक वनमा आश्रित उपभोक्ताहरूको जनसहभागिताद्वारा योजना तर्जुमा कार्यान्वयन र निर्णय गर्ने कार्यले गर्दा सामुदायिक वनको व्यवस्थापनमा विकास हुनुको साथै उत्पादन र सुरक्षामा वृद्धि भएको कुरालाई उल्लेख गर्न सकिने छ ।

## २.३ प्रायोगिक समीक्षा

यस पृथ्वीमा बोटबिरुवाको उत्पत्ति भएदेखि नै जंगल र पृथ्वीको घनिष्ट सम्बन्ध रहँदै आएको छ । वनले पृथ्वीलाई बाढी, पहिरो, भू-क्षय आदि हुनबाट सुरक्षा प्रदान गर्दछ भने पृथ्वीले बोट बिरुवालाई आश्रय स्थल दिएको हुन्छ । त्यसैले पृथ्वीमा वनको विनास भएमा मानिस एवम् पृथ्वी दुवै संकटग्रस्त अवस्थामा पुग्ने कुरामा कसैको असहमति देखिदैन ।

यसकारण विभिन्न विद्वानहरूलाई एवम् संघ संस्थाहरूद्वारा प्रकाशित विभिन्न पत्र पत्रिका एवम् पुस्तकहरूमा उल्लेख गरिएका धारणालाई समेत समेटेर सम्बन्धित तथ्यहरूलाई प्रष्ट पार्दा उचित हुने गरी महसुस भएको यस शीर्षकमा विभिन्न पुस्तक पत्रिकाहरूमा विद्वान्हरूद्वारा प्रस्तुत गरिएका यस अध्ययनसँग सम्बन्धित कुराहरूलाई राख्ने प्रयास गरिएको छ ।

वनजंगलको यस प्रकारको महत्व हुँदाहुदै पनि दिन प्रतिदिन मासिदै र नासिदै जानुका पछाडि वन जंगलको व्यापारिक र जीविकोपार्जन दुवै प्रकारले उपयोग भैरहेको छ । मानिसहरूले काठको प्रयोग गरी घर सज्जाका सामाग्रीहरू, उद्योगअन्तर्गत फर्निचर, प्लाइउड, बोर्ड, पेन्सिल, कागज, गोल, कत्था, रोजिन टर्पेनटाईन एवम् क्यूरियोका सामान निर्माण गर्दछन भने अर्को थरि मानिसहरू जीविकोपार्जनका लागि जंगलका फलफूल (गिठा, भ्याकुर, तरुल) खाद्य पदार्थको रूपमा प्रयोग गर्दछन् । पशुपालनका लागि घाँसपात, स्याउलाका साथै औषधीका लागि जडीबुटीको खोजी गर्दछन् । उद्योगधन्दाको विकासमा जस्तो सिमेन्ट, डिष्टीलरी, चुरोट, कपडा, छाला, चुना, ईटा आदिले हरियाली, धर्ती र हावापानीमा प्रत्यक्ष असर पर्न गई कतिपय ठाँउहरू मरुभूमिकरण अवस्थामा गुज्रिनु परेको छ । यसप्रकार वन विनास हुदै जाँदा विभिन्न प्रकारका मानविय उपभोग्य वस्तुहरूको अभाव देखा पर्न थालेको पाइन्छ । वन विनासको कारणले गर्दा मानविय आवश्यकताका वस्तुहरूको अभाव हुनुको साथै वातावरणीय सन्तुलन समेत बिग्रदै जाँदा वनको महत्व प्रष्ट हुन थाल्यो र यस क्षेत्रमा सरकार एवम् जनस्तरबाट समेत वन विकास सम्बन्धी प्रयासहरू हुन थालेको देखिन्छ । यसै कारण नेपालमा वि.सं. २०४५/४६ साल देखि समुदायिक वनको अवधारणा आएको देखिन्छ । सामुदायिक वन सम्बन्धी अवधारणा सुन्नमा जति राम्रो भए पनि हाम्रो जस्तो समाजिक, आर्थिक तथा सांस्कृतिक पृष्ठभूमि भएका अनेक जातजातीको बसोबास र तिनको आफ्नै प्रकारको धर्म संस्कृति भएको हुँदा यी सबैलाई सामुदायिक भावना भित्र ल्याई सामुदायिक वन व्यवस्थापनलाई दिगो रूपमा सञ्चालन गर्नु एक जटिल र चुनौतिपूर्ण कार्य हो । यसै सन्दर्भमा दाहालले वन व्यवस्थापनमा दुई किसिमका परनिर्भरतालाई उल्लेख गरेका छन् । एउटा स्थानीय तवरमा हुने उच्च जातिसँगको अर्को जातिको परनिर्भरता र बाह्य तवरबाट हुने परनिर्भरता । यदि बाह्य क्षेत्रबाट सामुदायिक वनलाई दिने सहयोग बन्द भएमा धेरै सामुदायिक वन नष्ट हुन पुग्दछन् । यस्तो परिस्थितिमा सामुदायिक वनलाई दिगो रूपमा सञ्चालन गर्नु ज्यादै चुनौतीपूर्ण छ (दाहाल, १९९४) ।

देशैभरी छरिएर रहेका ग्रामीण समुदायको सहभागीताको अभावमा नियन्त्रणमूखी तथा केन्द्रीकृत वन प्रशासनले वन संरक्षण तथा व्यवस्थापनमा अपेक्षाकृत सफलता प्राप्त गर्न नसकेको परिणाम स्वरूप तत्कालिन अवस्थामा नेपालले व्यहोरेको तिब्र वन विनाश तथा क्षयीकरणलाई सम्बोधन गर्न सामुदायिक वन विकासको अवधारणा आरम्भ भएको देखिन्छ । सन् १९७० को दशकसम्म देशको सम्पूर्ण वनक्षेत्र सरकारी संयन्त्रबाट केन्द्रीकृत रूपमा नियन्त्रित रहेको सन्दर्भमा समुदायको सहभागीताले वन संरक्षण र व्यवस्थापन गर्न प्रोत्साहन मिलेको अनुभवबाट नेपालमा नीतिगत तथा कानुनी रूपमै सामुदायिक वन विकास प्रकृया विकास तथा बिस्तार भएको हो । (शर्मा, लम्साल र ढकाल ०७४/०७५)

राणाशासनको उत्तरार्धमा वन व्यवस्थापन गर्ने भनेर विदेशी विशेषज्ञहरू झिकाइएको थियो र ति विशेषज्ञले वनको विकास होइन विनास गरेको कुरा यस भनाइले स्पष्ट पार्दछ । नेपालमा पहिलो वन विशेषज्ञ कोलियर आएका थिए । वास्तवमा यिनलाई वनको वैज्ञानिक व्यवस्थापनको भन्दा तत्कालीन भारतमा भैरहेको रेल्वेविस्तारको निमित्त चाहिने सिल्बर नेपालको जंगलमा कटानी गरी पठाउनको लागि नेपालमा पठाइएको थियो । त्यसैले यिनले पूर्व मेची देखि पश्चिम महाकाली सम्मका तराईका जंगलहरूमा व्यापक कटानी गराए । त्यसबेला विश्व युद्धबाट व्याप्त आर्थिक मन्दिले गर्दा जंगलमा काटिएका काठहरू ठूलो परिणाममा खेर गए (तिवारी, २०४६) ।

सामुदायिक वनमा सुशासन मूल्याङ्कन गर्न प्राय सहभागीता, जवाफदेहिता, पारदर्शिता र दुरदर्शिता गरी चारवटा सूचक प्रयोग गरिन्छ । (चौधरी, २००४) । यस प्रकार जिवीकोपार्जनसँगै सुशासनको पक्ष समेत सामुदायिक वनको अभिन्न अंगको रूपमा रहेको छ भने हाल कार्यान्वयनमा रहेको दिगो विकासको लक्ष्य पुरा गर्न पनि सामुदायिक वनले प्रत्यक्ष वा अप्रत्यक्ष योगदान गर्दछन् । सामुदायिक वनले १७ वटा दिगो विकास लक्ष्यहरू मध्ये ५ वटा उद्देश्य प्राप्तिमा योगदान गर्दछन् । सन् २००० देखि २०१५ सम्मको अवधिको लागि तय गरीएको सहस्राब्दी विकास लक्ष्य पुरा गर्न पनि सामुदायिक वनले उल्लेख्य भूमिका खेलेका थिए । (गणेश पौडेल, शंकर अधिकारी, “दीगो विकासको लक्ष्य र सामुदायिक वनको भूमिका”, सामुदायिक वन बुलेटिन, अंक १८,०७४।०७५)

सामुदायिक वनमा आर्थिक, सामाजिक न्याय सुनिश्चित गर्न तथा गरीबी न्यूनिकरण रणनीति अनुरूप सामुदायिक वनको विकास प्रक्रियामा गरिबी विपन्नको समावेशीतालाई

दशौं पञ्चवर्षीय योजनामा समेत जोड दिएको छ । (MFSC,2002) भने तत्पश्चात् लागू भएका पञ्चवर्षीय योजनाहरू चालु आवधिक योजना २०७६-२०८१ मा समेत सहभागीतामूलक वन व्यवस्थापनको माध्यमबाट ग्रामीण समुदायको गरिबी न्यूनिकरणका सवालहरूलाई जोड दिँदै आएको पाईन्छ (www.npc.gov.np) ।

यस अध्ययनको क्रममा सामुदायिक वन हस्तान्तरण सम्बन्धी अन्तराष्ट्रिय प्रयासहरू, सामुदायिक वन हस्तान्तरण गर्नुको कारण, सामुदायिक वन हस्तान्तरण सम्बन्धी शुरू देखि हाल सम्मका नीतिगत कुराहरू वन सम्बन्धी ऐन, कानुनका सान्दर्भिक कुरा, सामुदायिक वन/उपभोक्ता समितिलाई हस्तरण गरे पछि भए गरेका प्रयास, सफल अभ्यासहरू, कुनै व्यक्ति विद्वान्को लेख रचनाहरू, सामुदायिक वन हस्तान्तरण सम्बन्धी भए गरेका प्राप्त हुन सक्ने अनुसन्धानका प्रतिवेदनहरूको अध्ययन गरिने छ । यसरी वन व्यवस्थापन गर्ने ग्रामीण समुदायका उपभोक्ताहरूमा यसबाट जीवनस्तरमा परेको प्रभावको सम्बन्धमा नेपाल सरकारले विगत चार दशक अघिदेखि गरेका प्रयासहरू वन विकास कार्यक्रमको गुरुयोजना, २०४६ पञ्चवर्षिय (आवधिक) योजनाहरू, नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय पाल्पा, तिनाउ सब डिभिजन वन कार्यालय, तिनाउ सामुदायिक वन समन्वय समिति, तिनाउ गाउँपालिका, भूतखोला सामुदायिक वन उपभोक्ता समूह जस्ता समुदायमा आधारित वनसँग सम्बद्ध संस्थाहरूद्वारा संचालन र प्रकाशित विषयवस्तुहरूको अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

वन एक महत्वपूर्ण नवीकरणीय प्राकृतिक स्रोत हो । पछिल्लो वन स्रोत सर्वेक्षण परियोजनाको अध्ययनले नेपालको ४४.७४ प्रतिशत क्षेत्रमा वन रहेको देखाएको छ । यसै मध्येबाट देशको करिव एक तिहाइ वन क्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन हुँदै आइरहेको छ । यही सामुदायिक वन स्थानीय समुदायबाट संरक्षण, सम्वर्द्धन र सदुपयोग हुँदै आइरहेको छ । अहिले देशभरमा १७,९८,७३३ हेक्टर जमिन सामुदायिक वनको रूपमा छ । यही सामुदायिक वनमा २३,९२,७५५ घरधुरी आबद्ध रहेका छन् । देशको कुल सामुदायिक वन क्षेत्र मध्ये ६५ प्रतिशत वन पहाडमा, १९ प्रतिशत वन तराईमा र १६ प्रतिशत वन हिमालमा पर्दछ । तर हालसालैका वर्षहरूमा अन्य क्षेत्रमा जस्तै वैदेशिक रोजगारीको प्रभाव सामुदायिक वनको क्षेत्रमा पनि देखापर्न थालेको छ । सामुदायिक वनले स्थानीय समुदायको

एकातर्फ आधारभुत आवश्यता रहेको दाउरा, घास, काठ, सोत्तर इत्यादिको माग पूरा गरिरहेको छ भने अर्का तर्फ सामुदायिक विकासमा पनि टेवा पुऱ्याइरहेको छ । सामुदायिक वन उपभोक्ता समूहहरूले सामुदायिक वनबाट भएको आम्दानीले समुदायमा आधारित शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, संस्कृति संरक्षण लगायत बाटो, पुल, पोखरी, विद्यालय आदि निर्माण गर्दै आइरहेको पाइन्छ । यसले गर्दा सामाजिक विकास र व्यक्तिको जीवनस्तर सुधारमा ठूलो टेवा पुगेको छ । यसैगरी सामुदायिक वन उपभोक्ता समुहमा महिला, विपन्न, दलित, आदिवासी, जनजाति र पिछडिएको वर्गको सक्रिय सहभागिताले अधिकारमा सुनिश्चितता र नेतृत्व विकासमा मद्दत पुऱ्याएको छ । यद्यपि सामुदायिक वनको द्रुतगतिमा विकास भइरहँदा विभिन्न किसिमका सवालहरू नउठेका पनि होइनन् । समूहमा टाठा बाठाको हालीमुहाली, अपारदर्शिता, न्यायोचित वन पैदावरको वितरणमा समस्या, वास्तविक जनसहभागिता जुटाउने समस्या आदि विषयहरू पहिलेदेखि अहिलेसम्म उठेका सवालहरू हुन् । हालैका वर्षहरूमा विशेष गरी मध्य पहाडी क्षेत्रका ग्रामीण वस्तीहरूमा आएको वैदेशिक रोजगारीको प्रभावले अन्य क्षेत्रमा जस्तै सामुदायिक वनको व्यवस्थापनमा पनि विभिन्न समस्याहरू देखापर्न थालेका छन् ।

गाउँघरबाट युवा जनशक्ति विदेश तर्फ र शहरमा पलायन हुने क्रम तीव्र छ । दैनिक करिब पन्ध्र सय युवाहरू रोजगारीका निमित्त विदेश तिर लाग्छन् । अहिले गाउँघरमा ‘पढेकाले हलो छोडे, नपढेकाले थलो छोडे’ भन्ने उखान विकास भएको छ । हुनपनि पढे लेखेकाहरू शहर तिर वा कलमजीवी बन्न पुगेका छन् भने पढ्न नसक्ने पनि वैदेशिक रोजगारमा आकर्षित भएका छन् । यसको प्रत्यक्ष प्रभाव वन क्षेत्रमा परेको छ । युवा जनशक्ति गाउँमा नबस्दा अहिले सामुदायिक वन उपभोक्ता समूहमा नेतृत्व चयन, कार्यसमिति गठन, कार्ययोजना नवीकरण, वन सम्वर्द्धन, वनको संरक्षण, डढेलो नियन्त्रण, वनपैदावरको उपभोग आदि कुराहरूमा दिनानुदिन समस्याहरू थपिदैछन् । युवा पुस्तामा वनको महत्व बुझाउन नसक्दा र उनीहरूको विदेश प्रतिको मोहले गर्दा जुन उत्साहका साथ सामुदायिक वनले विगतमा गति लिएको थियो सोही साख बचाइ राख्न अबका दिनमा गाह्रो हुँदै गएको छ ।

मध्य पहाडी क्षेत्रका सामदायिक वनहरूमा पहिलेका दशकहरूमा जसरी वनमा आश्रित घरधुरीहरू थिए सो संख्या घट्दो क्रममा छ । यसैगरी वैदेशिक रोजगारी मार्फत भित्रिने विप्रेषणले पनि समुदायको दैनिकीमा नै परिवर्तन ल्याएको छ । विप्रेषणका कारण ग्रामीण

भेगका जनता शहरी क्षेत्रमा बसाइसराइ गर्ने क्रम व्यापक छ । यसका कारण गाउँमा खेती किसानी तथा पशुपालन गर्नेको संख्या दिन प्रति दिन घट्दो अवस्थामा छ । यसले वनप्रतिको निर्भरता घटाएको छ । गाउँमै बस्नेहरूले पनि पहिलेका दशकहरूमा जस्तो वनको उपयोग गरिरहेका छैनन् । विदेशी धनराशिले गाउँघरमा खाना पकाउनका लागि ग्याँस, हिटर र राइस कुकर भित्रिनाले वनमा दाउरा प्रतिको चाप कम छ भने अर्का तर्फ गाउँमा विदेसिनेको बढ्दो जनसंख्याका कारण खेतीयोग्य जमिनमा रुख विरुवाले भरिपूर्ण छन् । विदेश पलायन र शहर केन्द्रित बसाइले गाउँमा सामुदायिक वनहरूको उपयोग विस्तारै कम हुँदै गइरहेको छ । यसले गर्दा सामुदायिक वनमा भएका पैदावर पनि प्रयोग विहीन हुँदैछन् । रोजगारीका प्रशस्त सम्भावना हुँदाहुँदै पनि यसको सही सदुपयोग हुन नसकेको अवस्था छ । अल्पकालीन अवस्थामा वैदेशिक रोजगारी एउटा विकल्प भएपनि दीर्घकालीन रूपमा भने यो निक्कै चुनौतिपूर्ण हुने सम्भावना छ ।

वैदेशिक रोजगारीले गर्दा विद्यमान सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा समेत चुनौती थपिएको छ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५ अनुसार सामुदायिक वन उपभोक्ता समितिमा विपन्न, दलित, आदिवासी, जनजाति समेतको प्रतिनिधित्व हुने गरी कम्तीमा ५० प्रतिशत महिलाको अनिवार्य हुनु पर्ने प्रावधान छ । यसैगरी बाँकी ५० प्रतिशतमा पनि विपन्न, दलित, आदिवासी, जनजातिको समानुपातिक प्रतिनिधित्व गर्नु पर्ने हुन्छ । अध्यक्ष वा सचिवमध्ये एक जना महिला हुनुपर्दछ । साथै समितिमा सबै टोलको समेतको प्रतिनिधित्व हुनु पर्दछ । तर वैदेशिक रोजगारी तथा शहर पलायनका कारण गाउँघरमा मार्गदर्शन अनुसार कार्य समिति चयन गर्न त्यति सजिलो छैन । यताकता समाजमा सेवा निवृत्त व्यक्ति बाहेक गाउँघरमा सामुदायिक वनको नेतृत्व लिन अग्रसर हुने मानिस पाउनै कठिन छ । केही समूहहरू बाहेक धेरै समूहको समिति गठन पश्चात् समय समयमा हुनुपर्ने बैठक तथा आम भेला समयमा हुन सेकेका छैनन् । कहीले काँही त आम भेलामा संख्या नपुगेर पुनः दोहोऱ्याएर भेला राख्नु पर्ने समस्या देखापरेका छन् । यसरी समग्रमा सामुदायिक वनको प्रचुर सम्भावनालाई वैदेशिक रोजगारीले नकरात्मक प्रभाव पार्न थालेको छ । यो समस्यालाई समयमै निराकरण गर्न नसकेको खण्डमा नेपालको सामुदायिक वन कार्यक्रमलाई नै प्रभावित पार्ने सम्भावना देखिन्छ । अन्तत सामुदायिक वनमा वैदेशिक रोजगारीले पारेको प्रभावलाई सूक्ष्म ढंगबाट

अध्ययन गरेर यसको विकासका लागि अग्रसर हुनुपर्ने आवश्यकता देखिएको छ (थापा, २०७३) ।


चालिस वर्षदेखि विकास हुँदै आएको नेपालको सामुदायिक वन कार्यक्रम राष्ट्रको गौरवको रूपमा पहिचान छ । प्राकृतिक स्रोत व्यवस्थापनको सन्दर्भमा यसले अन्तर्राष्ट्रिय स्तरमा समेत नविनतम अभ्यास स्थापना गर्न सफल भएको छ । नेपालका ग्रामीण समुदायको जीविकोपार्जनको प्रमुख आधारको रूपमा समेत यसलाई लिन सकिन्छ । लामो अभ्यासबाट जन्मिएको यो अवधारणाले नेपालको अर्थतन्त्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा टेवा पुऱ्याएको छ । कानूनी रूपमा नै सामुदायिक वनको विस्तार हुँदै जाँदा यो एउटा स्वायत्त संस्थाको रूपमा विकास भएको छ । वन ऐन, २०४९ ले सामुदायिक वन उपभोक्ता समूहलाई एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित एवम् सङ्गठित संस्थाको परिकल्पना गरेको छ । त्यो आज आएर झनै सान्दर्भिक छ । यसैको परिणामस्वरूप हाल नेपालमा २२,३६६ सामुदायिक वन उपभोक्ता समूहद्वारा करिब २२ लाख हेक्टरभन्दा बढी वन क्षेत्रको व्यवस्थापन हुँदै आएको छ । वातावरण संरक्षण र भौतिक विकास बिचको अन्तरद्वन्दले हरेक मानवलाई छोएको छ । वातावरणको सन्तुलन कायम राख्दै नेपालमा सामुदायिक वनको अवधारणा आए पश्चात् वन संरक्षणमा यसको प्रभाव ज्यादै सकारात्मक बनेको छ जसको परिणाम ३९ प्रतिशतमा रहेको वन क्षेत्र हाल आएर ४४.७४ प्रतिशत पुगेको छ । यसरी वन वृद्धि हुनुमा स्थानीय समुदाय तथा जनपक्षीय कानुन बनाउन सहजीकरण गर्ने अग्रजहरूको अहम् भूमिका छ । सामुदायिक वनको उपलब्धि र योगदानलाई विश्लेषण गर्न सकिने आधारहरू रहे तापनि यो कार्यक्रम स्थापना कालदेखि नै तराई, पहाडी, र हिमाली क्षेत्रमा एकै समयमा विस्तार तथा विकास हुन भने सकेन । हस्तान्तरणको सवाल, स्रोतको बाँडफाँड, उपभोक्ताको पहिचान, व्यवस्थापनमा सहभागिता, प्राविधिक सहयोग, विधान र कार्ययोजनाको संशोधन तथा परिमार्जन, समूहभित्रको सुशासन पद्धति, समय समयमा आउने विभागीय परिपत्र हुँदै देश संघीय संरचानामा आइपुग्दा तीनवटै सरकारको साझा सूचीमा परेको सामुदायिक वनको विकास गति रोकिएको हो कि ? भन्ने आम जनगुनासो छ । यसै सन्दर्भमा सामुदायिक वनको विभिन्न क्षेत्रमा लामो समयसम्म काम गर्दै आउनु भएका विभिन्न व्यक्तिहरूसँग छलफल गरी सामुदायिक वनको वर्तमान अवस्था र भावी कार्यदिशाको बारेमा विश्लेषण गरिएको छ (वन तथा भू-संरक्षण विभाग, २०७६) ।

नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर मध्ये ४४.७४ प्रतिशत क्षेत्रफल वनक्षेत्रले ओगटेको छ । सहभागीतामूलक वन व्यवस्थापन पद्धतिबाट जैविक विविधता एवम् वातावरणीय सेवाको संरक्षण गर्दै स्थानीय तथा राष्ट्रिय स्तरमा वन पैदावारको आपूर्ति वनमा आधारित उद्यम विकास, आयआर्जन तथा रोजगारी सिर्जना मार्फत नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने संकल्प पुरा गर्न उल्लेख्य टेवा पुऱ्याउने वनक्षेत्रको उद्देश्य रहेको छ (लम्साल, २०७५) ।

खासगरी वनक्षेत्र वरिपरी रहेका स्थानीय समुदायलाई वनक्षेत्रको संरक्षण र विकासको लागि जिम्मेवार बनाउन र स्थानीय समुदायको प्रत्यक्ष सहभागीता सूनिश्चित गर्ने गरी सामुदायिक वन विकास कार्यक्रमलाई पहिलो प्राथमिकताको रूपमा मार्गदर्शन गर्न तत्कालिन सरकारले वि.सं. २०४६ मा २१ वर्षको लागि वन विकास गुरुयोजनालाई आधिकारीकता दियो । गुरुयोजनाले पारदर्शिता, जवाफदेहिता, सहभागिता सुशासन जस्ता सूचकहरूलाई अंगिकार गरी सामूदायिक वनको माध्यमबाट सुशासन सुदृढिकरणमा जोड दिएको पाइन्छ (चापागाई, २०७३) ।

## २.४ अवधारणात्मक ढाँचा

विभिन्न क्षेत्रमा सरोकार राख्ने विद्वानवर्ग, सरकारी तथा गैर सरकारी संघ संस्था, व्यक्ति आदिबाट हालसम्म भएका अथक प्रयासले सामुदायिक वन उपभोक्ता समूहको वास्तविक पहिचानमा थोरै भएपनि सहयोग पुगेको छ । सामुदायिक वन उपभोक्ता समूहको सामाजिक तथा आर्थिक पक्षको अन्तर सम्बन्ध र यी तत्वहरूले पार्ने असरको विषयमा भने गहिरो अध्ययन हुन सकेको देखिदैन । पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं ३ मा सञ्चालित भूतखोला सामुदायिक वन उपभोक्ता समूहको सामाजिक र आर्थिक तत्वहरूले वर्तमान जीवनमा पारेको प्रभाव बारेमा प्रकाश पारिएको छ । यस सामुदायिक वन भित्रका उपभोक्ताहरूको अध्ययन अनुसन्धान गर्ने क्रममा निम्न लिखित मुख्य विषयवस्तु भित्र रही शोध कार्य गरिएको छ ।




सामुदायिक वनमा आबद्ध उपभोक्ताको सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्ने क्रममा सामाजिक पक्ष अन्तर्गत जनसंख्या, उमेर, जात, वैवाहिक स्थिति, पारिवारिक किसिम, शैक्षिक स्थिति, सामुदायिक वनले दिने तालिम आदिलाई लिइएको छ । आर्थिक अवस्था अन्तर्गत उत्तरदाताको पेशा, आम्दानी, खर्च भू-स्वामित्व, ऋणसम्बन्धी विवरणलाई लिइएको छ ।

## २.५ अध्ययनको भिन्नता

सामुदायिक वन सम्बन्धित विषयमा (चौधरी २००४) ले सामुदायिक वनमा सुशासन मूल्याङ्कन गर्न प्राय सहभागीता, जवाफदेहिता, पारदर्शिता र दुरदर्शिता सम्बन्धी रहेर कार्य भएको छ । त्यसैगरी (थापा २०७३) ले सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा २०६५ अनुसार सामुदायिक वन उपभोक्ता समितिमा विपन्न, दलित, आदिवासी, जनजाति समेतको प्रतिनिधित्व हुने गरी कम्तीमा ५० प्रतिशत महिलाको अनिवार्य हुनु पर्ने प्रावधान प्रस्तुत गरिएको छ । (चापागाई २०७३) द्वारा समुदायलाई वनक्षेत्रको संरक्षण र विकासको लागि जिम्मेवार बनाउन र स्थानीय समुदायको प्रत्यक्ष सहभागीता सुनिश्चित गर्ने गरी सामुदायिक वन विकास कार्यक्रमलाई पहिलो प्राथमिकताको रूपमा मार्गदर्शन गर्न

तत्कालिन सरकारले वि.सं. २०४६ मा २१ वर्षको लागि वन विकास गुरुयोजनालाई आधिकारीकता दियो । गुरुयोजनाले पारदर्शिता, जवाफदेहिता, सहभागीता सुशासन जस्ता सूचकहरूलाई अंगिकार गरी सामूदायिक वनको माध्यमबाट सुशासन सुदृढिकरणमा जोड दिएको पाइन्छ । सामुदायिक वनको विषयमा (लम्साल २०७५) ले नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर मध्ये ४४.७४ प्रतिशत क्षेत्रफल वनक्षेत्रले ओगटेको छ । सहभागीतामूलक वन व्यवस्थापन पद्धतिबाट जैविक विविधता एवम् वातावरणीय सेवाको संरक्षण गर्दै स्थानीय तथा राष्ट्रिय स्तरमा वन पैदावारको आपूर्ति वनमा आधारित उद्यम विकास, आयआर्जन तथा रोजगारी सिर्जना मार्फत नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने संकल्प पुरा गर्न उल्लेख्य टेवा पुऱ्याउने वनक्षेत्रको उद्देश्य राखिएको छ । यसरी समुदायिक वन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान भएका तर ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव भन्ने शीर्षकमा अध्ययन अनुसन्धान हालसम्म नभएकोले प्रस्तुत अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धती

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

शोधपत्र अध्ययन अनुसन्धान गर्ने क्रममा लुम्बिनी प्रदेश अन्तर्गत १२ ओटा जिल्ला मध्ये पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ३ स्थितमा रहेको भूतखोला सामुदायिक वन छनौट गरिएको छ । यस अध्ययनले दिगो विकास अवधारणामा आधारित वन व्यवस्थापन कार्यले उपभोक्ताहरूको सामाजिक तथा आर्थिक पक्षमा आएको परिवर्तनलाई विश्लेषण गर्नेछ । अध्ययन क्षेत्र रहेको पाल्पा जिल्लामा दिगो वन व्यवस्थापन कार्य योजना निर्माण भई थालनी भएको छ । यस जिल्लाको पूर्वमा नवलपरासी तथा स्याङ्जा जिल्ला, पश्चिममा दाङ अर्घाखाँची जिल्ला र उत्तरमा गुल्मी जिल्ला र दक्षिणमा रूपन्देही जिल्ला पर्दछ ( डिभिजन वन कार्यालय तानसेन पाल्पा प्रतिवेदन, २०७६) ।

भूतखोला सामुदायिक वन पाल्पा जिल्लाकै नमुना सामुदायिक वन हो । यो सिद्धार्थ राजमार्गसँग जोडिएको छ । शहर उन्मुख समाज भएकोले अध्ययनसँग सम्बन्धित तथ्याङ्क संकलन गर्न सजिलो हुने हुँदा यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

अध्ययन गरिने विषय वस्तुमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा प्राथमिक र द्वितिय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क संकलन गरिएको छ । द्वितिय स्रोत अन्तर्गत वन विभाग, डिभिजन वन कार्यालय तानसेन पाल्पा, डिभिजन वन कार्यालय तानसेन, भूतखोला सामुदायीक वन र तिनाउ गाउँपालिकाद्वारा उपलब्ध भएका

तथ्याङ्कहरूलाई लिइएको छ । कुनै पनि अध्ययन सर्वेक्षणमा तथ्याङ्क प्राप्त गर्ने सामान्यतया प्राथमिक र द्वितिय स्रोत रहने गर्दछ । यस अध्ययन कार्यमा संख्यात्मक र गुणात्मक तथ्याङ्कहरूलाई तथ्याङ्कको स्रोत मानी समावेश गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अन्तरवार्ता अनुसूची तयार गरी अन्तरवार्ता, स्थलगत सर्वेक्षण, अवलोकन, समूह छलफल र प्रत्यक्ष भेटघाट विधिको प्रयोग गरिएको छ ।

### ३.३.२ द्वितिय स्रोत

पत्रपत्रिकाका लेख र समाचार, पुस्तक, स्थानीय निकायबाट प्राप्त स्रोत र प्रतिवेदन आदिको प्रयोग गरिएको छ ।

## ३.४ समग्रता नमुना छनौट विधि

भूतखोला सामुदायिक वन तिनाउ गाउँपालिका वडा नं. ३ पाल्पा स्थित सिद्धार्थ राजमार्गसँग जोडिएर रहेको छ । कुल ८४.८७ हेक्टर क्षेत्रफलमा फैलिएको यो वन प्रजातिगत हिसाबले साल मिश्रीत वन हो, भने यस सामुदायिक वनको उपभोक्ता समूहमा दलित ७, मगर २३ र ब्राह्मण २२ गरी जम्मा ५२ घर उपभोक्ताहरूबाट सम्भावना रहित नमूना छनोट विधिको प्रयोग गरी उत्तरदाताको लिङ्ग, वर्ग समुदायको प्रतिनिधित्व हुने गरी मगर जातिबाट १९ जना, ब्राह्मणबाट १३ र दलितबाट ३ जना गरी जम्मा ३५ जना उपभोक्ताहरूमा ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रयासहरूको मात्र अध्ययन गर्नुको कारण कुल जनसंख्यामध्येबाट अन्तर्वार्ता प्रश्नावलीलाई आधारमानि प्रश्नावली भराउदा सबै उत्तरदाताहरूको उस्तै उस्तै उत्तर आएकोले यी ३५ जना उत्तरदाताको उत्तरलाई अध्ययनमा सीमित गरिएको छ । स्रोतका अलावा प्राथमिक स्रोत पनि यसमा प्रयोग गरी अध्ययनलाई संख्यात्मक र वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन पद्धति

अनुसन्धान कार्यको योजना तयार भैसकेपछि अनुसन्धानको उद्देश्य, समस्या, विषयवस्तु, अध्ययन क्षेत्रको परिस्थिति, अनुसन्धानकर्ताको क्षमता र उपलब्ध स्रोत साधनलाई ध्यानमा राखेर सम्बन्धित क्षेत्रमा बसेर त्यहाँका बासिन्दासँग नजिक भई प्रश्नावली, अन्तर्वार्ता, स्थलगत अवलोकन आदि विधिको माध्यमद्वारा तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको छ ।

### ३.५.१ प्रश्नावली

यस अध्ययनका लागि प्रश्नावली मुख्य विधिको रूपमा प्रयोग गरिएको छ । प्रश्नावली विधि अन्तर्गत अध्ययन क्षेत्रमा गई प्रत्यक्ष रूपमा उत्तरदातासँग भेटी मुख्यत वनजंगलका बारेमा र वन व्यवस्थापन सम्बन्धी विषयमा रहेका प्रश्नहरूको जवाफ प्रश्नावलीमा भराइएको छ । साथै उत्तरदाताको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षसँग पनि प्रश्न र जवाफ गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता

यस सामुदायिक वन व्यवस्थापन कार्यका जानकार व्यक्ति, पूर्व पदाधिकारीहरूबाट प्राप्त सुचना तथा तथ्याङ्क एकत्र गर्ने कार्य गरिएको छ । यसरी अनुसन्धानकर्ताबाट सोधिएका प्रश्नहरूको उत्तर वा प्रश्नहरूबाट विविध र बहुमूल्य जानकारी प्राप्त भई मनन योग्य नयाँ परिकल्पना बनाउन समेत सहयोग पुग्ने छ । प्रश्नावली एवम् अवलोकनबाट छुटेका कुराहरू जान्नका लागि अन्तर्वार्ता प्रक्रियाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

### ३.५.३ स्थलगत अवलोकन

अवलोकन सूचना संकलन गर्ने एक प्रभावकारी विधी भएकोले यसलाई पनि तथ्यहरू संकलनका लागि प्रयोग गरिएको छ । प्रश्नावली र अन्तर्वार्ताबाट मात्रै सबै प्रकारका तथ्यहरू संकलन गर्न सम्भव नहुने हुँदा त्यस्ता तथ्यहरू अवलोकन विधिद्वारा संकलन गरिएको छ । प्रस्तावना तयार गर्ने क्रममा सामुदायिक वन क्षेत्र वरीपरी रहेका बसोबास प्रकृया, सामुदायिक वनको उपभोक्ता सदस्यता प्राप्त प्रकृया, गरिबी न्यूनिकरणका लागि अवलम्बन गरेका प्रकृया, बालीनालीको अवस्था, वातावरणीय समस्या, पर्यटन गतिविधि,

वार्षिक बजेट विनियोजन, कार्य योजनाहरूको अध्ययन, उपभोक्ता समुहको निर्णय प्रकृया जस्ता आर्थिक, भौतिक र वातावरणीय पक्ष आदि कुराहरूको स्वयम् उपस्थित तथा सहभागी भइ अवलोकन गरिएको छ । यस प्रकारका तथ्यहरू प्रश्नावली र अन्तर्वार्ताभन्दा अवलोकन विधिद्वारा संकलन गर्न सजिलो र समय पनि कम लाग्ने भएकाले यो विधी अपनाइएको छ ।

## ३.६ तथ्याङ्कहरूको प्रशोधन, विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्कको विश्लेषणको लागी वर्णात्मक पद्धति अन्तर्गत प्रतिशत प्रयोग गरिएको छ । तथ्याङ्क संकलन प्राथमिक र द्वितिय स्रोतका आधारमा गरिने हुँदा तथ्याङ्कलाई संख्यात्मक र गुणात्मक रूपमा प्रस्तुत गर्ने क्रममा प्राथमिक स्तरबाट प्राप्त तथ्याङ्कलाई तालिकाबाट प्रस्तुत गरिएको छ भने अवलोकन, अन्तर्वार्ताबाट प्राप्त जानकारीहरूलाई वर्णात्मक र आवश्यकता अनुसार तालिकामा समेत प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्कको वैधानिकता

यस अध्ययनको नैतिक आचरणका लागि अध्ययन क्षेत्रमा भए गरेका घरायसी कुराहरूलाई बाहिर ल्याउने क्रममा उत्तरदाताको नाममा परिवर्तन गरी उनीहरूको व्यक्तिगत घटनालाई बाहिर उजिल्याइएको छ । अध्ययनको क्रममा अध्येतासँग सुरुसुरुमा उनीहरूका घरमा घटेका घटनाहरू बाहिर ल्याउँदा घरायसी समस्या एवम् समाजमा मानप्रतिष्ठामा आँच आउने कुरालाई लिएर उत्तरदाताहरू उत्तर दिन संकोच मानिरहेका थिए । अध्येता उपभोक्ताहरू नै त्यस क्षेत्रको कर्मचारी एवम् स्थानीय भएकोले उनीहरूसँग नजिकिन सजिलो एवम् उनीहरूका घटनाहरूलाई सिधै बाहिर नल्याउने, ल्याउँदा नाम, थर र ठेगाना समेत फरक पारी उनीहरूको नाम गोप्य नै राखि यस अध्यनयनमा नैतिक आचरणलाई पालना गरिएको छ । तर अध्ययनमा उत्तरदाताहरूको गोप्यताको लागि नाम, थर फरक पारिए पनि घटना भने सत्य तथ्य नै रहेका छन् । अध्ययन क्षेत्रका उत्तरदाताहरूको संवेदनशिलता र गोपनीयतालाई पूर्ण रूपमा सम्मान गरिएको छ । सूचना प्राप्तिका लागि उत्तरदातासँग जबरजस्ती गरिएको छैन ।

# अध्याय चार

## ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनको प्रभाव

नेपालको संघीय संरचना अनुसार नेपाललाई ७ प्रदेश र ७७ जिल्लामा विभाजन पछि गौतम वुद्धको जन्मस्थलको रूपमा परिचित लुम्बिनी प्रदेशका १२ जिल्लाहरू मध्ये पाल्पा पहाडी जिल्ला हो । विश्व मानचित्रमा यस जिल्ला २७ डि.३४ मिनेट, देखि २७ डि. २७ मि. सम्म उत्तरी आक्षांस र ८३ डि.१५ मि. देखि ८४ डि.२२ मी. सम्म पूर्वी देशान्तरमा अवस्थित छ । १३७३ वर्ग कि.मी. क्षेत्रफल भएको जिल्लाको पूर्व पश्चिम ७० कि.मी. र उत्तर दक्षिण सरदर २० कि.मी. भएकोले सानै रूपमा भए पनि झण्डै नेपाल जस्तै देखिन्छ । क्षेत्रफलको हिसाबले यस जिल्लाले नेपालको कूल भू-भागको ०.९३ प्रतिशत भू-भाग ओगटेको छ । जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा गुल्मी अर्घाखाँची उत्तरमा स्याङ्जा गुल्मी र दक्षिणमा रूपन्देही रहेको छ । सरदर तापक्रम ८ डि.से. देखि २८ डि.से. सम्म हुनाले पाल्पा जिल्ला हावापानीको हिसावले बसोबासका निम्ति अत्यन्त उत्तम छ । सरदर वार्षीक वर्षा १९०३.२ मि.मी. हुन्छ । चुरे पहाडमा १८ प्रतिशत र महाभारत श्रृंखलामा ८२ प्रतिशत भू-भागले गर्दा जिल्लाको अधिकांश पहाडी भूवनोटको कारण विकट छ । रामपुर, माडी, अर्गली, कचल, दर्पूक जस्ता फाँट र काली गण्डकीका तट बाहेक अन्य भाग कृषि उत्पादनका लागि कम उपयुक्त छ ।

पाल्पा जिल्लाका मुख्य वनस्पतीमा साल, सिसौ, सिमल, जामुन, टुनी, चाप, हर्रो, वर्रो आदि वेसी तथा चुरे क्षेत्रमा पाइन्छ भने काफल, चिलाउने, कटुस, सल्लो, लालीगुराँस आदि लेक तथा महाभारत श्रृंखलामा पाइन्छन् । कालीगण्डकी मुख्य नदी हो जसले लुम्बिनी र गण्डकी प्रदेशको सिमा नदीको काम गरेको छ । यसका अतिरिक्त जिल्लामा रिडीखोला, तिनाउ खोला, निस्दीखोला, आरुङखोला, दोभानखोला, कुसुमखोला, वराङ्गदीखोला, कुरुङखोला, अगाँहाखोला, पूर्वखोला, झुम्साखोला जस्ता साना ठूला नदी तथा खोलाहरू छन् । सत्यवती ताल, सीता कुण्ड र प्रभास ताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरू हुन् । सेनवंशी र मगराँती पृष्ठभूमि बोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ । राणाकालीन चार कमाण्डरहरू मध्ये एक रहने

अहिलेको लुम्बिनी प्रदेश भन्दा ठूलो प्रशासनीक इकाईको रूपमा रहेको र सुदुर पश्चिमका जनताले समेत गल्ती गरेमा पाल्पा चलान भन्ने गरेबाट यो पश्चिम नेपालकै राजधानीको रूपमा रहेको पुष्टि हुन्छ ।

विश्वमा परिचित पर्यटकीयस्थल पोखरा तथा धार्मिकस्थल लुम्बिनीको बिचमा अवस्थित पाल्पाको सदरमुकाम तानसेनको पर्यटकीय महत्वको कारणले गर्दा तानसेन नगरपालिका नमूना शहरको रूपमा मानिन्छ । यसै शहरको मुकुटको रूपमा रहेको श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ जहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता विश्व प्रसिद्ध हिमश्रृंखलाहरूको दृश्यावलोकन गर्न सकिन्छ । आफ्नै भाषा र संस्कृतिले धनी मगर जातिको बाहुल्य रहेको र अन्य प्राकृतिक सौन्दर्यले समेत ग्रामीण पर्यटनको पनि त्यत्तिकै सम्भावना देखिन्छ । सत्यवती ताल, भैरवस्थान, नारायणस्थान, ऋषिकेश मन्दिर, रम्भादेवी, भगवती स्थान, अर्गली, रानीघाट, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङ्गढी जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ । जिल्लाले आधुनिक कृषि प्रणालीको माध्यमबाट आर्थिक विकासको निम्ति विभिन्न प्रयासहरू गर्दै आएको छ । पर्यटन, व्यावसायिक ढाका र करुवा तथा भाडावर्तन निर्माणका उद्योगहरूले यस जिल्लाको आर्थिक विकासमा केही हदसम्म टेवा पु¥याउने गरेका छन् । राज्यका विविध सेवामा माथिल्लो स्थानमा जिल्लाबासीहरू रहेता पनि भारत र खाडी क्षेत्रमा रोजगारी नगरी अधिकांश युवाहरूले आफ्नो परिवार चलाउन नसक्ने तीतो यथार्थ पनि विद्यमान छ । त्यसैले आधुनिक तथा व्यावसायिक कृषि प्रणाली, मानव संशाधनको विकास, व्यावसायिक तालीम तथा शिक्षा, उन्नत पशुपालन आदिलाई प्रवर्द्धन गर्नु वर्तमान आवश्यकता बनेको छ । सिद्धार्थ राजमार्गले यस जिल्लाको विकासको ढोका खोलेको छ । यसका अतिरिक्त आ¥यभन्ज्याङ्ग-रामपुर, वाँसटारी-झडेवा, तानसेन-दर्लमडाँडा, हार्थोक-छहरा र तानसेन-रिडी जस्ता जिल्ला सडकहरूले पाल्पाको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । सरदर ५८.६६ प्रतिशत घरधुरीले मात्र विद्युत सेवा उपलब्ध गरेका छन् । हाल सिडीएमए र मोवाइल सेवाले जिल्लाका अधिकांश गा.वि.स.हरूमा टेलीफोन सेवा उपलब्ध हुन थालेको  छ । जिल्लाको विकासको लागि कृषि, यातायात, विद्युत, संचार, पर्यटन, शिक्षा, स्वास्थ्य, आदि सम्पूर्ण कुरामा जिल्लाको प्रयासमा केन्द्रको समेत सहयोग अपरिहार्य रहेको छ ।

साविकका कचल, दोभान, कोलडाँडा र मस्याम गा.वि.स. मिलाएर ६ वडामा विभाजन गरिएको तिनाउ गाउँपालिका २०२ वर्ग कि.मि. क्षेत्रफल, ३९८८ घरधुरी, १९,२३८ जनसंख्या रहेकोमा मगर जाति ७५ प्रतिशत दलित जाति १२ प्रतिशत, तथा वाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, कुमाल, थकाली लगायतका अन्य जाति १३ प्रतिशत र १ घरधुरी लोपोन्मुख पत्थरकट्टा (कुशवाडिया) जाति सहितको पौराणिक इतिहास बोकेको पाल्पा जिल्लाको प्रशिद्ध तिनाउ नदीको नामबाट नामाङ्कित यस तिनाउ गाउँपालिका सुन्दर वातावरणमा रहेको छ ।

पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट दक्षिण पश्चिममा पर्ने तिनाउ गाँउपालिका जिल्लाकै महत्तवपूर्ण गाउँपालिका हो । यस गाउँपालिकाको पूर्वमा माथागढी गाउँपालिका, पश्चिममा रैनादेवी छहरा गाउँपालिका, उत्तरमा तानसेन नगरपालिका र रिब्दीकोट गाउँपालिका तथा दक्षिणमा रूपन्देही जिल्लाको बुटवल उप महानगरपालिका र सैनामैना नगरपालिकासँग जोडिएको छ । प्रसिद्ध सिद्धबाबा मन्दिरको काखमा रहेको सिद्धार्थ राजमार्गले बिचबाट काटेको शहरी केन्द्रको रूपमा स्थापित हुन गइरहेको यस तिनाउ गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधामा वृद्धि गर्दै गाउँको छुट्टै पहिचान कायम गर्नुपर्ने देखिन्छ ।

पाल्पा जिल्लामा अवस्थित तिनाउ नदीको फराकिलो क्षेत्र, समथर कृषि मैदान, हरियाली वनजङ्गल, जन्तिलुङ्ग, रिङसिङलेक, पाटन, ठुलिउदाङ, हात्तिलेक, सत्यवतीताल, सुकेताल, जितगढी, नुवाकोट, रामापिथेकस क्षेत्र, सिद्धबाबा मन्दिर जस्ता प्राकृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरूबाट प्रचुर सम्भावना रहेको, समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ ।

## ४.१ ग्रामीण समुदायको जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको आर्थिक प्रभाव

यस सामुदायिक वन वरिपरिका तिनाउ गाउँपालिका वडा नं. ३ को आर्थिक अवस्था मध्यम स्तरको पाइन्छ । दोभान, झुम्सा हाटबजार लाग्ने हुँदा व्यापार तर्फ धेरै आकर्षण रहेको पाइन्छ । यी हाटबजार क्षेत्र यहाँबाट केही मिनेटको दुरीमा पर्ने हुँदा आफ्नो कृषि उपज, पशुपालनबाट बाखा, कुखुरा लगायत र सानोतिनो घरेलु व्यवसायबाट उत्पादित

उत्पादनलाई बजारसम्म पुऱ्याएर अहिले यहाँका बासिन्दाहरूको आर्थिक स्थिति सुध्रदै गएको पाइन्छ । यस गाउँपालिकाको विभिन्न क्षेत्रमा लाग्ने साप्ताहिक हाटबजारहरूले पनि यस क्षेत्रका कृषकहरूको उत्पादन बिक्री वितरण गर्नमा सहजता ल्याएको देखिन्छ । आजभोली यहाँका कृषकहरू बढी आधुनिक कृषि बाली तर्फ आकर्षिक हुन थालेका हुँदा उनीहरूको आर्थिक स्थिति राम्रो देखिन्छ ।

### ४.१.१ अध्ययन क्षेत्रको जातीगत जनसंख्याको विवरण

अध्ययनका लागी छनौटमा परेका ३५ घरधुरीको जनसंख्या विवरणलाई तालिकामा यसरी हेर्न सकिन्छ ।

**तालिका १ : उत्तरदाताको जातीगत जनसंख्या विवरण**

| जातजाति | घरधुरी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| मगर | १९ | ५५ | ४२ | ९७ |
| ब्राह्मण/क्षेत्री | १३ | ३८ | ३५ | ७३ |
| दलित | ३ | २१ | २२ | ४३ |
| जम्मा | ३५ | ११४ | ९९ | २१३ |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका १ लाई विश्लेषण गर्दा अध्ययनका लागि छनौटमा परेका ३५ उपभोक्ताहरूमा विभिन्न जातजातिहरूको समुहमा अध्ययन गर्दा मगर जातिको १९ घरधुरीमा ५५ जना पुरुष र ४२ जना महिला, ब्राह्मण/क्षेत्री जातिको १३ घरधुरीमा ३८ पुरुष र ३५ महिला र दलित जातिको ३ घरधुरीमा २१ पुरुष र २२ महिला रहेको पाइन्छ ।

### ४.१.२ उत्तरदाताको मुख्य पेशा

**तालिका २ : उत्तरदाताको पेशागत विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि, पशुपालन | ९ | २५.७१ |
| नोकरी | ७ | २० |
| व्यापार | ५ | १४.२८ |
| मजदुरी, अन्य | १० | २८.५८ |
| वैदेशिक रोजगार | ४ | ११.४३ |
| जम्मा | ३५ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. २ लाई विश्लेषण गर्दा कुल ३५ जना मध्ये ९ जना अर्थात २५.७१ प्रतिशत मानिस कृषि तथा पशुपालनमा संलग्न छन् । ७ जना अर्थात २० प्रतिशत मानिस नोकरीमा आश्रित छन् । ५ जना अर्थात् १४.२८ प्रतिशत मानिसको पेशा व्यापार रहेको छ । १० जना अर्थात २८.५८ प्रतिशत मानिस मजदुरी गर्दछन् भने ४ जना अर्थात ११.४३ प्रतिशत मानिस वैदेशिक रोजगारमा रहेको पाइन्छ । यस क्षेत्रका उपभोक्ताहरूमध्ये अधिकतम मजदुरी र कृषि कार्य तथा पशुपालनमा संलग्न रहेको देखिन्छ । समग्रमा कृषि पेशालाई छोडी अन्य पेशा अगाल्नेको संख्या बढी देखिन्छ । यसो हुनुमा आधुनिक कृषि प्रणालीको लागु नगरी परम्परागत कृषि प्रणालीमा आश्रित रहनु हो ।

### ४.१.३ उत्तरदातामा भू-स्वामित्वको अवस्था

अध्ययन क्षेत्रमा रहेका मानिसहरूको भू-स्वामित्वको अवस्थालाई तालिकामा यस प्रकार देखाइएको छ ।

**तालिका ३ : उपभोक्ताहरूको भू-स्वामित्वको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| १० रोपनी | ५ | १४ |
| ११- २० रोपनीसम्म | ९ | २६ |
| २१-३० रोपनीसम्म | ७ | २० |
| ३१- ४० रोपनीसम्म | ९ | २६ |
| ४० रोपनी भन्दा बढी | ५ | १४ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ३ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा १० रोपनीसम्म जग्गा हुने ५ जना अर्थात १४ प्रतिशत मानिस, ११ देखि २० रोपनीसम्म जग्गा हुने ९ जना अर्थात २६ प्रतिशत मानिस, २१ देखि ३० रोपनीसम्म जग्गा हुने ७ जना अर्थात २० प्रतिशत, ३१ देखि ४० रोपनीसम्म हुने ९ जना अर्थात २६ प्रतिशत र ४० रोपनी भन्दा माथि जग्गा जमिन हुनेको संख्या ५ जना अर्थात १४ प्रतिशत मानिस रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा भू-स्वामित्वको अवस्थामा व्यापक भिन्नता रहेको उत्तरदाताहरूको भू-स्वामित्व विवरणले प्रष्ट हुन्छ । उपरोक्त बमोजिमको भू-स्वामित्वमा अधिकांशको थोरै भए पनि खेत रहेको हुँदा थोरै जग्गामा पनि खेती राम्रै हुने भएता पनि ज्यादै कम जग्गा रहेको कृषकहरूको स्थिति न्यून खालको पाइन्छ । वर्तमान अवस्थामा पूर्ख्यौली रूपमा रहेको जग्गा जमिनमा सामुदायिक वनको अवधारणा पछि पशु आहारको व्यवस्था भएपछि पशुपालन व्यवसाय गरेको देखिन्छ ।

## ४.१.४ उत्तरदाताको खाद्यान्न अवस्था

अध्ययनका क्रममा तपाइको जमिनबाट उत्पादन भएको अन्नले कति महिनासम्म खान पुग्छ र नपुग भए के गर्नुहुन्छ भनि सोधिएको प्रश्नमा उत्तरदाताहरूले दिएको उत्तरको आधारमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : उपभोक्ताहरूको खाद्यान्नको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना भन्दा कम खान पुग्ने | ५ | १४ |
| ३ महिना मात्र खान पुग्ने | ९ | २६ |
| ६ महिनासम्म खान पुग्ने | ७ | २० |
| ९ महिनासम्म खान पुग्ने | ९ | २६ |
| १२ महिना खान पुग्ने | ५ | १४ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ४ लाई विश्लेषण गर्दा ५ जनाले तिन महिना मात्र खेतीबाट खान पुग्ने बताए । अध्ययन क्षेत्रमा सिंचाइको सुविधाले गर्दा मकै, आलु, गहुँ, मौसमी र बेमौसमी तरकारी समेत उत्पादन हुनेहुँदा कम जग्गा भएका परिवारहरूलाई पनि खान पुग्ने बताए । त्यस्तै ७ जनाले ६ महिनामात्र खान पुग्ने बताए थप ९ जनालाई ९ महिनामात्र खान पुग्ने र बाँकी ५ जनाले १ वर्षभन्दा अधिक खान पुग्ने बताए । जमिनबाट वर्ष भरि खान नपुग्ने परिवार मध्ये केहीले अन्य पेशा व्यवसाय गर्ने गरेको पाइयो । सामुदायिक वनको विकाससँगै पशुपालन व्यवसाय गरी आर्थिक उपार्जन गरेको देखिन्छ ।

### ४.१.५ उत्तरदाताले प्रयोग गर्ने इन्धनका स्रोत

यस अध्ययन क्षेत्रमा दाउरा इन्धनको प्रमुख मुख्य स्रोत रहेको छ । उपभोक्ताहरू आफ्नो खोला, खोल्सामा रहेका रुखहरूबाट पनि दाउरा आपूर्ति गर्छन । भने नपुग दाउराहरू नजिकको सामुदायिक वनबाट सामुदायिक वन उपभोक्ता समितिले तोकेको समयमा तोकेको प्रक्रिया पुऱ्याएर काठ दाउरा ल्याउने गर्छन ।

**तालिका ५: अध्ययन क्षेत्रमा इन्धन स्रोतको तालिका**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दाउरा | १८ | ५१ |
| एल.पी. ग्यास | ८ | २३ |
| गोबर ग्यास | ९ | २६ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ५ लाई विश्लेषण गर्दा इन्धनको प्रमुख स्रोत दाउरा र एल.पी. ग्याँस नै हो । इन्धनको मुख्य स्रोतको रूपमा यहाँ ५१ प्रतिशत दाउरा कै प्रयोग हुने गर्छ भने करिब २३ प्रतिशत एल.पी. ग्याँस प्रयोगमा देखिन्छ । न्युन आय भएका उपभोक्ताहरू दाउरा, गुइठा एवम् गोबर ग्याँसको प्रयोग गर्ने ९ जना अर्थात २६ प्रतिशत रहेको पाइयो । पशुपालन गरेका उपभोक्ताहरूको घरमा गोबर ग्यास प्रयोग गरेको पाइन्छ भने धेरै घरपरिवारले एल. पी. ग्यासको उपभोग गरेको देखिन्छ । सामुदायिक वन विकाससँगै महिनाको एक पटक वन फुकाउने हुनाले अध्ययन क्षेत्रका मानिहरू वनमा गई दाउरा लिने र खाना पकाउनको लागि बढी दाउराको प्रयोग गरेको पाइयो ।

### ४.१.६ ऋण लगानी क्षेत्र

छरिएर रहेको सानोसानो पूँजीलाई सङ्कलन गरी आवश्यकता भएका उपभोक्ताहरूलाई ऋण दिने र सोही ऋण पूँजीबाट व्यवसायमूलक कार्यमा लगानी गरी सदस्यहरूले आफ्नो जीवनस्तर उकास्न र आर्थिक हैसियत अभिवृद्धि गर्ने कार्य उपभोक्ता समूहको मान्यता नै हो । साहुमहाजनको चर्को ब्याजलाई सरल र सुलभ गरिब जनताका निम्ति सहजिकरणको कार्य गर्ने हुँदा ऋण लिने/दिने र यसको लगानीको क्षेत्रसम्बन्धी तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : उपभोक्ता समूहबाट ऋण लिए/नलिएको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिएको | २५ | ७१.४२ |
| ऋण नलिएको | १० | २८.५८ |
| जम्मा | ३५ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ६ लाई विश्लेषण गर्दा उपभोक्ताबाट ऋण लिनेहरूको प्रतिशत ७१.४२ रहेको र ऋण नलिनेको प्रतिशत २८.५८ प्रतिशत रहेको उपभोक्तामा उल्लेख गरिएको पाइयो । यस संस्थाबाट ऋण लिई आफ्नो केही व्यापार व्यवसाय बृद्धि गर्नको लागि ऋण लिनेको संख्या बढी रहेको छ । केही मानिसहरू आफ्नो व्यवसायलाई बढी ऋण चाहिएकोले यस उपभोक्ता समूहमा उठाएको कम रकमभन्दा पनि बैंकहरूबाट ऋण लिइ आफ्नो व्यवसाय सञ्चालन गरेको पाइयो ।

### ४.१.७ उत्तरदाताले ऋण लिने संस्थाको विवरण

उत्तरदाताले ऋण लिने संस्थाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ७ :उत्तरदाताले ऋण लिने संस्थाको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| उपभोक्ता समूहबाट | ८ | ३२ |
| बैंकबाट | १२ | ४८ |
| व्यक्तिसँग | ५ | २० |
| **जम्मा** | **२५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ७ लाई विश्लेषण गर्दा उत्तरदाताहरूले लिने ऋणको संस्थागत विवरणलाई हेर्दा ८ जना अर्थात ३२ प्रतिशतले उपभोक्ता समूहबाट ऋण लिने गरेको पाइयो । १२ जना अर्थात ४८ प्रतिशतले बैंकबाट ऋण लिने गरेको पाइयो । ५ जना अर्थात २० प्रतिशतले व्यक्तिसँग (आफन्तबाट) ऋण लिने गरेको पाइयो । उपभोक्ता आवद्ध भएकोले सहकारीबाट

कम ब्याजदर, कागजी झन्झट संस्थाले हेर्ने, आफूसँग भएको बेला लगेर बुझाउन पाइने, आफूलाई आवश्यक पर्ने दिन निकाल्न पाइने हुनाले उपभोक्ता समूहबाट ऋण लिने गरेको पाइयो भने ५ जना अर्थात २० प्रतिशतले महङ्गो ब्याज तिरी आफन्तबाट ऋण लिने गरेको पाइयो ।

### ४.१.८ ऋण समयमै भुक्तानी गर्ने सदस्यको स्थिति

समयमै ऋण भुक्तानी हुन सक्नुले उपभोक्ता समूहले सकारात्मक आर्थिक प्रभावलाई बुझाउने र नसक्नुले नकारात्मक प्रभाव बुझाउने हुँदा सो सम्बन्धी तथ्याङ्क तल दिइएको छ ।

**तालिका ८ : ऋण समयमै भुक्तानी गर्ने सदस्यको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समयमै भुक्तानी गर्ने | २२ | ८८ |
| समयमै भुक्तानी गर्न नसक्ने | ३ | १२ |
| **जम्मा** | **२५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ८ लाई विश्लेषण गर्दा सहकारी संस्थाबाट ऋण लिएका २५ जना मध्ये २२ जना अर्थात ८८ प्रतिशत उपभोक्ताहरूले समयमै ऋण भुक्तानी गरेको पाइयो । यसरी ८८ प्रतिशत शेयर सदस्यहरूले समयमै ऋण भुक्तानी गर्ने भएकोले सफल उपभोक्ता भएको बुझाउँछ । १२ प्रतिशतले समयमा भुक्तानी नगरेको देखियो । यसो हुनुको मुख्य कारण कार्यालयको समय एउटै हुने, समयको अभाव, आम्दानी समयमा व्यवस्थापन नहुनु, उपभोक्ता समूहको बैंक खाता सहज नहुनु, सहकारीमा उपस्थित हुनुपर्ने जस्ता समस्याले समयमा ऋण तिर्न गाह्रो भएको बताएका छन् । सर्वेक्षणमा समेटिएका ३५ जना सदस्यहरू बाहेक सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष तथा व्यवस्थापकहरूसँग सामाजिक तथा आर्थिक छुट्टाछुट्टै प्रश्नावली तयार पारी तथ्याङ्कहरू संकलन गरिएको छ । यस उपभोक्ता समूहमा सदस्याता प्राप्त गर्न महिला र पुरुष दुबैको उत्तिकै जागरुकता देखिएको छ ।

## ४.२ ग्रामीण जीवनस्तर सुधारमा सामुदायिक वनले पारेको सामाजिक प्रभाव

अनुसन्धानको क्रममा स्थलगत अध्ययन कार्यका लागि छनौट गरिएका सामुदायिक वन उपभोक्ताहरूका विभिन्न सामाजिक विवरणहरू जस्तै जातिय, धार्मिक, जनसांख्यीक, शैक्षिक र लैङ्गिक अवस्थाहरूको बारेमा उत्तरदाताहरूबाट प्राप्त तथ्याङ्कका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । नमुना छनौट गरिएका ३५ जना उत्तरदाता मध्ये यस सामुदायिक वनसँग आवद्ध उपभोक्ता घरमुलीलाई अध्ययनमा समेटिएको छ ।

### ४.२.१ उत्तरदाताको पारिवारिक जनसंख्या विवरण

अध्ययनमा परेका ३५ घरधुरीका महिला र पुरुष गरी जम्मा २१३ जना रहेका छन् । तिनलाई लैङ्गिक आधारमा समावेश गरी तालिकामा यसप्रकार देखाइएको छ ।

**तालिका ९ : उपभोक्ताहरूको पारिवारिक जनसंख्या विवरण**

| लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | ९९ | ४६.४७ |
| पुरुष | ११४ | ५३.५३ |
| **जम्मा** | **२१३** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ९ लाई विश्लेषण गर्दा माथि उल्लेख भए अनुसार छनौटमा परेका ३५ घरधुरीमा महिला ९९ र पुरुष ११४ गरी जम्मा २१३ जनसंख्या रहेको पाइन्छ । यसरी कुल जनसंख्यामा महिला जनसंख्या केही कम देखिएकोले पनि उत्तरदाताहरूको परिवारमा महिला संख्या पनि केही कमी रहेको पाइन्छ ।

### ४.२.२ उत्तरदाताको घरको विवरण

**तालिका १० :उत्तरदाताको घरको किसिम**

| क.सं. | घरको किसिम | घरमुली संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कच्ची | २० | ५७.१४ |
| २ | पक्की | १५ | ४२.८६ |
| | **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १० लाई विश्लेषण गर्दा २० जना अर्थात ५७.१२ प्रतिशतको घर कच्ची रहेको पाइयो । १५ जना अर्थात् ४२ प्रतिशतले पक्की छानो भएको घर बनाएको पाइयो । जागिरे, बैदेशिक रोजगारमा भएका मानिसको आम्दानी बढी भएकाले पक्की घर निर्माण गरेको पाइयो ।

### ४.२.३ उत्तरदाताको शौचालय सम्बन्धी विवरण

अध्ययन गर्ने क्रममा गरिएको सर्वेक्षण अनुसार उत्तरदाताको घरमा शौचालयको विवरणलाई हेर्दा निम्न अनुसारको प्रतिक्रिया रहेको पाइयो ।

**तालिका ११ : शौचालय सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पक्की शौचालय भएको | २७ | ८० |
| कच्ची शौचालय भएको | ८ | २० |
| **जम्मा** | **३०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. ११ लाई विश्लेषण गर्दा उत्तरदाताको घरमा शौचालयको किसिमको विवरणलाई हेर्दा घरमा पक्की शौचालय हुनेहरूको संख्या २७ अर्थात ८० प्रतिशत र कच्ची शौचालय हुने ८ जना अर्थात २० प्रतिशत रहेको पाइयो । कच्ची शौचालय हुनेहरूमा ८ जना अर्थात

२० प्रतिशत हुनुमा ग्रामीण क्षेत्र र आर्थिक अभावका कारण शौचालय निर्माण गर्न नसकेको देखिन्छ ।

## ४.२.४ धार्मिक आधारमा वर्गीकरण

यस अध्ययन क्षेत्रको मुख्य धर्म हिन्दु नै हो । यहाँका प्राय सबै उपभोक्ताहरूले हिन्दु धर्म नै मान्ने गरेको बताए । तापनि केही समय यता हिन्दु धर्ममा भएको जातीय छुवाछुत र भेदभावका कारण सामाजिक समावेशीकरण हुन नसकेकाले केही दलित समुदायहरू क्रिश्चियन धर्म मान्न थालेको बताए । जसलाई तालिकामा यसरी देखाइएको छ ।

**तालिका १२ : उत्तरदाताको धार्मिक अवस्था**

| विवरण | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३४ | ९७ |
| क्रिश्चियन | १ | ३ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १२ लाई विश्लेषण गर्दा ३४ परिवारले हिन्दु धर्म मान्ने गरेको बताए । त्यसैगरी १ परिवारले क्रिश्चियन धर्म मान्ने गरेको बताए भने अन्य धर्म मान्ने मानिसहरू यस क्षेत्रमा नरहेको स्थलगत अध्ययनबाट पाइयो । क्रिश्चियन धर्म मान्नेहरू केही समय अगाडी सम्म हिन्दु धर्म नै मान्ने गरेका थिए भन्ने जानकारी गराएको पाइन्छ ।

## ४.२.५ शैक्षिक आधारमा वर्गीकरण

नेपालकै प्रमुख व्यापारिक केन्द्र बुटवलबाट १० किलोमीटर र पाल्पा जिल्लाको सदरमुकाम तानसेनबाट नजिक ३० किलोमिटर टाढा रहेको यस सामुदायिक वन सिद्धार्थ राजमार्ग जोडिएको क्षेत्र भएपनि अघिल्लो पुस्ताका मानिसहरू अधिकांश शिक्षामा त्यति अगाडि बढेको पाइदैन । तर हाल आएर भने नयाँ पुस्ताका मानिसहरू शिक्षामा अगाडि नै देखिन्छन् । पुराना र नयाँ पुस्तामा प्रत्यक्ष अन्तर देखिने यस क्षेत्रको शैक्षिक स्थितिलाई तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका १३ : उपभोक्ताहरूको शैक्षिक स्थितिको आधारमा वर्गीकरण**

| शैक्षिक स्थिति | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ३ | ९ |
| प्रा.वि. तह | ४ | ११ |
| नि.मा.वि. | ६ | १७ |
| मा.वि. | ११ | ३१ |
| उच्च मा.वि. | ७ | २० |
| स्नातक | ३ | ९ |
| स्नाताकोत्तर र सो भन्दामाथि | १ | ३ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १३ लाई विश्लेषण गर्दा छनौटमा परेका ३५ परिवार मध्ये निरक्षर कोही भेटिएनन् । साक्षर ३ जना प्राथमिक तहको अध्ययन गरेर छाड्ने ४ जना उत्तरदाता रहेका छन् । त्यसैगरी निम्न माध्यमिक तहको अध्ययन गरेका ६ जना, माध्यमिक तहको अध्ययन गरेका ११ जना, उच्च शिक्षा मा.वि. तह अध्ययन गरेका ७ जना उत्तरदाताको रूपमा छनौटमा परेका छन् भने ३ जना स्नातक र सो भन्दा माथि १ जना उत्तरदाताहरू रहेको अध्ययनको क्रममा पाइन्छ ।

## ४.२.६ उत्तरदाताको उमेरगत विवरण

सामुदायिक वन उपभोक्ता समूह पनि एउटा सामाजिक संस्था हो । सामुदायिक वन उपभोक्ता समूहमा सदस्य बन्नका लागि १६ वर्ष पुरा गरेको र नेपाली नागरिक हुनुपर्ने व्यवस्था कानुनले गरेको छ । सदस्यहरूको उमेरगत संलग्नतालाई अध्ययनको विषयवस्तु हुने हुँदा उमेरगत विवरणको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४ : उत्तरदाताको उमेरगत विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १६-३० वर्ष | ७ | २० |
| ३१-४५ वर्ष | १३ | ३७.१४ |
| ४६-६० वर्ष | १० | २८.५७ |
| ६१ वर्ष भन्दा बढी | ५ | १४.२८ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १४ लाई विश्लेषण गर्दा सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध सदस्यहरूको उमेर अनुसारको विवरणमा अनुसार १६-३० वर्ष उमेर सदस्यहरू २० प्रतिशत, ३०-४५ वर्ष उमेर समूहका ३७.१४ प्रतिशत, ४६-६० वर्ष उमेर समूहमा २८.५७ प्रतिशत र ६० वर्ष भन्दा माथिका उमेर समूहका महिलाहरू १४.२८ प्रतिशत सहभागित रहेको पाइयो । यस सामुदायिक वन उपभोक्ता समूहमा सबैभन्दा बढी उपभोक्ता सदस्यहरू ३१-४५ वर्ष उमेर समूहमा रहेको पाइयो । ३१-४५ वर्षको उमेर समूहका मानिसहरू सक्रिय उमेर समूह अन्तर्गत पर्ने हुनाले यस उपभोक्ता समूहमा पनि यस उमेर समूहका मानिसहरू बढी सक्रिय रहेको पाइयो ।

## ४.२.७ उत्तरदाताको परिवारको स्वरूप

अध्ययनमा परिवारलाई सामाजिक संस्था मानिएको छ । परिवार पनि सामाजिक अवस्थाको अध्ययनको विषय हुन्छ । त्यसैले पारिवारिक संरचनासम्बन्धी तथ्याङ्कलाई परिवारको प्रकारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

**तालिका १५ : उत्तरदाताको परिवारको स्वरूप**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २४ | ६८.५७ |
| संयुक्त परिवार | ११ | ३१.४२ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १५ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा सहभागीहरूको परिवारको प्रकार हेर्दा एकल भन्दा बढी संयुक्त परिवारमा बसोबास गर्ने मानिसहरू रहेको देखिन्छ । तालिका अनुसार संयुक्त परिवारमा बसोबास गर्ने ६८.५७ प्रतिशत र एकल परिवारमा बसोबास गर्ने ३१.४२ प्रतिशत रहेको पाइयो । संयुक्त परिवारमा बसोबास गर्दा आफ्ना समस्याहरू अन्य घर परिवारका सदस्यहरूसँग साटासाट गर्नु पाइने, एकलाई समस्या पर्दा सबै मिलेर समस्याको समाधान गर्न सजिलो हुने भएकोले एकल परिवारमा भन्दा आजको युगमा संयुक्त परिवारमा बसोबास गर्ने गरेको पाइयो । कारणमा अधिकांश युवा वैदेशिक रोजगारको सिलसिलामा विदेश जानु पर्ने र परिवारहरूलाई आफ्नो अभिभावको जिम्मा छाडेर जाने गरेका कारण संयुक्त परिवारको संख्या बढी हुन गएको छ ।

### ४.२.८ उत्तरदाताको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो । यसलाई पनि अधययनको विषयवस्तुमा राखी सहभागी सदस्यहरूको वैवाहिक स्थिति अध्ययन गरी प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ :**तालिका १६ : उत्तरदाताको वैवाहिक स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २५ | ७१.४२ |
| अविवाहित | ७ | २० |
| एकल | ३ | ८.५७ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १६ लाई विश्लेषण गर्दा सामुदायिक वन उपभोक्ता समूहहरूको वैवाहिक स्थिति हेर्दा विवाहितको सङ्ख्या २५ अर्थात ७१.४२ प्रतिशत र अविवाहित सङ्ख्या ७ जना अर्थात २० प्रतिशत रहेको पाइयो । एकल ३ जना ८.५७ प्रतिशत मात्र पाइयो । कारणमा श्रीमान/श्रीमती पहिलादेखि नै यस उपभोक्ता समूहमा संलग्न रहेको पछि विवाह गरिसके पछि आफ्नो श्रीमतीलाई पनि सदस्यता वृद्धि गराएकोले विवाहितको संख्या बढी देखियो ।

### ४.२.९ अध्ययन क्षेत्रको स्वास्थ्य अवस्था

यस क्षेत्रको स्वास्थ्य सम्बन्धी अवस्था भने सन्तोषजनक रहेको पाइन्छ । आजभोली यहाँका मानिसहरूमा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि हुँदै गैरहेको छ । यस क्षेत्रका मानिसहरू स्वास्थ्यप्रति निकै सचेत देखिन्छन् । यहाँ परिवार नियोजन तथा प्रजनन स्वास्थ्य सम्बन्धी काम गर्ने क्लिनिक यहि वडामा स्थापना गरिएको छ । प्रत्येक क्लिनिकमा दक्ष स्वास्थ्यकर्मीहरू रहेका छन् । निजी स्रोतबाट समेत चलाइएका क्लिनिकहरूमा रुघाखोकी, झाडापखाला, ज्वरो जस्ता सामान्य रोगको औषधी पाइन्छ । त्यस्तै सरकारी उपस्वास्थ्य चौकीहरू पनि रहेका छन् । जसमा प्राथमिक उपचार, खोप र क्षयरोगको औषधी वितरण गरिन्छ । ठूला रोगहरू लागेको बखत उपचारका लागि जिल्ला अस्पताल, प्रभास मेडिकल कलेज, पाल्पा मिसन अस्पतालन, लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, मेडिकल कलेज भैरहवा, क्रिमसन हस्पिटल र अन्य उपचारका लागि भारत गोरखपुरसम्म औषधी गर्न लैजाने गरिन्छ ।

**तालिक १७ : स्वास्थ्य परिक्षण सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| लामा धामीकोमा जाने | ७ | २० |
| अस्पताल जाने | २८ | ८० |
| **जम्मा** | **३५** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १७ लाई विश्लेषण गर्दा उत्तरदाताहरूको स्वास्थ्य परिक्षण सम्बन्धी विवरणलाई हेर्दा लामा तथा धामीकोमा जानेहरूको संख्या ७ अर्थात २० प्रतिशत र अस्पताल जानेहरूको संख्या २८ जना अर्थात ८० प्रतिशत रहेको पाइयो । अस्पताल नजाने मानिसहरूमा खास गरी अशिक्षित पुखौली पेसा गर्ने, न्यून आय भएका मानिस लामा धामीकोमा जाने गरेको पाइयो । शिक्षित मानिस लामा धामीकोमा नगई स्वास्थ्य क्लिनिक वा अस्पतालमा जाने गरेको पाइयो । आर्थिक हिसाबले सम्पनता भएका मानिसहरूले आफ्नो स्वास्थ्यको राम्रोसँग ख्याल गरी परम्परागत धामी झाँक्रि तथा झारफुक गर्ने गरेको पाइयो ।

### ४.२.१० उत्तरदाताको नेतृत्वको अवस्था

उत्तरदाताको नेतृत्वको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८ :उत्तरदाताको नेतृत्वको अवस्था**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नेतृत्व लिएको | १५ | ४२.८५ |
| नेतृत्व नलिएको | २० | ५७.१४ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १८ लाई विश्लेषण गर्दा संस्थामा नेतृत्व लिएका १५ जना अर्थात ४२.८५ प्रतिशत नेतृत्व लिएको पाइयो भने २० जना अर्थात ५७.१४ प्रतिशतले नेतृत्व नलिएको पाइयो । यस उपभोक्ता समूह खुलेको समय अवधि धेरै नभएको र नेतृत्वमा जाने जनसंख्या कम हुने भएकोले पालैपालो हुँदा हालसम्म १५ जनाले नेतृत्व लिएका र अन्यले पछि ल्याउने पालैपालो गर्ने भनी नलिएको पाइयो ।

### ४.२.११ उत्तरदाताको अन्य संघ संस्थामा संलग्नताको स्थिति

सदस्यहरूको अन्य संघ संस्थामा संलग्नताको स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १९ : उत्तरदाताको अन्य संघ संस्थामा संलग्नताको स्थिति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एउटा संस्थामा आबद्ध | १० | २८.५७ |
| एकभन्दा बढी संस्थामा आबद्ध | १५ | ४२.८५ |
| सहकारी तथा गैरसरकारीमा आबद्ध | १० | २८.५८ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. १९ लाई विश्लेषण गर्दा एउटा मात्र समूहमा आवद्ध हुनेको संख्या १० जना अर्थात २८.५७ प्रतिशत र सहकारी तथा गैरसरकारी संस्थामा आबद्ध संख्या १० जना अर्थात २८.५८ प्रतिशत रहेको पाइयो । एकमात्र सामुदायिक संस्थामा आबद्धको संख्या बढी हुनुको कारण आफ्नो आम्दानी कमी हुनु तथा अन्य एक भन्दा बढी संस्थामा आबद्ध हुनुको कारण आफ्नो व्यक्तिगत आम्दानी धेरै भएको तथा समाजमा मानप्रतिष्ठान बढाउनको लागि रहेको देखियो ।

### ४.२.१२ उत्तरदाताको बसोबासको अवस्था

उत्तरदाताहरूको बसोबासको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २० : उत्तरदाताको बसोबासको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै घर भएका | ३० | ८५.७३ |
| भाडामा बस्ने | ५ | १४.२७ |
| **जम्मा** | **३५** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७९ ।*

तालिका नं. २१ लाई विश्लेषण गर्दा आफ्नै घर भएका उत्तरदाता ३० जना अर्थात ८५.७३ प्रतिशत र आफ्नो घर नभएका घरभाडामा बस्ने उत्तरदाताहरू ५ जना अर्थात १४.२७ प्रतिशत रहेको पाइयो ५ जना उत्तरदाताको घर नहुनुको कारण बसाइसराइ गरी आई भाडामा बसि सामुदायिक वन उपभोक्ता समूहमा संलग्न रहेको पाइयो ।

## ४.३ सामुदायिक वनको हस्तान्तरण पश्चात सुधार

सबै उत्तरदाताहरूले सामुदायिक वनको हस्तान्तरण पश्चात वनको अवस्थामा सकारात्मक रूपमा परिवर्तन भएको कुरा व्यक्त गरे । उत्तरदाताले व्यक्त गरे अनुसार आगलागी, अनियन्त्रीत चरिचरण, वन अतिक्रमण, चोरी निकासी आदि अवैध क्रियाकलापहरूको नियन्त्रण भइ वनको संरक्षण कार्य वृद्धि भएको छ । सामुदायिक वनबाट दाउरा, सोत्तर, स्याउलाको आपूर्ति नियमित रूपमा भैरहेको छ । सामुदायिक वनमा हरियाली बढेको छ ।

सामुदायिक वन भित्र बिरुवा लाथ्राको वृद्धि भएको छ र प्राकृतिक पुनरुत्पादन, वृक्षारोपण, वन सम्वर्द्धन कार्यले गर्दा वनको अवस्थामा क्रमिक सुधार आइरहेको छ । तर यस सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजनामा वन व्यवस्थापनको सम्बन्धमा स्पष्ट कार्यतालिका नभएको कुरा अध्ययनबाट अवगत भयो । वनको प्रकार र प्रकृति अनुसार वन सम्वर्द्धनका तरिकाहरूको पहिचान गरी कार्य योजनामा स्पष्ट पार्नु पर्नेमा त्यो भएको पाइएन । सामुदायिक वन उपभोक्ता समुहले संचालन गरेका वन व्यवस्थापन सम्बन्धी गतिविधि कम गुणस्तर र अर्थपूर्ण नतिजा प्राप्त गर्न त्यत्ति प्रभावकारी देखिदैन ।

### ४.३.१ विविध क्रियाकलापहरूको निर्णय प्रक्रियामा सहभागिता

सामुदायिक वनका विभिन्न क्रियाकलापहरू मध्ये निर्णय प्रक्रिया पनि एक महत्वपूर्ण कार्य हो । सामुदायिक वनको प्रभावकारी व्यवस्थापनको लागि महिलाहरूको सहभागिता अपरिहार्य छ । यस सामुदायिक वन उपभोक्ता समुहमा कुनै कुराको निणर्य गर्नु परेमा मिटिङ्ग बोलाइन्छ । यसरी बोलाईने मिटिङ्ग आमभेला वा समितिको मिटिङ्ग हुन पनि सक्छ जुन समस्याको प्रकृति अनुसार हुन्छ । जस्तैः स-साना निर्णयहरू जस्तो आम भेला बोलाउने मिति तोक्ने, दण्ड जरिवाना गर्ने जस्ता कुराको निर्णय समितिबाट गरिन्छ भने वन खुल्ला गर्न समय तोक्ने, वृक्षारोपण गर्ने, झाडी सुधार गर्ने, वन अतिक्रमण सम्बन्धी छलफल गर्ने जस्ता ठूला-ठूला निर्णय गर्न आमभेला बोलाइने गरिन्छ ।

### ४.३.२ तालिम, गोष्टी, अध्ययन भ्रमणमा सहभागिता

समूहका विभिन्न प्रकारका आवश्यकताहरू पूरा गर्ने क्रममा समुह भित्रै मानवीय स्रोतको विकास गर्दै लानु पर्दछ । समुह भित्रका सीप, ज्ञान र अनुभव भएका व्यक्तिहरू नै समुहको मानवीय स्रोत हो । समुहले मानवीय स्रोत विकासका लागि विभिन्न तरिकाहरू अपनाउन सक्छ । तालिम, गोष्टी, अध्ययन भ्रमण, सचेतता कार्यक्रमहरू र एक आपसको अनुभव साटासाट गर्ने कामहरू मानवीय स्रोत विकासका तरिकाहरू हुन सक्छन् ।

नेपालमा धेरै लामो अभ्यास पश्चात स्थानीय समुदायलाई वन व्यवस्थापन गर्न दिने प्रावधान आएको छ । वन व्यवस्थापन भन्नाले वनको संरक्षण, सम्वर्द्धन र सदुपयोग भन्ने बुझिन्छ । नेपाल सरकारले यसको लागि एउटा नीति बनाएको छ जुन यस प्रकार छ ।

- स्थानीय जन समुदायले वरपर रहेको वनक्षेत्रहरू व्यवस्थापन गर्न चाहेमा उनीहरूले चाहेको र सक्ने जति वन क्षेत्र उक्त समूदायलाई हस्तान्तरण गरिनेछ ।
- हस्तान्तरण गरिएको वनको संरक्षण, व्यवस्थापन तथा सदुपयोग स्थानीय जनसमुदाय स्वयंले गर्नेछन् ।
- यसरी व्यवस्थापन गरिएको क्षेत्रबाट प्राप्त सम्पूर्ण वन पैदावार तथा आम्दानी जनसमुदायको नै हुने छ ।

यसै नेपाल सरकारको वन नीति अनुसार नेपालमा विगतका दशकहरूमा वन सम्बन्धी क्रियाकलापहरूमा महिलाको सहभागिता वृद्धि भएको पुष्टी गर्न प्रशस्त प्रमाणहरू छन् । सामुदायिक तथा नीजि वन महाशाखाको व्यवस्थापकीय सूचना प्रणालीको तथ्याङ्क अनुसार सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका ११८७१८४ हे. वन मध्ये २२८८० हे. वन ७८४ महिला सामुदायिक वन उपभोक्ता समुहहरूले मात्र व्यवस्थापन गर्दै आएका छन् ।

पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ३ का बासिन्दाहरूको प्रयासबाट भूतखोला सामुदायिक वन हस्तान्तरण भए पश्चात समुदायको मुहारमा परिवर्तन आउन थालेको छ । यस सामुदायिक वनको क्रियाकलापबाट सामुदायिक विकास गर्न आर्थिक रूपमा त्यत्ति बलियो नभएता पनि मन्दिर निर्माण गर्न काठ उपलब्ध गर्ने, नगद उपलब्ध गराउने, वृद्धहरूलाई सम्मान गर्ने, एस.एल.सी पास गर्नेलाई हौसला स्वरूप सम्मान पत्र दिने सामुदायिक विकासका काममा अग्रसर हुने प्रौढलाइ सम्मान गर्ने आदि क्रियाकलापहरू भूतखोला सामुदायिक वनले विगत देखि गर्दै आइरहेको छ ।

आज भन्दा १०-१२ बर्ष अगाडी यहाँका महिलाहरू दाउरा, पत्कर लिन २-३ घण्टाको बाटो हिडेर दिन भरीमा १ भारी दाउरा, पत्कर ल्याउन गाह्रो पर्ने गर्दथ्यो । यो वन त्यत्ति बेला ठाउँ-ठाउँमा बुट्यान र खाली ठाउँ देखिने कुरा स्थानीय उपभोक्ताले बताउँछन् । २०५४ सालदेखि उपभोक्ताहरूको प्रयासबाट यस वनमा परिवर्तन भएको अनुभव गर्न थालिएको छ । सामुदायिक वनबाट हाल त्यस समुदायका महिलाहरूलाई राहतको अनभुव भएको छ । विगतमा दिनभरी लगाएर दाउरा, पत्कर, जम्मा गर्नुपर्ने महिलाहरू हाल आएर १ घण्टामै १ भारी दाउरा, स्याउला, सोत्तर जम्मा गर्छन् । वन हरियालीमा परिवर्तन भएको छ । वनमा नयाँ नयाँ विरुवाहरू आइरहेका छन् । पानीको मूल बढेर आएका छन् । यहाँका मानिसहरू

यही वन भित्रको पानी घर घरमा पुऱ्याएका छन् । सामुदायिक वन सम्बन्धी विभिन्न अध्ययन भ्रमण, तालिम, गोष्ठीमा सहभागी भएर चेतनाको स्तर बढेको छ । सामुदायिक वन प्रति आपनत्वको भावना विकास भएको छ । आय आर्जनका क्रियाकलापहरू जस्तो खुद्रा व्यापार, घुम्ति कोष, टपरी उद्योग सञ्चालन आदि काम भैरहेको छ ।

यहाँ पुराना घरहरू जस्ताका छाना भएका र नयाँ बन्दै गरेका सिमेन्टका ढलान गरेका घरहरू छन् । सामुदायिक वनको सिमानासम्म पुग्ने मोटर बाटो निर्माण गरिएको छ । घर घरमा बिजुली र खानेपानीको व्यवस्था गरिएको छ । यहाँका महिलाहरू खाना पकाउन दाउरा र ग्याँस प्रयोग गर्छन् । समयको परिवर्तनसँगै यहाँका सम्पन्न मानिसहरूले टि.भी., फ्रिज, मोटरसाइकल आदि प्रयोगमा ल्याइरहेको पाइन्छ ।

यस समुहहरूको सदस्य तथा समितिका पदाधिकारीहरू सरकारी एवम् गैरसरकारी संघ संस्थाहरूमा गएर विकास सम्बन्धी चासो देखाउने इच्छा प्रवल हुँदै गएको छ । महिलाहरू निर्णय प्रकृयामा सकृय बन्दै आएका छन् । सामुदायिक वनको हस्तान्तरण पश्चात सामुदायिक वनको अवस्थामा सकारात्मक परिवर्तन भएको छ ।

## ४.४ भुतखोला सामुदायिक वनले गरेका क्रियाकलापहरूले स्थानीय जीवनस्तरमा पारेको प्रभाव

१. नेतृत्व विकास (महिला अध्यक्ष भएको दलित जनजाति, पिछडिएको वर्गको समितिमा प्रतिनिधित्व भएको, मानिसहरूको अगाडि बोल्न सक्ने, आफ्नो भनाई राख्न सक्ने उपभोक्ताहरूको व्यक्तिगत क्षमतामा विकास गराएको छ ।

२. चेतनको विकास

३. समदायको आवश्यकता परिपूति काठ, दाउरा, स्याउला, घाँस, जस्ता वनपैदावारको आपूर्ती भई दैनिक कृषकहरूको आवश्यकता पूरा गर्न सहयोग ।

४. स्थानीय वातावरणको संरक्षणमा योगदान-वनजंगल, जैविक विविधता, प्राकृतिक स्रोत संरक्षणमा अपनत्वमा वृद्धि)

५. पर्यापर्यटनमा टेवा (भूतखोला सामुदायिक वनको अग्रस्थानमा रहेको झरनामा पर्याटकीय क्रियाकलामा वृद्धि) पर्याटकीय क्रियाकलाप मार्फत आर्थिक सहयोग ।

६. समूदायको आर्थिक अवस्थामा टेवा काठ दाउरा विक्रि/पर्यटन लगायतमा सहयोग ।

७. घुम्तिकोष/ऋण लगानीबाट आर्थिक अवस्थामा टेवा ।

८. गरिबी न्यूनिकरण क्रियाकलाप सञ्चालन कानूनी रूपमा वार्षिक आम्दानीको कम्तिमा ३० प्रतिशत रकम गरिबी न्यूनिकरणमा खर्च गर्नुपर्ने प्रावधान अनुसार समूहका सदस्यहरूलाई बाखापालन, कुखुरापालन, तरकारी खेती, खुद्रा व्यापार जस्ता व्यवसायिक क्रियाकलापमा सहयोग गरी दैनिक जिवीकोपार्जनमा सहयोग पुर्‍याउने काम ।

९. वन विकास क्रियाकलापबाट रोजगारी सृजनाः वन ऐन अनुसार कम्तिमा ४० प्रतिशत रकम वनको संरक्षण र विकासमा खर्च गर्नुपर्ने प्रवधान बमोजिम, वृक्षारोपण, तारवार वनगस्ती, अग्नीरेखा निर्माण, गोडमेल, झाडी सफाई जस्ता क्रियाकलापमा समूहका सदस्यहरूलाई सहभागीता गराई रोजगारी सृजना सँगसँगै वनको विकासमा टेवा पुगेको ।

१०. काठदाउरा संकलन तथा विक्रि वितरण जस्ता कार्यबाट रोजगारीको सिर्जना ।

११. चोरी शिकारी, वन कटानी जस्ता कार्य नियन्त्रण गरी वनजंगल संरक्षणमा योगदान ।

१२. सामाजिक समावेशिकरण, सामुदायिक वनमा दलित, महिला, जनजाति सबैको समान पहुँच र समानुपातिक प्रतिनिधिहरूको सहभागिता ।

१३. कानुनी रूपमा सामुदायिक वनको कार्यसमितिमा कम्तिमा ५० प्रतिशत महिला हुनुपर्ने प्रावधान भएबाट महिलाहरूको नेतृत्वमा पहुँच सुनिश्चितता बढेको ।

१४. सामाजिक एकता र सामुदायिक सद्भावमा वृद्धि ।

१५. वनक्षेत्रको व्यवस्थापन सामुहिक उत्तरदायित्व वहन ।

१६. वनक्षेत्रको निर्भरतामा कमी ल्याउन गोबरग्याँस, ग्यासचुलो आदिको प्रयोग

१७. कानुनी क्षमताको विकास गरी उपभोक्ताहरूलाई चोरी निकासीलाई रोक लगाउने

१८. जलवायु परिवर्तन, अनुकुलनमा योगदान

१९. भू-क्षय नियन्त्रणमा सहयोग ।

२०. वन डढेलो नियन्त्रण भई आ.व. २०७८/०७९ मा वन डढेलो शून्य बनाए बापत जिल्ला वन कार्यालयबाट सम्मान प्राप्त ।

२१. जिल्ला स्तरमा प्रथम तथा द्वितीय र तृतीय स्थानका विभिन्न पुरस्कारहरू प्राप्त ।

२२. जलचर संरक्षणको लागि तिनाउ खोलामा करेन्ट लगाउने विषादी प्रयोग गर्ने जस्ता क्रियाकलाप गरी माछा मार्न प्रतिवद्ध ।

२३. तिनाउ नदिमा माछा संरक्षणको लागि माछाका भुरा ल्याई छाड्ने कार्य गरेको ।

२४. महिलाहरूको उपसमूह बनाई दुना, टपरी उद्योग सञ्चालन गरी ग्रामीण स्तरमा रोजगारीको सिर्जना गरेको ।

२५. सामुदायिक वन समन्वय समिति तिनाउमा आबद्ध भई अन्य सामुदायिक वनहरूलाई समेत नेतृत्व प्रदान गरेको ।

२६. अमृसो, तेजपात जस्ता आयमूलक प्रजातीहरूको खेती गरी समूहको आयस्तर वृद्धिको लागि पूर्वाधार तयार गरेको ।

२७. वातावरण संरक्षणको लागि राजमार्ग सरसफाई, टोल सरसफाई जस्ता कार्यहरू गरी वातावरण संरक्षणमा योगदान गरेको ।

२८. सहिद चुनुमाया गुरुङको स्मृतिमा चुनुमाया पार्क निर्माण गरी वातावरण संरक्षणमा योगदान गरेको

२९. चुरे क्षेत्रको संरक्षणमा विशेष योगदान पुऱ्याएको ।

३०. वातावरणीय सेवा भुक्तानीको लागि रूपन्देही जिल्लामा पर्ने तल्लो तटीय क्षेत्रका उपभोक्ताहरूसँग वहस गर्ने गरेको ।

३१. सिद्धबाबा मन्दिर व्यवस्थापनमा योगदान गरी धार्मिक सहिष्णुता र धार्मिक पर्यटकीय टेवा पुऱ्याएको ।

माथि उल्लेखित बुँदाहरूको आधारमा भूतखोला सामुदायिक वनले स्थानीय उपभोक्ताहरूको सामाजिक, आर्थिक तथा वैयक्तिक विकासलाई एउटा खम्बाको काम गरेको पाइन्छ ।

# अध्याय पाँच

# सारांश, मुख्य प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ सारांश

यस अध्ययनका लागि भूतखोला सामुदायिक वनलाई कायक्षेत्रको रूपमा छनौट गरिएको छ । यस वन पाल्पा जिल्ला सदरमुकाम तानसेन देखी केही टाढा रहेको छ । यस भूतखोला सामुदायिक वनको नजिक सिद्धार्थ राजमार्ग सडक रहेको हुँदा यस क्षेत्रमा बसाई सरी आउने कारणले गर्दा घरधुरी संख्या निरन्तर वृद्धि भएको छ । अध्ययन गरिएको भूतखोला सामुदायिक वनको विधान २०५५।१०।२८ मा दर्ता स्वीकृति भई सो अनुसार वन विकास संरक्षण र सम्वद्धर्नको कार्य सञ्चालन भै आएको छ । यस समुहको आवश्यकता परिपूर्ति र बदलिदो परिस्थितिसँग समय सापेक्ष मेल हुने गरी विधानका विभिन्न धारा उपधाराहरू परिमार्जन भई जिल्ला वनको स्वीकृतिमा कार्यान्वयन हुदै आएको छ । समूहको विधान मात्र नभई वनको कार्ययोजना समेत बेला बेलामा फेरिदै आएको पाइन्छ । पछिल्लो पटक दिगो विकासमा आधारित वन व्यवस्थापन कार्ययोजना अनुसार सफल रूपमा वन व्यवस्थापन कार्य संचालन भएको पाइन्छ । यस क्षेत्रको तिनाउ गाउँपालिका वडा नं. ३ मा ५२ घरधुरीले उपभोक्ता सदस्यता प्राप्त गरेका छन् । उपभोक्ता सदस्यता प्राप्त गरेको घरधुरी भएपति यी सबै घरधुरी सम्पूर्णसँग साक्षात्कार सम्भव नदेखिएको हुँदा वर्गिकृत नमुना छनौट विधि अपनाई ३५ घरधुरीलाई नमुना छनौटमा समावेश गरिएको छ ।

सामुदायिक वन भन्नाले स्थानीय उपभोक्ताको सामुहिक हितका लागि उपभोक्ता समुहद्वारा तयार गरिएको स्वीकृत कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपभोग, मुल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी तत्कालिन जिल्ला वन कार्यलयले राष्ट्रिय वनको कुनै पनि भागलाई उपभोक्ता समितिलाई सुम्पेको राष्ट्रिय वन भन्ने बुझिन्छ । सामुदायिक वनका विभिन्न क्रियाकलाप स्थानीय जनताको प्रत्यक्ष सहभागिताबाट वन व्यवस्थापन गरिन्छ ।

यस भूतखोला सामुदायिक वन र यस वनले अंगीकार गरेको दिगो वन व्यवस्थापन कार्यबाट स्थानीय उपभोक्तामा ल्याएको आर्थिक तथा सामाजिक प्रभावको अध्ययनलाई नै मुख्य उद्देश्यका रूपमा लिइएको छ । यस अध्ययनको सामान्य उद्देश्य राष्ट्रिय वन व्यवस्थापन नीतिअन्तर्गत सामुदायिक वनमा दिगो विकासको अवधारणामा ल्याइएको वन व्यवस्थापन कार्य र यसले परेको प्रभाव अध्ययन गर्नु हो ।

विश्वमै लोकप्रिय कार्यक्रमको रूपमा रहेको सामुदायिक वन उपभोक्ता समूह नेपालमा अत्यन्तै सफल कार्यक्रम हो कानुनी र नीतिगत रूपमा समेत सक्षम र सवल संस्थाको रूपमा सामुदायिक वनले ग्रामीण समुदायको जीवनस्तरमा सकारात्मक प्रभाव पारेको छ । गरिबी न्यूनीकरणमा टेवा पुऱ्याएको स्थानीय समूदायको नेत्तृत्व विकासमा सहयोग गरेको एवम् वन वातावरण र जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको यस अध्ययनबाट देखिएको छ ।

## ५.२ मुख्य प्राप्ति

सामुदायिक वन रहेको तिनाउ गाउँपालिका वडा नं. ३ का उपभोक्ताहरूबाट प्राप्त उत्तरहरूको आधारमा निम्नानुसारका प्राप्तिहरू रहेको पाइयो ।

- अध्ययन क्षेत्रको प्रमुख पेश कृषि रहेको पाइयो । यहाँका करिब १८ प्रतिशत जनसंख्या कृषिमै आश्रित छन् यस क्षेत्रको मुख्य बाली धान, गहु, मकै, आलु, मसुरो, अरहर र तोरी खेती लगायत अन्य नगदेबालीहरू प्रति कृषकहरू आकर्षित रहेको पाइयो ।
- अध्ययन क्षेत्र सामुदायिक वन वरिपरिका अधिकांश घरहरूमा दाउरा नै प्रमुख इन्धनको रूपमा प्रयोग गरेको पाइन्छ । इन्धन खपत अनुपातमा करिब ५१ प्रतिशत भार दाउराले खेपेको पाइन्छ भने २३ प्रतिशत घरधुरीले एल.पी. ग्यास, गुइठा, गोबर ग्यास, मट्टीतेल, विद्युत आदि इन्धनको रूपमा प्रयोग गर्ने २६ प्रतिशत रहेको पाइयो ।
- अध्ययन क्षेत्रका जंगलमा वन स्रोत सर्वेक्षण अनुसार कुरिलो, कालो मुसिली, हर्रो, बर्रो, लेमन ग्रास, पिपल, बेल, बास, बेत, सर्पगन्धा, जेट्रोफा, रुदिलो, राजवृक्ष लगायतका जडीबुटी र अन्य प्रजातिहरू रहेका छन् । यी जडीबुटीहरूलाई स्थानीय उपभोक्ताहरूले आफ्नो आवश्यकता अनुसार प्रयोग गरेको पाइयो ।

- दिगो विकास अवधारणामा आधारित वन व्यवस्थापन कार्य थालनी पछि उपभोक्ता समुहले तोकेको समयमा नियमित काठ दाउरा, घाँस, बाँस संकलन गर्ने कार्यमा ज्याला मजदुरी गर्ने उपभोक्ताहरूलाई रोजगारी उपलब्ध भएको पाइयो ।
- अर्थिक वर्ष २०७२/०७३ देखि आर्थिक वर्ष २०७६/०७७ असार मसान्तसम्म सामुदायिक वनको वन पैदावार बिक्री, दण्ड जरिवाना, सदस्यता शुल्क, माछा पोखरी तथा बिउ बिरुवा बिक्री आदिबाट नगद आम्दानी भएको पाइयो ।
- वन उपभोक्ता समूह गठन पश्चात चेतना वृद्धि हुँदा स्थानीय महिलाहरू सक्रिय भएर आमा समुहको माध्यमबाट गाउँमा देखिएका विकृति रोक्ने काम भएको पाइयो ।
- वन व्यवस्थापन कार्य थालनी पछि समूहको कोष मुख्यतया वन विकास, गरिबी न्यूनिकरण, सामाजिक विकास, संस्थागत विकास र प्रशासनीक खर्च जस्ता आधारभूत आवश्यकताका क्षेत्रमा परिचालन गर्नुपर्ने धारणा विकास भएको पाइयो ।
- सामुदायिक वन क्षेत्र भित्रका वाल उद्यान, पिकनिक स्पोटले स्थानीय जनताहरूको आर्थिक विकासमा टेवा पुऱ्याएको पाइयो ।

## ५.३ निष्कर्ष

लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको तिनाउ गाउँपालिका वडा नं. ३ स्थितमा रहेको भूतखोला सामुदायिक वनको उपयोग र सामुदायिक वन व्यवस्थापन कार्यले परेको प्रभाव विषयको यो शोध अध्ययन अन्तर्गत अध्ययनका क्रममा उत्तरदाताहरूसँग गरिएको साक्षात्कार, अवलोकन, उत्तरदातासँगको अन्तर्वार्ता, भूतखोला सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, डिभिजन वन कार्यालय र अध्ययनको सिलसिलामा प्राप्त लेख, रचना र विवरणहरूबाट प्राप्त प्राथमिक र द्वितिय तथ्याङ्कहरूको संकलन, वर्गीकरण र विश्लेषण गरी यस सोध अध्ययनबाट निष्कर्षहरू निकालिएको छ ।

मानव प्राणीले आफ्नो आधारभूत आवश्यकता पुरा गर्नका लागी वनमा आश्रित रहनु परेको छ । यसैगरि यस अध्ययन क्षेत्र भूतखोला सामुदायिक वन व्यवस्थापन कार्यबाट स्थानीय उपभोक्तामा महिलामा परेका सामाजिक प्रभावमा यसका उपभोक्ताहरूबीच वन व्यवस्थापन गर्नु पर्दछ भन्ने भावनामा अभिवृद्धि भएको पाइयो । जसले गर्दा सामुदायिक गतिविधिमा

वृद्धि भएको छ भने वन व्यवस्थापनमा स्थानीय महिला, आदिवासी र दलित वर्गको सहभागिताले पुर्वाग्रहपूर्ण सोच नभएको पाइयो ।

यस सामुदायिक वन व्यवस्थापन कार्यअन्तर्गत सामाजिक अवस्थामा परेको प्रभावहरू उल्लेख गर्नुपर्दा उपभोक्ताहरूको चेतनामा अभिवृद्धि भई वन व्यवस्थापन गर्नु पर्दछ भन्ने कुरामा आकर्षण थपिएको पाइन्छ । जसले गर्दा सामुदायिक क्रियाकलापमा वृद्धि भएको छ । वन व्यवस्थापनमा स्थानीय समुदायको सहभागिताले नेतृत्व क्षमता विकास भएको पाइयो । वन व्यवस्थापनमा सामुदायिक वनको कोष परिचालनमा गरिएको व्यवस्थाले समाजका सबै वर्ग र समुदाय समान रूपले विकास गर्न पाउने अवसर उपलब्ध गराएको देखिन्छ भने यस विषयमा सबैको समान चासो रहेको पाइन्छ । वन व्यवस्थापन कार्यमा उपभोक्ताहरू प्रत्यक्ष वन संरक्षण र विकास कार्यमा सहभागी हुँदा थप अधिकार र जिम्मेवारी बढेकोले यस सामाजिक सम्पत्तिको संरक्षण, व्यवस्थापन र निरन्तरतामा दिगोपना आउने देखिन्छ ।

## ५.४ सुझाव

यस सामुदायिक वन संचालनमा समानुपातिक विचारधाराले गर्दा यस क्षेत्रमा रहेका प्रत्येक उपभोक्ताहरूमा सकरात्मक क्रियासिलता देखियो । वन भित्र विकास भएका सिमसार क्षेत्र, बनभोज स्थल मार्फत आन्तरिक पर्यटन भित्र्याउने काम भएको पाइयो । यस सामुदायिक वन रहेको तिनाउ गाउँपालिका वडा नं. ३ का उपभोक्ताहरूमा प्राकृतिक प्रकोप जस्तै आगलागी भएमा समितिको सिफारिसमा निःशुल्क काठ उपलब्ध गराउने र दाहसंस्कार प्रयोजनका लागि न्यून दरमा दाउरा उपलब्ध गराउने कार्य अति नै प्रशंसानीय पाइयो । यसै गरी वन व्यवस्थापन हुँदै जाने हो भने निकट भविष्यमा नै यस भूतखोला सामुदायिक वनलाई निम्नानुसारका सुझावहरू राष्ट्र कै नमुना सामुदायिक वन बनाउनका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

- ग्रामिण समुदायको क्षमता विकासको लागि थप तालिम, अध्ययन भ्रमण जस्ता क्षमता विकास कार्यक्रमहरूलाई बढावा दिनुपर्ने,
- समुहको कोषमा अत्यन्त न्युन रकम रहेकोले स्थानीय तह र सरकारी स्तरबाट थप अनुदान सहयोगको व्यवस्था गर्नुपर्ने,

- गरिबी न्यूनिकरण, पर्यापर्यटन प्रवर्द्धन, घुम्तिकोष संचालन लगायतका कार्यहरूको लागि उपसमिति गठन र विनियमहरू तयार गरी थप संस्थागत सुधार गर्नु पर्ने,
- कार्यालय व्यवस्थापनलाई अझ व्यवस्थित बनाइनुपर्ने,
- वन हेरालु लगायत रोजगारी सिर्जना गर्दा विपन्न समूदायलाई प्राथमिकतामा राखी अवसर प्रदान गर्नुपर्ने,
- समूहको विधान र कार्ययोजना, वन ऐन, २०४९ र वन नियमावली, २०५१ बमोजिम निर्माण भएको पाइएकोले हाल वन ऐन, २०७६ प्रदेश वन ऐन, २०७८ वन नियमावली, २०७९  र प्रदेश वन नियमावली, २०७९ को अधिनमा रहि कानुन बमोजिम परिमार्जन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

# सन्दर्भ सामग्री


कानुन किताब व्यवस्था समिति (२०४९), *वन ऐन (संशोधन सहित)* २०४९, काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

कानुन किताब व्यवस्था समिति (२०५१), *वन निमावली संशोधन सहित (२०४९),* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

कार्यस्थ, भूमिश्वर (फरेष्ट एक्सन, २०६०), *नेपालमा साझा स्रोत व्यवस्थापनमा न्यायोचितताको सवाल,* ललितपुर : केस अध्ययनहरूको संगालो, एकान्तकुना ।

चापागाई, अप्सरा (२०७३), नेपालमा सामुदायिक वन सुशासनको बहुआयामिकता, *हाम्रो वन सम्पदा* वर्ष १३ अंक १ जेष्ठ २०७३ काठमाडौं ।

चौधरी, सुशिला (२००४), *सामुदायिक वन विकासमा महिला सहभागिता एक समाजशास्त्रीय अध्ययन,* रूपन्देही : अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. राममणि बहुमुखी क्याम्पस ।

जिल्ला वन कार्यालय (२०७६), *जिल्ला वन क्षेत्र कपिलवस्तु दर्पण,* अंक १, वर्ष १, कपिलवस्तुः  जिल्ला वन कार्यालय ।

जिल्ला प्रोफाईल, डिभिजन वन कार्यालय पाल्पा, २०७६ ।

जिल्ला वन कार्यालय (२०७६), *जिल्ला वन कार्यालयः* वार्षिक प्रतिवेदन २०७६ ।

डिभिजन वन कार्यालय तानसेन पाल्पा प्रतिवेदन, २०७६ ।

डिभिजन वन कार्यालय (०७०।०७१-०७४।०७५), *पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना,* पाल्पाः डिभिजन वन कार्यालय ।

डिभिजन वन कार्यालय पाल्पाबाट विभिन्न समयमा प्रकाशित अनुगमन प्रतिवेदनहरू ।

तिवारी, शंकर (२०४६), *पर्वतिय दिगो वन विकासमा महिला वर्गको भूमिकाः* एक मानवशास्त्रीय विश्लेषण, प्रकृति, काठमाडौं : *चौमासिक बुलेटिन,* अंक ६ ।

तिवारी, शंकर (२०१०), *वन विकासमा महिला वर्गको भूमिकाः* एक मानवशास्त्रीय विश्लेषण, प्रकृति, काठमाडौं : *चौमासिक बुलेटिन,*   अंक ६ ।

तिवारी, रामकृष्ण (२०१०), *विकास योजनामा जनसहभागिताः एक अध्ययन,* काठमाडौंः त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, नेपाल ।

तिम्सिना, नीलम ढुङ्गाना (२०७७), सहभागितामूलक व्यवस्थापन, काठमाडौं : नेपाल राष्ट्र बैंक ।

थापा, भुपेन्द्र (२०७६), *दिगो विकास : लक्ष्य  प्राप्तिको मार्ग,* काठमाडौं : प्रशासन २० मंसिर २०७६, शुक्रबार ।

दाहल, रामकृष्ण (१९९४), *विकास योजनामा जनसहभागिता : एक अध्ययन,* काठमाडौंः त्रिभुवन विश्वविद्यालय, किर्तिपुर, नेपाल ।

नेपाल सरकार (१९९८/०९९), वन सम्बन्धी आर्थिक सर्वेक्षण, काठमाडौं : वन तथा भू-संरक्षण मन्त्रालय ।

नेपाल सरकार (२०४६), वन विकास कार्यक्रमको गुरुयोजना (२०४६) पञ्चवर्षिय आवधिक योजनाहरू, काठमाडौं : वन तथा वातावरण मन्त्रालय ।

निजी वन जंगल राष्ट्रियकरण ऐन, २०१३ ।

नेपाल सरकार (२०३३), *राष्ट्रिय वन योजना २०३३,* काठमाडौं : वन तथा वातावरण मन्त्रालय ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय (२०१९९१), *वन बुलेटिन,* काठमाडौंः नेपाल सरकार वन तथा वातावरण मन्त्रालय ।

नेपालको वनस्रोत प्रतिवेदन, २०१५ ।

नेपाल सरकार (२०५५), *वन सम्बन्धी नवौं योजना २०५५,* काठमाडौं : वन तथा वातावरण मन्त्रालय ।

नेपाल सरकार, (२०७१), *सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन,* तेस्रो संस्करण, काठमाडौं : वन विभाग, सामुदायिक वन महाशाखा ।

नेपाल सरकार (२०७३), *सामुदायिक वन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका २०७३,* काठमाडौं : नेपाल सरकार वन विभाग ।

नेपाल सरकार वन नीति (२०७१), काठमाडौंः नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय ।

नेपाल सरकार वन नीति (२०७१), काठमाडौंः नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय ।

पौडेल, जीवनमणि (२०७३), *सामुदायिक वन समूहमा महिला सहभागिताः सुशासन सुधारको महत्त्वपूर्ण पाटो,* काठमाडौं : हाम्रो वन सम्पदा वर्ष १३ अंक १ जेष्ठ २०७३ ।

पौडेल, हरि र भुसाल, नेत्रप्रसाद (२०७५), *वन क्षेत्रको विकेन्द्रकरणमा महिला सशक्तिकरण,* काठमाडौंः नीतिगत बहश शृङ्खला २२, असार २०६७ ।

बज्राचार्य, हरिशरण (१९८१), *वन क्षेत्रको विकेन्द्रकरणमा,* काठमाडौंः नीतिगत बहश ।

वन सर्वेक्षण अध्ययन प्रतिवेदन (२०१४), *नेपाल सरकार वन तथा वातावरण मन्त्रालय,* काठमाडौं : वन तथा वातावरण मन्त्रालय नेपाल ।

वन विभाग (२०७६), *सामूदायिक वन बुलेटिन,* वन विभाग, काठमाडौं ।

वन विभाग (२०६२), *कृषि बुलेटिन,* वन विभाग, काठमाडौं : वन विभाग ।

वन ऐन (२०७६), *वन र यसका प्रकार,* काठमाडौंः वन विभाग ।

वन विभाग (२०६५ र ६६), *हाम्रो वन ,* काठमाडौं : वन विभाग ।

वन विभाग (२०६६ र ६७), *सामूदायिक वन सम्पदा ,* काठमाडौं ।

वन विभाग, (०७४।०७५), *सामुदायिक वन बुलेटिन* अंक १८, नेपालका विविध वन व्यवस्थापन पद्धतीहरूको तथ्याङ्कीय मुलुक, काठमाडौं : वन विभाग ।

वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०१५), *नेपालको वनस्रोत प्रतिवेदन,* काठमाडौं :वन अनुसन्धान तथा सर्वेक्षण विभाग ।

वन विभाग (२०४९), *वन विभाग तथा वन ऐन, २०७६,* ववरमहल : वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग ।

वन तथा भू-संरक्षण मन्त्रालयको प्रतिवेदन, (२०५०) ।

विश्व खाद्य तथा कृषि संगठन, (१९८९) ।

भट्टराई, जैलवकुमार, अर्याल, तिलक र पौडेल, पार्वती (२०६३), *सामुदायिक वनमा सुशासन सुदृढीकरणका लागि सहयोगी पुस्तिका,* ललितपुरः फरेष्ट एक्सन नेपाल र आरआरएन ।

भूतखोला सामुदायिक वन उपभोक्ता समूह तिनाउ ३ पाल्पाको स्विकृत विधान ।

भूतखोला सामुदायिक वन उपभोक्ता समूह तिनाउ ३ पाल्पाको स्विकृत वन कार्ययोजना ।

लम्साल, प्रकाश (२०७५), "जलवायु परिवर्तनमा नेपालको राष्ट्रिय योगदान (NDC) तथा दिगो विकास लक्ष्यमा सामुदायिक वन विकास कार्यक्रम, *सामुदायिक वन बुलेटिन,* अंक १८ वन विभाग काठमाडौं ०७४/०७५ ।

शर्मा, अनुजराज; लम्साल, प्रकाश; ढकाल, सञ्जिव (२०७५), सामुदायिक वन विकास अवधारणाः विकासक्रम र कार्यान्वयन प्रक्रिया, *सामुदायिक वन बुलेटिन,* अंक १८-०७४।०७५, काठमाडौं : वन विभाग ।

श्रेष्ठ, तुल्सिनारायण (१९९६), *दि कन्सेप्ट अफ लोकल गभर्नमेन्ट एण्ड डिसेन्ट्रलाइजेसन,* काठमाडौँ : रत्न पुस्तक भण्डार,

Dahal D.R. (1994). A *review of forest user group case study from eastern Nepal.* Kathmandu: ICEMOD.

Department of Forest (1978). *Panchayat forest rule and Panchayat proetected forest rule*, 1978. NePal: HMG Press.

Department of Forest (1990). *Master plan for the forestry sector, NePal.* Revised Sector Policy Nepal: HMG Press.

Department of Forest (1992). *Operational guidelines of the community forest programme*, Nepal: HMG Press.

Department of Forest (1993). *Forest Act*, 1993 Nepal: HMG Press.

Jackson, S. (1987). "Feminist Sociology and Sociological Feminism: Recovering the Social in Feminist Thought". *Sociological Research Online,* vol. 4, no. 3, http://www.socresonline.org.uk/4/3/jackson.html

Jackson, K.R. and Hurt, D.R. (1980). *Can rural livelihood be improve in Nepal through community forestry? Banko Janakari 14 (1),* DFRS, Kathmandu, Nepal.

MFSC (2002). *Nepal Biodiversity Strategy.*

Molnar, K. (1981). *Master plan for the forestry sector NePal: Main Report* Kathmandu: Master plan for forestry Sector project.

Negi, B.S. (1990). *Frequency distribution of total suspended matter and trace elements in air.* Indian J. envir.

www.npc.gov.np

## प्रश्नावली

प्रश्नावली विधिअन्तर्गत अन्तर्वार्ता दिने व्यक्तिहरूलाई निम्नानुसारका प्रश्नहरू सोधिएको छ । कृपया तल सोधिएका प्रश्नहरूको सत्य तथ्य जवाफ दिई सहयोग गर्नु हुन अनुरोध गरिनेछ ।

१. उत्तरदाताको व्यक्तिगत विवरण

क) नाम :- ख) उमेर :- ग) शिक्षाः-

घ) घरमुलीको नामः- ङ) ठेगानाः- च) पेशाः-

छ) जातः- ज) धर्मः-

झ) पारिवारिक संरचनाः-

२) तपाईको परिवारका सदस्यहरूको विवरण बताइ दिनुहोस् ।

| क.सं. | नामथर | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

३. तपाईसँग जग्गा जमिन कति छ ? विघामा

क) खेत ............... रोपनी ख) निजी वन .................... रोपनी

ग) पाखोबारी ............ रोपनी घ) खरबारी .................. विघा

४. आफ्नो जग्गामा कुनकुन बाली लगाउनुहुन्छ ?

धान ........ गहुँ ......... मकै ........कोदो ....... मसुरो ......अरहर .....जौ

५. तपाइले पालेका पशुको किसिम र संख्या बताई दिनुहोस् ।

| क.सं. | पशुको किसिम | संख्या |
|---|---|---|

६. तपाइको जमिनबाट उत्पादन भएको अन्नले कति महिनासम्म खान पुग्छ ? अपुग भए के गर्नुहुन्छ ?

क) तिन महिना ख) छ महिना ग) नौ महिना घ) सालभरी

७. तपाइले इन्धनको रूपमा के प्रयोग गर्नुहुन्छ ?

क) दाउरा ख) एल. पी ग्यास ग) गोबर ग्यास

घ) मट्टितेल ङ) गुईठा च) बिद्युत

८. तपाइको पशुका लागि घाँस स्याउला सोत्तरका स्रोतहरू के के हुन् ?

क) वामरी घाँस ख) सिरु खर ग) साजका पात ग) बकेनोको पात

९. तपाई आफ्ना पशुहरूलाई कसरी पाल्नुहुन्छ ?

क) बाँधेर ख) चराएर

१०. यदि चराउने चलन छ भने कहाँ चराउनुहुन्छ ?

क) आफ्नै खेतबारीमा ख) खोला खोल्सामा ग) अन्य ठाउँमा

११. एक महिनामा कति घाँस स्याउला प्रयोग गर्नुहुन्छ ?

क) २० देखि ३० भारी ख) ३१ देखि ५० भारी

ग) ५१ देखि ६० भारी घ) ६१ भारी भन्दा बढी

१२. तपाइको घर नजिक वन छ कि छैन छ भने कस्तो वन छ ?

क) सरकारी वन ख) सामुदायिक वन ग) निजी वन

घ) धार्मिक वन ङ) अन्य वन

१३. तपाइले वनबाट कुन कुन वस्तु प्रयोग गर्नुहुन्छ ?

क) घाँसपात ख) काठ, दाउरा ग) जडीबुटी घ) कन्दमुल

१४. तपाइले कति काठहरू प्रयोग गर्नुभएको छ ?

क) १देखि ५ क्युफिट ख) ५ देखि १० क्यूफिट

ग) ११देखि २० क्युफिट घ) २० भन्दा माथि क्युफिट

१५. तपाइले प्रयोग गर्ने जडीबुटी बारे बताइदिनुहोस् ।

क) हरी ख)बरी ग) अमला घ)सुनकौली

१६. वन व्यवस्थापन कार्य थालनी हुनु अघि वन विनाशका कारणहरू के के हुन् ?

क) आगलागी ख) वनजंगल फडानी ग) जनसंख्या वृद्धि

घ) जंगली जनावारहरूको सिकार ङ) डढेलो

१७. सामुदायिक वनबाट उपलब्ध घाँस, दाउरा, काठ, सोत्तर आदिले वर्षभरि पुग्छ कि पुग्दैन नपुग भए के गर्नुहुन्छ ?

क) पुग्छ ख) पुग्दैन

१८. सामुदायिक वनको लिखित विधान र कार्ययोजना कतिको पालना भएको छ ? नियम विपरित काम गर्नेलाई कस्तो सजाय हुन्छ ?

क) पालना भएको छ ख) पालना भएको छैन ग) खासै थाहा छैन

१९. सामुदायिक वन उपभोक्त समितिमा कति जना सदस्य रहन्छन् ? मासिक बैठक कहिले बस्छ र साधारण सभा वर्षमा कति पटक हुन्छ ?

क) ६ जना ख) १०जना ग) ११ जना

घ) १२ जना ङ) आवश्यकता अनुसार

२०. वन व्यवस्थापन कार्यबाट तपाइहरूमा कस्तो प्रभाव परेको छ ? कृपया खुलस्त पारिदिनुहोस् ,

क) आर्थिक प्रभाव ख) सामाजिक प्रभाव ग) वातावरणीय प्रभाव

२१. वन व्यवस्थापन कार्यका राम्रा पक्षहरू के के छन् ?

क) वनजंगल संरक्षण ख) जंगली वन्यजन्तुमा वृद्धि

ग) स्वच्छ वातावरण घ) माथीका सबै

२२. वन व्यवस्थापन कार्यका कमजोरी पक्षहरू के के हुन् ?

क) उचित रेखदेखको अभाव ख) जंगली वन्यजन्तुको चोरी शिकारीमा वृद्धि

ग) काठहरू चोरी पैठारीमा वृद्धि घ) रेखदेख गर्ने जनशक्तिको कमी

२३. तपाइले आफ्ना निजी जमिनमा वृक्षारोपण गर्नुभएको छ छैन ? यदि छैन भने किन ?

क) छ ख)छैन

२४. वन व्यवस्थापन कार्य थालनीले समाजका विपन्न तथा पिछडिएका वर्गहरूमा कस्तो असर परेको जस्तो लाग्छ ?

क) पिछडिएको वर्गलाई आर्थिक सहयोग गरेको

ख) खरका छाना भएका परिवारलाई कर्कत पाटा दिएको

ग)विद्यालयमा शिक्षादिक्षाको व्यवस्था गरेको

२५. वन व्यवस्थापन कार्यले रोजगारी उपलब्धतामा कस्तो असर परेको जस्तो लाग्छ ?

क) दिएको छ ख) दिएको छैन

२६. वन व्यवस्थापन कार्यले वन पैदावार संकलन र वितरणमा कस्तो असर परको जस्तो लाग्छ ?

क) समान तरिकाले वितरण गरेको ख) पहुँचवालाहरूले मात्र पाउने

ग) अनियमिता भएको घ) ठिकै

२७. वन व्यवस्थापन कार्य थालनी पहिले र अहिले वनको अवस्था कस्तो छ ?

क) वन क्षेत्र सबैको पहुचमा पुगेको ख) वनजंगल संरक्षण भएको

ग) दुर्लभ वन्यजन्तुको संख्यामा वृद्धि भएको

घ) खेतीवारीमा वन्यजन्तुहरू आई क्षति पुर्याउने गरेको

२८. वन व्यवस्थापन बारेमा केही सुझाव दिन चाहनुहुन्छ कि ?

.............................................................................................

## शोधपत्र तयार गर्दा स्थानीय समुदायमा गरिएको तथ्याङ्क संकलनका क्रममा लिइएका तस्विरहरू




















डिभिजन वन कार्यालय, पाल्पाको आर्थिक
तथा प्राविधिक सहयोगमा सौन्दर्यीकरण गरिएको
सिद्ध सरोवर (भूतखोला) झरना
व्यवस्थापक
श्री भूतखोला सा.व.उ.स.
तिनाउ गा.पा.-३, पाल्पा